मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

वैशाख - जेठ, ०५२, अंक १, पूर्णाङ्क १६

# प्राची

संचेतना द्वैमासिक



हामीले सोच्यौं देशका लागि,
हाम्रो लागि कसले सोच्ने?

रू. ५/-

**मानवका लागि मानवअधिकार,**
**मानवअधिकारका लागि उपयुक्त संस्कृति**




वर्ष ४, अंक १, बैशाख-जेठ, ०५२ / अप्रिल १९९५

# यस पटक


| | | | |
|---|---|---|---|
| सम्पादकीय | : | मानवअधिकारको दिशामा | ३ |
| राष्ट्रिय परिवेश | : | हामीले सोच्यौं देशका लागि हाम्रो... | ७ |
| आजको मुद्दा | : | भूटानी शरणार्थी समस्या .. | ५ |
| सतहमा देखिएको कुरा | : | दुःख त्यसै कारण मान्नु पर्दछ | १६ |
| | : | ऐन र कानून.... | |
| सीमानापारी | : | अन्तर्राष्ट्रिय फौजदारी अदालत... | २२ |
| धारणा | : | मानवअधिकार आयोग | २४ |
| प्रतिध्वनी | | | २ |
| कृपया क्षमा गर्नोस | : | भयानक गाईजात्रा | ३२ |

... र पृष्ठ ४ मा नरनाथ लुईंटेलको कविता तथा पृष्ठ १८ मा मधुकर सिंहको नाटक



**संस्थापक : सुशील-प्रकाश**

*सम्पादक* : कुन्दन अर्याल
*कला* : सुमन मानन्धर
*टाइप सेटिंग* : किरण माली/जगदीश दाहाल
*पत्राचार* : पत्र मञ्जुषा २७२६ काठमाडौं

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक) द्वारा प्रकाशित**
**मुद्रक : इन्द्रेणी अफसेट, बागबजार**







कलैयाको सभामा मैले गाई काट्नु पर्दछ भन्ने शब्दावली समेत प्रयोग गरेको छैन र गाई काट्नु पर्दछ भन्ने मेरो कहिल्यै मान्यता रहेको छैन।

*- श्रम तथा स्वास्थ्य मन्त्री पद्मरत्न तुलाधर*
*०५२ बैशाख १३ गतेको प्रेस वक्तव्य*

पद्मरत्नजीले गाई मार्नु पर्दछ, गाई खानु पर्दछ भन्ने कुरा कुनै हालतमा पनि भन्नु भएको होइन, वहाँले गाई काट्ने भनेकै होइन।

*- हृषिकेश शाह, अध्यक्ष नेपाल मानवअधिकार संगठन,*
*०५२ बैशाख १४ गते, रासस*

कुनै पनि सम्प्रदायका जनताको धार्मिक आस्था वा भावनामा चोट पुऱ्याइनु हुन्न भन्ने कुरामा हामी मानवअधिकारवादीहरू प्रष्ट छौं। तर कसैले "मैले यो कुरो बोलेकै छैन" भनेर पटक पटक स्पष्टिकरण दिंदा दिंदै पनि "यही कुरो बोलेकै हो" भनी जबरजस्ती एकोहोरो प्रचार गरिनु कुनियतपूर्ण र अन्यायपूर्ण काम हो।

*- वीरेन्द्रकेशरी पोखरेल, बद्रीप्रसाद खतिवडा, डा. मथुराप्रसाद श्रेष्ठ,*
*सुशील प्याकुरेल, गौरी प्रधान लगायत नौ जना मानवअधिकारवादीहरूको प्रेस वक्तव्य, ०५२ बैशाख १९ गते*

कुनै मन्त्रीबाट नियत राम्रो भए पनि कसैको धार्मिक भावनामा ठेस पुग्ने गरी केही बोलेको भए दुःख प्रकट गर्दछु र क्षमा याचना गर्दछु।

*- प्रधानमन्त्री मनमोहन अधिकारी*
*विश्व हिन्दू महासंघ, नेपाल राष्ट्रिय समितिको*
*प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा, ०५२ बैशाख २० गते*




सम्पादकज्यू,

प्राची मानवअधिकार पत्रिकाका रूपमा प्रकाशित भइरहेको छ। तर नेपालका अन्य पत्रिकाहरू भैं यस पत्रिकाका सामु पनि नियमितताको समस्या रहेको प्रतित हुन्छ। मानवअधिकार शिक्षा निरन्तर चलाइनु पर्ने प्रक्रिया हो। तर यसरी पत्रिका नै नियमित भएन भने तपाईंहरूको उद्देश्य कसरी सफल होला ?

पत्रिकामा साना-साना घटनाको जानकारी र समाचारहरू नछाप्नु भए पनि हुन्छ। त्यस्तो त अरू समाचार पत्रपत्रिकाहरूमा पनि पढ्न पाइन्छन्। तपाईंहरू गहन विश्लेषणहरू प्रस्तुत गर्नुस्। अहिलेलाई यत्ति नै।

तपाईंहरूको नियमित पाठक

*रामप्रसाद विंडारी*

हालः महेन्द्रपुल, पोखरा

प्राचीको गतांक वास्तवमा संग्रहणीय अंक रह्यो। सशक्त लेखक-पत्रकार शार्दूल भट्टराईको अग्रलेख दोहोऱ्याई, तेहेऱ्याई पढ्न मन लाग्ने खालको छ। हरिगोविन्द लुइँटेलको कविता, खगेन्द्र संग्रौलाको कथा र कृपया क्षमा गर्नोस्ले पत्रिकालाई अझ गहकिलो बनाएका छन्। एउटा गैर सरकारी संस्थाबाट प्रकाशित भएर पनि सबै तिरका कुराहरूलाई समेट्न सक्नु नै प्राचीको विशेषता हो। प्राची आफ्नो विशेषतामा कायम रही नियमित बन्दै जाओस्।

*चक्रप्रसाद मैनाली*

चन्द्रगढी, झापा

हालसम्म मानवअधिकारको क्षेत्रमा देखा परेको एक मात्र पत्रिका प्राचीको म नियमित पाठक हुँ। यसका सबैजसो लेख-रचनाहरू पठनीय छन्। शुरूवातदेखि हालसम्म प्राचीलाई फेरी एकचोटी नियाल्दा यसमा खट्किएका कुराहरू भनेको मानवअधिकारको आन्दोलनका अग्रज व्यक्तिहरूको अन्तर्वार्ता साह्रै कम पढ्न पाइनु नै हो। त्यसका साथै मानवअधिकार घोषणा पत्रका बारेमा विस्तृत व्याख्या सहितको रचनाहरू प्रकाशित भएमा मानवअधिकारका बारेमा थप ज्ञान प्राप्त हुने थियो।

*दीपिका मानन्धर*

ललितपुर नगरपालिका-१, कुपण्डोल

मानवअधिकारवादीहरू
मानवताका ठेकेदार हैनन्। र-
हुँदैनन् पनि।
यहाँ शास्त्र छ,
यहाँ वेद र उपनिषद पनि छ
यहाँ क्रान्ति पनि छ
रक्तपातपूर्ण इतिहास पनि छ
सबै ग्रन्थ साक्षी छन्
मानवशास्त्र लेख्ने "शास्त्री"
अर्थशास्त्रमा गैर आर्थिक छन्
शरणार्थी भएर बाँचेका छन्
सबै मानव
सबै यहुदी
धेरै हिटलर
विजयहरू
उत्सवहरू
ध्वजा र पताकाहरू
झण्डा, रथ अनि घोडाहरू
शंखहरू, कात्रो अनि चिहानहरू
युद्ध-युद्ध-युद्ध !!!
हाहाकार - विध्वंस
मानवअधिकारवादीहरू
मानवताका ठेकेदार हैनन् र-
हुँदैनन् पनि।

यहाँ मात्र मन्दिर छ
मूर्ति छैन, मूर्ति भए पनि, आस्था भए पनि
विश्वास छैन,
किन कि
यहाँ घण्टी छ र मिसाईल पनि
अनि मानवअधिकारवादीहरू पनि छन्।

रामायणमा राम र रावण छन्।
महाभारतमा कृष्ण र कंश छन्।
र यसै बाचमा
मानवअधिकारवादीहरूको दायित्व छ।

*अविनाश घिमिरे*

मेनुका चौक, चौतारा-८, सिन्धुपाल्चोक

# मानवअधिकारको दिशामा

विश्व समाज निकै अघि बढी सकेको छ। अबको विश्वमा प्रजातन्त्र र मानवअधिकारप्रति अनुदार राज्य दीर्घकालीन हुन नसक्ने कुरो देखिइसकेको छ। कथित विकास, शान्ति र स्थीरताको नाराले मात्र अप्रजातान्त्रिक राज्य व्यवस्था टिक्न नसक्ने कुरा प्रष्ट भई सकेको छ। पाँच वर्ष अघि पंचायतको पतन हुँदा पनि त्यो कुरो स्पष्ट देखिइसकेको थियो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) ले गएको मध्यावधि निर्वाचनका क्रममा जारी गरेको घोषणा पत्रमा मानवअधिकारका बारेमा उल्लेख गर्दै भनेको थियो -"नेपालको संविधान २०४७ को प्रस्तावनामा नै नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने प्रतिबद्धताको घोषणा गरिएको छ। २०४६ सालको जनआन्दोलनको एउटा निर्णायक र महत्वपूर्ण शक्ति भएको नाताले यो संवैधानिक प्रतिवद्धतालाई व्यवहारमा उतार्नु हाम्रो दायित्व हो।"

सो पार्टीले मानवअधिकारको क्षेत्रमा लागु गर्ने नीतिहरूलाई आठवटा वुंदाहरूमा उल्लेख गरेको थियो। उक्त पार्टीले आठौं वुंदामा स्पष्ट उल्लेख गरेको थियो। -"नेपालले हस्ताक्षर गरेका, संयुक्त राष्ट्रसंघद्वारा पारित विभिन्न संविदा एवं कानूनहरूका परिपालनामा सम्बन्धित क्षेत्रका गैरसरकारी संस्थाहरूको पनि सहयोग लिइनेछ।"

यतिखेर देशको शासनभार नेकपा (एमाले)को काँधमा आइपरेको पनि पाँच महिना पुगी सकेको छ। गएको पाँच महिनाको अवधि एमालेको उपरोक्त प्रतिवद्धताको परीक्षाको घडी समेत थियो।

वर्तमान सरकारको स्थापना भएकै दिन प्रधानमन्त्री मनमोहन अधिकरीले ०४६ सालको जनआन्दोलनको स्मरण गर्दै आन्दोलनमा व्यक्त जनमत, जनआकांक्षा र त्यसले गरेको दिशा निर्देशनको पालना गर्ने कुरा उल्लेख गर्नु भएको थियो। प्रजातन्त्रलाई सामाजिक तथा आर्थिक क्षेत्रमा रूपान्तर तथा विस्तार गरेर सुदृढ पार्ने कुरा व्यक्त गर्दै खुला शासन, कानूनी शासन र मानवअधिकारको सम्मान एवं संरक्षण गर्ने तर्फ सरकारले शुरूमै प्रतिवद्धता व्यक्त गऱ्यो। त्यसबाट एमालेले पहिले देखि नै व्यक्त गर्दै आएको वहुदलीय प्रजातन्त्र प्रतिको इमान्दारिता र विश्वासलाई प्रष्ट्यायो। गएको पाँच महिनामा कैयन विरोध सभा र जुलुसहरू भइसकेका छन्। तर सरकारले अहिलेसम्म कुनै पनि पार्टीलाई "आफ्नो शहीद" को सूचीमा नाम थप्ने मौका दिएको छैन।

पंचायतको पतन पश्चात प्रजातन्त्र र मानवअधिकारको दिशामा नयाँ युगको शुरूवात भयो। प्रजातन्त्र र मानवअधिकार सहितको नयाँ संविधानको निर्माण भयो। नेपाल अधिराज्यको संबिधान ०४७ मौलिक अधिकारका दृष्टिकोणले प्रगतिशील संविधान ठानिन्छ। तर संबिधानमा उल्लेखित अक्षरहरू व्यवहारमा उतारिनु पनि पर्दो रहेछ। त्यसो हुन सकेन भने संबिधानका प्रावधानहरू निर्जीव हुन पुग्ने रहेछन्।

मानवअधिकार नियम-कानून र संबिधानका धाराहरूद्वारा मात्र संरक्षित हुन सक्दैन। नियम-कानून र संबिधानका धाराहरू राष्ट्रको व्यवहारिक जीवनमा रूपान्तरित हुन सक्नु पर्दछ।

छयालीसको जनआन्दोलन पश्चात देशमा संबैधानिक रूपमा मौलिकहकको प्रत्याभूति भयो। तर प्रजातन्त्रको उदय पश्चात पनि निर्वाचित सरकारले जनआन्दोलनको मर्मको वेवास्ता गरेको कुरो भने जोडतोडले उठ्यो।

प्रजातन्त्रको स्थापना पश्चात दोश्रो निर्वाचित सरकार स्थापित भएको पनि उल्लेख्य अवधि भइसक्यो। गएको सरकारको कालमा राजनीतिक निराशा छाएको थियो। मध्यावधि निर्वाचनको घोषणाले जनतामा अझ बढी निराशा छाएको थियो। निर्वाचनमा खसेको मत प्रतिशत हेर्दा पनि त्यो कुरो प्रष्ट हुन्छ।

निर्वाचनको परिणामसंगै नयाँ पार्टीको उदय भयो। हिजोसम्म प्रतिपक्षमा रहेर औंला ठड्याउने पार्टी स्वयं सत्तामा पुग्यो। नेकपा (एमाले)ले प्रतिपक्षमा रहँदा सरकारले जनआन्दोलनको मर्म भूलेको प्रसंग वारम्वार उठाएको थियो। आज त्यही पार्टी सत्तामा पुगेको छ। र हिजोको सरकारको गल्ती कमजोरीको भारी पनि अब वर्तमान सरकारको काँधमा आएको छ। अब बिग्रिएको काम कुरो सुधार्नु पर्ने जिम्मेवारी यही सरकारको हुन पुगेको छ।

यद्यपि सरकारले संसद्मा विश्वासको मत पायो। तापनि यो सरकार अल्पमत कै सरकार हो। र सरकारका सीमितताहरू धेरै छन्। नेपालको राजनीतिक इतिहासमा पहिले यस्तो थिएन। तर अहिले सत्तारूढ दल प्रतिपक्षको सदाशयता विना टिक्नै नसक्ने स्थिति छ। सरकारले काम गर्दा गर्दै प्रतिपक्षले असहयोग गरी रह्यो भने चाहिं अन्तिम निर्णय जनताले दिने नै छन्। तर सरकारले भने पारदर्शी ढंगले आफूले गर्न खोजेको वा चाहेको काम जनता समक्ष प्रस्तुत गरी रहनु पर्दछ।

सरकार कमजोर छ कि छैन! यो कुरो धेरै चोटी दोहोऱ्याई रहनु आवश्यक पनि छैन। तर सरकारको इच्छाशक्ति चाहिं कति छ - जनताले अब यही कुरो हेर्न चाहेका छन्।

# गोली

- नरनाथ लुइँटेल -

विवेक हुन्न जसको त्यो पड्की दिन्छ खाली
निर्ममता जाहेर गर्छ मानवता ढाली
एकै खेपमा खत्तम पार्छ जीवनको नासो
गोली हाँस्छ सधैंभरी हिट्लरको हाँसो।

छुट्याउँदैन केटाकेटी अनि बूढाबूढी
तर हिंड्छ मानिसकै काँधमाथि चढी
ट्रंगरको संकेतमा ओकल्दिन्छ आगो
यो गोलीको बोलीसंग हा ! क्रुरता जाग्यो।

जंगेहरू जन्माउँछ जसले चिहान खनी
निरंकुसता मौलाउँछ जसको छाया मनि
बोली रोक्न सन्सनाउँदै किन चल्छ गोली
गोली खेल्छ सधैंभरी रगतमा होली।

हिंसा बोकी पसिदिन्छ कहिले गाउँ-कुना
चुँडी हिंड्छ अनाहकमा कलिला ती मुना
निर्दयीका खोकिलामा खेल्ने यसको जात
गोली जसले माथि पार्छ मूर्खहरूको हात।

हृदयहिन् पशु हुन्छ मानिसकै मन
जसले प्राप्त गरेको छ सत्ता अनि धन
सत्ता शक्ति टिकाउने बारूदको झोली
उस्कै हित निम्ति चल्छ बन्दुकको गोली।

स्वेच्छाचारी शासकको हात संधै चुम्छ
उस्कै चाकरीमा गोली ओरिपरी घुम्छ
प्रतीक हुन् यै गोलीका मुसोलिनी जार
लाखौं लाख मानिस जस्ले पारे लम्पसार।

आततायी गाउँछन् संधै यै गोलीको गीत
यस्कै प्रशंसामा कवि हाँस्छ खितखित
आतंकको इलाकामा कुकुर भुकेसरी
आनहकै भुक्छ गोली द्वाङ्ग ढुङ्ग गरी।

निशाना छ साह्रै सोझो तर आँखा हुन्न
कञ्चट र छाति बाहेक अन्त छुँदै छुन्न
हत्याराका हातमा परी धर्ती कमाउँछ
आलो रगतमा गोली सँधै रमाउँछ।

१ असोज ०५१
काठमाडौं।



# भूटानी शरणार्थी समस्या र समाधान

– सुशीलप्रकाश –

नेपाल-भूटान छैटौं मन्त्रीस्तरीय वार्ता विना कुनै निश्कर्ष हालै समाप्त भएको छ। विगत ३ वर्षभित्र ६ पटक वार्ता भयो। तर समस्याको समाधानको दिशामा प्रगति भने भएको छैन। पहिलो, दोश्रो र तेश्रो वार्ताहरूमा केही खास बुँदाहरूमा समझदारी भएको भन्ने उल्लेख गरिएता पनि शरणार्थी समस्या समाधानको दृष्टिकोणबाट हेर्ने हो भने ती बैठकहरूबाट उल्टो जटिलता थपिएको छ।

संसारका प्रायः जसो मुलुकमा शरणार्थीहरूको प्रवेश सीमा जोडिएका छिमेकी मुलुकहरूबाट हुने गर्छ । तर यहाँ भूटानी शरणार्थीको पहिलो आगमन भूमि भारत भएता पनि त्यसको बोझ भने नेपालले बोक्नु परेको विडम्बना छ। किन यी शरणार्थीहरू भारतमा नबसी नेपाल तर्फ लागे ? एउटा तर्क के राखिन्छ भने नेपालसित उनीहरूको साँस्कृतिक र भाषिक सम्बन्ध छ। तर भाषिक समानताले मात्र मानिसको ओइरो लाग्दैन, आफ्नो गाँस बासको व्यवस्था पनि उनीहरू चाहन्छन्। यदि भाषिक समानताकै तर्कलाई पनि आधार मान्ने हो भने भारतको उत्तर पूर्वी राज्यमा प्रशस्त नेपाली भाषी जनता छन्। मेघालय, त्रिपुरा, अरूणाचल र नागाल्याण्डसम्म पनि नेपाली भाषी छन्। बङ्गालको दार्जिलिङ जिल्ला नेपाली भाषीहरूकै बाहुल्यता रहेको जिल्ला हो भने सिक्किम त नेपाली भाषी बाहुल्य राज्य नै हो। फेरि ती स्थानका नेपाली भाषी र भूटानी नेपाली भाषीमा धेरै सामिप्यता पाइन्छ। जहाँसम्म नेपालमा रोजगारको स्थितिको सम्भावनाको प्रश्न छ त्यो सामान्य रूपमै पनि भारतमा बढी छ। त्यति मात्रै होइन दक्षिणी भूटानीहरूको बढी आवत जावत र शिक्षा आर्जन गर्ने प्रमुख स्थल पनि भारत नै हो। तर पनि किन यी भूटानीहरू माईधारमा अनिश्चित जीवन बाँच्न नेपाल भित्रिए?

श्रीलंकाबाट हजारौंको संख्यामा दक्षिणी भारत पसेका तामिलहरूलाई शरण दिने भारतले भूटानबाट भारत पसेका भूटानी शरणार्थीको किन न्यूनतम व्यवस्था गर्न चाहेन? बरू डुओर्स क्षेत्रतिर बसेका भूटानीहरूलाई ट्रकमा हालेर नेपाल भित्र्याइदियो। यी त्यस्ता सवालहरू हुन् जसको गहिराईमा पुग्नु आवश्यक छ। यसै वस्तुगत स्थितिको केन्द्रविन्दु वरिपरी नै समाधान खोजिनु पर्छ।

स्पष्ट रूपमा भन्ने हो भने भूटानीहरू शरणार्थी भएर बाहिर आउनु भूटानकै समस्या हो। ती शरणार्थीलाई स्वदेश अर्थात भूटान फर्काउनु भूटान सरकारको प्रथम दायित्व हो तर भूटानी राजा र सरकारले नेपालका शरणार्थी शिविरहरूमा रहेका भूटानीहरू सबैलाई भूटानी भनी स्वीकार नगरेको मात्रै होइन उल्टो शरणार्थीहरूको लागि शिविर खडा गरेर भारत र नेपालका नेपालीलाई शिविरमा राखी भूटान सरकारको बदनाम गर्न खोजेको आरोप समेत नेपाललाई लगाई राखेको छ।



*स्पष्ट रूपमा भन्ने हो भने भूटानीहरू शरणार्थी भएर बाहिर आउनु भूटानकै समस्या हो। ती शरणार्थीलाई स्वदेश अर्थात भूटान फर्काउनु भूटान सरकारको प्रथम दायित्व हो तर भूटानी राजा र सरकारले नेपालका शरणार्थी शिविरहरूमा रहेका भूटानीहरू सबैलाई भूटानी भनी स्वीकार नगरेको मात्रै होइन उल्टो शरणार्थीहरूको लागि शिविर खडा गरेर भारत र नेपालका नेपालीलाई शिविरमा राखी भूटान सरकारको बदनाम गर्न खोजेको आरोप भूटानले नेपाललाई लगाई राखेको छ।*

भूटानी पक्षले शरणार्थीको वर्गीकरण जस्तो अव्यावहारिक कुरोमा नेपाल सरकारको सहमति लिन सफल भएपछि अब त्यो वर्गीकरणमा दुबै सरकारको अडानमा एकरूपता हुनु आवश्यक छ भनेर अल्झाई राख्न सफल भएको छ। शरणार्थीको वर्गीकरणका निम्ति बनाइएका चार बुँदामध्ये कुनैमा पनि भूटान र नेपालको अडानमा समानता देखा पर्दैन र पर्न पनि सक्दैन।

नेपाल एउटा प्रजातान्त्रिक मुलुक भएको र उसले नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय अनुवन्धमा आफ्नो स्वीकृति दिएको आधारमा र मानवअधिकारप्रति उसको संवैधानिक र नैतिक दायित्वले पनि उसले भूटानी शरणार्थीलाई भूटानले आफ्नो नागरिकहरूलाई जुन व्यवहार गरी निकाल्यो त्यही व्यवहार गर्न सक्दैन र गर्नु हुँदैन। भूटान सरकारले नेपालको यस स्थितिलाई राम्ररी बुझेको छ। तर अर्कोतिर भूटानी सरकारको भने त्यो स्थिति छैन। जनताप्रति उत्तरदायी नभएको र मानवअधिकार र प्रजातन्त्रप्रति कुनै चासो नभएको सरकार भएकोले शरणार्थीप्रतिको दृष्टिकोणमै फरक पर्नु स्वाभाविक हो।

वार्तामा संलग्न सूत्रहरूले बताए अनुसार भूटान कुनै पनि आधारमा अन्तर्राष्ट्रिय मान्यताहरूलाई मान्न तयार छैन। त्यति मात्रै होइन शरणार्थी समस्याको समाधानका लागि कुनै पनि तेश्रो पक्षलाई समावेश गर्न समेत भूटान तयार छैन।

भूटानले शरणार्थी शिविरमा रहेका शरणार्थीहरूमध्ये सबै भूटानी नरहेको भनी

# आजको मुद्दा





बारम्बार बताउँदै आएको छ। त्यति मात्रै होइन उसको विचारमा शरणार्थी शिविरमा रहेका भूटानीहरूले स्वेच्छाले भूटान छोडेका हुन् र स्वेच्छाले छाड्नेहरूले स्वतः भूटानको नागरिकता गुमाउनु पर्छ। हजारौंको संख्यामा शरणार्थीहरूलाई राज्यविहीन अवस्थामा पुऱ्याउने षडयन्त्र भूटानी सरकारले गर्दै छ। जो कसैले भन्न सक्छ स्वेच्छाले मुलुक छोडेकाहरू शरणार्थी शिविरमा बस्दैनन्। उनीहरू अनिश्चित भविष्य लिएर आफ्नो जन्मभूमि र सम्पत्तिहरू छोडेर हिंड्दैनन्।

यसरी हजारौंको संख्यामा हुने राज्यविहीन व्यक्तिहरूको जिम्मा अर्को मुलुकको काँधमा हाली दिएर आफू मस्त निन्द्रामा बस्न रूचाउने शासकलाई आजको सभ्य र प्रजातान्त्रिक विश्वले कस्तो संज्ञा दिनु पर्ने हो, भनी राख्न परोइन।

भूटानी सरकार भूटानमा प्रजातन्त्रको बहालीको लागि भएको संघर्षलाई निर्मम दमन गर्ने मात्रै होइन प्रजातन्त्रको चाहनासम्म राख्ने व्यक्तिलाई देश निकाला गर्दैछ र उल्टो प्रजातन्त्र र मानवअधिकारको लागि लड्ने जनतालाई "अपराधी" भनी प्रचार गर्दै छ।

भूटानी शासकहरूको जनविरोधी क्रियाकलापमा भारत किन मौन छ? सार्क राष्ट्रमा सबैभन्दा स्थिर र ठूलो प्रजातन्त्र भनी दाबी गर्ने भारत आफूकहाँ आएका शरणार्थीप्रति किन सम्वेदनशील बन्न सकेन? उसको इसारामा समस्या समाधान तर्फ ठूलो प्रगति हुन्छ भनेर थाहा पाउँदा पाउँदै तेश्रो मुलुक नेपालले भूटानसित मात्र वार्ता गरेर समस्या सुल्झाओस् किन भन्दै छ? भूटानी शरणार्थीहरूको पारवहन मुलुक भएर पनि समस्याबाट भारतले हात किन झिक्दै छ ? यी यस्ता सवाल हुन् जसको उत्तर भारतीय प्रजातन्त्र प्रेमी र मानवअधिकारवादीले आफ्नै सरकारसित सोध्नु पर्छ।

प्रजातन्त्र र मानवअधिकारको प्रश्नलाई कुनै देशको सीमाभित्र बन्देज गरी आन्तरिक मामला भन्न समकालीन विश्व जनमतले दिंदैन। आन्तरिक प्रश्न भनेर जनदमनलाई निश्चय पनि आजको विश्वले स्वीकार्दैन र स्वीकार्नु हुँदैन। दक्षिण एशियाका अरू मुलुकका जनताको जस्तै प्रजातन्त्र र मानवअधिकार भूटानी जनताको पनि अधिकारको कुरो हो र सम्पूर्ण राष्ट्रले जनताको यस अधिकारको सम्मान गर्नै पर्छ।

# तस्वीरको भाषा



# हामीले सोच्यौं देशका लागि, हाम्रो लागि कसले सोच्ने?

- कुन्दन अर्याल -



"नेपालको प्रजातान्त्रिक आन्दोलनको उपलब्धिका रूपमा स्थापित सरकारद्वारा समाजमा शहीद र शहीद परिवारप्रति सम्मान दर्शाउने कुरोलाई हरेक काममा प्रतिविम्बित गरियोस् । शहीद तथा राजनीतिक पीडितहरूलाई प्रदान गरिएको राहतमा समेत अनियमितता देखिएको छ । सरकारले त्यस तर्फ पनि अविलम्ब ध्यान दिई, आवश्यक कदम तत्काल चालोस् ।"

देशका विविध भागबाट धनकुटामा भेला भएका करीब सत्तरी जना राजनीति पीडित महिलाहरूले एक स्वरले सरकारसंग यस्तो माग गरे। उनीहरूले अरू माग पनि गरे। उनीहरूले धनकुटा "घोषणा पत्र" नै जारी गरे। गएको वर्ष अन्त्यतिर पुगेको थियो, मौसमको तापमान बढ्ने क्रममा थियो। उनीहरूले सुन्दर पहाडी नगरको तापक्रमलाई अझ बढाउँदै जुलुसमा नारा लगाए - "वीर शहीदहरू अमर रहुन्, राजनीतिक परिवर्तनमा महिलाहरूद्वारा भएको योगदानको सम्मान गरियोस्"

आमसभामा उनीहरूले सरकारलाई बाटो देखाए- "शहीद परिवारहरूलाई उपेक्षा गर्ने प्रवृत्तिको त्याग गर्नु पर्छ। शहीदका नाममा श्रृजनात्मक कार्य हुनु पर्छ।"

कस्ता हुन्छन् राजनीति पीडित भनेका ? र कस्तो हुन्छ राजनीतिको पीडा ? उल्लेखित जानकारी सँगै यस्ता प्रश्नहरू स्वभाविक रूपमा उठ्दछन्। तर यस्ता प्रश्नहरूको सबभन्दा उपयुक्त उत्तर तिनैले दिन सक्छन्, जसले राजनीतिलाई पीडाका रूपमा पनि भोगेका छन्।

राजनीति उज्यालो भविष्यका लागि गरिन्छ। राजनीतिको उत्साहमा आशाले नै उर्जा थपिरहेको हुन्छ। नेपालीले दुई दुई पटक बहुदलीय व्यवस्थाका लागि संघर्ष गर्नु पर्‍यो। नेपाली जनताको मौलिक अधिकार वहालीको आन्दोलनमा धेरै पुरूषहरूले आफैंलाई उत्सर्ग गरे। कतिपय महिलाहरूले जीवन अर्पण गरे।

आजको समय त्यस्ता वीर-वीरङ्गनाहरूको त्याग र वलिदानले मूर्त रूप पाएको समय हो। तर राजनीतिक परिवर्तनको लडाइँमा शहीद हुन पुग्नेहरूका

## धनकुटा घोषणा पत्र

हामी राजनीति पीडित महिला र नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा शहादत प्राप्त गर्ने वा त्यही क्रममा प्रहरी प्रशासनद्वारा वेपत्ता पारिने राजनीतिक व्यक्तित्वका परिवारहरूले अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) द्वारा आयोजित दोश्रो उत्पीडित महिला मञ्च - तीन दिने राजनीति पीडित महिला भेलामा शहीदहरूको सम्मान र कदरका विषयमा व्यापक छलफल गर्‍यौं। २०५१ माघ १७ देखि १९ सम्म विभिन्न संस्थाहरू लगायत १६ जिल्लाका सत्तरी जना सहभागीहरू बीच यो भेलामा हामी विभिन्न विषयमा एकमतमा पुगेका छौं।

हामीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा गरेको काम वयान गरी रहनु पर्ने विषय होइन। अंग्रेज विरूद्ध भएको नालापानी युद्ध देखी नै नेपाली महिलाहरूले राष्ट्रियता र प्रजातन्त्रका निम्ति लडेको लडाई नेपाली राष्ट्रियता र प्रजातन्त्रका निम्ति भएका आन्दोलनहरूको अभिन्न अंग हुन्। देशका खातिर काख रित्तिदां र सिउँदो पुछिंदा पनि हामी जनताको संघर्षबाट कहिल्यै पछि हटेनौं। हामी संघर्षको मैदानमा ओर्लियौ, ओर्लिन नसक्दा हाम्रा परिवारका प्रमुख सदस्यहरूलाई घर झन्झटबाट फुर्सद पाउने वातावरणको श्रृजना गर्‍यौं। प्रजातन्त्रको वहाली भए पश्चात हामीले हाम्रा परिवारका सदस्यहरूको सपना साकार भएको ठान्यौं। तर हामीले सरकारसंग आफ्ना लागि कुनै माग गरेनौ। वरू आज पनि हामी हाम्रा घरका प्रमुख सदस्यले देखाउनु भएको मार्गमा प्रतिवद्ध छौ।

अव प्रजातन्त्रको विकास र रक्षा नै हाम्रो उद्देश्य बन्न पुगेको छ। तर त्यसका लागि राज्यका तर्फबाट




*देशको विभिन्न भागबाट भेला भएका महिलाहरू आ-आफ्नो समस्या बताउँदै*

पनि पलाउँछ।

कस्तो राजनीतिले कहिल्यै बाटो बिराउँदैन, कस्तो राजनीतिको अनुहारमा कहिल्यै दाह्रा पलाउँदैन। त्यो छुट्टै अध्ययनको विषय हो। यहाँ त्यस विषयमा चर्चा गर्न खोजिएको होइन। यहाँ त राजनीतिको त्यस्तै दोश्रो पाटाका पीडित मानिसहरूउपर प्रकाश पार्न खोजिएको हो।

गएको वर्ष माघ १७ देखि १९ गतेसम्म धनकुटामा राजनीति गर्ने पति, छोराका कारण विभिन्न पीडा भोग्ने वा स्वयं राजनीतिमा संलग्न भएर पीडाहरूको अनुभव संगाल्ने महिलाहरूको जमघट भयो। आयोजक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले उक्त जमघटको नाम "राजनीति पीडित महिला भेला" राखेको थियो। त्यो भेला इन्सेकको दोश्रो उत्पीडित महिला मञ्च थियो। अर्थात त्यो भेला देशको प्राथमिकता सूचिमा नपरेका, तर सबै आश्रितहरूमाथि हामीले उचित ध्यान पुऱ्याउन सकेका छौं त? के उनीहरूले आज पनि यथोचित न्याय पाउन सकेका छन् त?

यस्ता प्रश्नहरू भने आज उठाइनै पर्ने प्रश्नहरू हुन् ? राज्य यन्त्र सम्हाल्नु अघि राजनेताहरू एउटा धरातलमा हुन्छन्। राज्य संचालनको बागडोर सम्हाल्न थाले पछिको धरातल उही रहँदैन। प्राथमिकताका सूचिहरू नफेरिन पनि सक्छन्, तर व्यवहारिकता र अन्य अप्ठ्याराहरूको कुरा उठ्न थाल्छन्।

यदि त्यस्तो नहुँदो हो त तीसको दशकको संघारमा झापामा मारिएकाहरूप्रति एमाले सरकारसंग न्यायको माग गर्नु पर्ने स्थिति आउने थिएन। धनकुटा घोषणा पत्र जारी गर्दै शहीद पत्नीहरू समेतले यस्तो भन्नु पर्ने थिएन "विगतमा भएको अनवरत संघर्षमा कैयन्, नेपालीले राज्यद्वारा विभिन्न तरिकाले मारिनु परेको छ। राजनीतिक प्रतिवद्धता लिएर अघि बढ्ने क्रममा विगत कालमा कैयौं राजनीतिक व्यक्तित्वहरूलाई गोली ठोकेर वा यातना दिएर मारिएको छ। ती सबै व्यक्तिहरूलाई सरकारले शहीद घोषणा गर्दै राजकीय सम्मान प्रदान गरोस् भन्ने हाम्रो माग छ। सरकारले शहीदका बारेमा स्पष्ट परिभाषा जनसमक्ष प्रस्तुत गर्नु आवश्यक छ।"

सबै राजनीतिको प्रस्थान विन्दू बहुसंख्यक मानिसको सुख-समृद्धि नै हुन्छ। हेपिएका-थिचिएका मानिसको मुक्ति नै हुन्छ। तर राजनीति बीचमा अल्झिन्छ पनि, चुचुरोमा पुगेपछि कतिपय राजनीतिको अनुहारमा दाह्रा

तत्काल केही कदमहरू उठाइनै पर्ने निष्कर्ष हामीले निकालेका छौं। शहीदहरूको सम्मान प्रजातान्त्रिक आन्दोलनको सम्मान हो र त्यस आन्दोलनको सम्मान विना प्रजातन्त्रको भविष्य उज्यालो हुन सक्दैन। तसर्थः ठूलो वलिदान पश्चात प्राप्त प्रजातान्त्रिक वातावरणको रक्षा र विकासका लागि संकल्पित रहँदै हामी वर्तमान सरकार समक्ष निम्न कुराहरूमा ध्यानाकर्षण गराउन यो "धनकुटा घोषणापत्र" जारी गर्दछौं -

- देशमा प्रजातन्त्र र मानवअधिकार वहालीका निम्ति कैयौं वीर वीरङ्गनाहरूले जीवनको आहूति गरेका छन्। ती तमाम शहीदका परिवारहरूको तत्काल खोजवीन गरिनु आवश्यक छ। उनीहरूको अवस्था र समस्याका बारेमा सरकारले युद्धस्तरमा कार्यको थालनी गरोस भनी हामी जोडदार माग गर्दछौं।
- पंचायत कालमा इतर राजनीतिक व्यक्तित्वहरूलाई जेलबाट भाग्न खोजेको, प्रहरी सुरक्षाबाट फरार हुन खोजेको आदि अनेक वहानामा हत्या गरिएको थियो। आज पनि राज्यसंग सुरक्षित रहेका सरकारी लिखतहरू त्यस्ता झूठहरूले भरिएका छन्। सम्मान्य शहीदहरू प्रति लगाइएको दोषारोपण प्रजातान्त्रिक आन्दोलन माथिको कलंक हो। सरकारले तत्काल त्यस्ता अभियोगहरू फिर्ता लिएर अमर शहीदहरू प्रति सम्मान दर्शाओस।
- नेपालको प्रजातान्त्रिक आन्दोलनको उपलब्धीका रूपमा स्थापित सरकारद्वारा समाजमा शहीद र शहीद परिवारप्रति सम्मान दर्शाउने कुरोलाई हरेक कामभा प्रतिविम्वित गरियोस। शहीद तथा राजनीतिक पीडितहरूलाई प्रदान गरिएको राहतमा समेत अनियमितता देखिएको छ। सरकारले त्यस तर्फ पनि अविलम्व ध्यान दिई, आवश्यक कदम तत्काल चलोस।
- विगतमा कतिपय राजनीतिक व्यक्तित्वहरूलाई प्रहरी प्रशासनद्वारा वेपत्ता पारिएको कुरोले सारा देशवासीलाई आहत तुल्याएको छ। त्यसरी वेपत्ता पारिएका राजनीतिक व्यक्तित्वका परिवारहरू झन सधै मर्माहत भएर बाँच्न वाध्य छन्। वेपत्ता पारिएका व्यक्तिहरूको हत्या भइसकेको छ वा वहाँहरूलाई कतै राखिएका छन् ? यदि वहाँहरूको हत्या भई सकेका छ भने वहाँहरूलाई शहीद घोषित नगरिनु प्रजातान्त्रिक आन्दोलनको अपमान हो। तसर्थः त्यसरी वेपत्ता पारिएका राजनीतिक व्यक्तित्वहरूका बारेमा तत्कालै जनसमक्ष प्रष्ट जानकारी उपलब्ध गराइयोस।
- पंचायतकालमा इतर राजनीति गर्नेहरूलाई दमन गर्ने क्रममा यस धनकुटा जिल्लाको छिन्ताङ्गमा एक साता भित्र १६ जना राजनीतिक कार्यकर्ताहरूको हत्या गरिएको थियो। देशको प्रजातान्त्रिक आन्दोलनमा छिन्ताङ्ग - संघर्षको ठूलो महत्व रहेको कुरो कतैबाट छिपेको छैन। तसर्थः आजको प्रजातान्त्रिक वातावरणमा त्यस संघर्षलाई भूल्नु हुँदैन। हामी ०३६ साल कार्तिकको छिन्ताङ्ग हत्याकाण्डको छानवीन गरी दोपीहरूमाथि कार्वाही गरियोस भन्ने माग गर्दछौं।
- आज कतिपय शहीद र वेपत्ता पारिएका राजनीतिक व्यक्तित्वका परिवारहरू विचल्लीको स्थितिमा बाँच्न वाध्य छन्। तसर्थः शहीद र वेपत्ता पारिएका राजनीतिक व्यक्तित्वका परिवारहरूलाई उनीहरूको योग्यता र क्षमता अनुसार रोजगारीका अवसरहरूमा प्राथमिकता प्रदान गरियोस्।
- विगतमा भएको अनवरत संघर्षमा कैयन् नेपालीले राज्यद्वारा विभिन्न तरिकाले मारिनु परेको छ। राजनीतिक प्रतिवद्धता लिएर अघि बढ्ने क्रममा विगत कालमा कैयौं राजनीतिक व्यक्तित्वहरूलाई गोली ठोकेर वा यातना दिएर मारिएको छ। ती सवै व्यक्तिहरूलाई सरकारले शहीद घोषणा गर्दै राजकिय सम्मान प्रदान गरोस भन्ने हाम्रो माग छ। सरकारले शहीदका बारेमा स्पष्ट परिभाषा जनसमक्ष प्रस्तुत गर्नु आवश्यक छ।

महिलाहरूका गंभीर सवाललाई उजागर गर्ने श्रृंखलावद्ध अभियानको दोश्रो कडी थियो। उत्पीडित महिला मञ्चको सोच इन्सेकका संस्थापक प्रकाश काफ्लेकै समयमा भएको थियो। त्यसको शुरूवात ०४९ मा नेपालगञ्जबाट भएको थियो। नेपालगञ्ज कार्यक्रममा सामाजिक समस्याहरूलाई उठाइएको थियो।

धनकुटाको दोश्रो उत्पीडित महिला मञ्च चाहिं राजनीतिको दोश्रो पक्षबाट पीडित महिलाहरूको समस्यामै केन्दित रह्यो। राजनीतिलाई नजिकबाट देखेका, अनुभव गरेका महिलाहरूले खुलस्त बताए - "राजनीतिमा खोतलखातल नगरी नदेखिने कुराहरू धेरै हुँदा रहेछन्।"

देवकी सदा एघार सालमा सिराहाको किसान आन्दोलनमा मारिने बहादुर सदाकी बुहारी हुन्। तर आज बहादुर सदाका परिवारको स्थिति कस्तो छ भन्ने कुरा हाम्रा राजनेताहरूलाई थाहा छैन। उनी चाहिं पञ्चायतको काल रात्रिको स्मरण गर्दै भन्छिन् "तिमीहरूका बाबुलाई मार्न सक्यौं भने तिमीहरू पनि बाँकी रहँदैनौ जस्ता धम्कीहरू बारवार दिइन्थ्यो। अहिले त्यस्तो त छैन। तर हामी जस्ताका लागि सोचिनु पर्ने हो।"

"राजनीति पीडित परिवारलाई निःशुल्क शिक्षा र स्वास्थको व्यवस्था हुनु पर्छ र आर्थिक राहत हुनु पर्छ" देवकी सदाले आफैं माग गर्नु परिरहेको छ। आयोजक इन्सेकका अध्यक्ष सुशील प्याकुरेलको त्यही कार्यक्रममा यस्तो अभिव्यक्ति थियो "अब सरकारले केही गर्छ कि भनेर तपाईंहरूले सरकारको ढोका ढक्ढक्याउने हैन सरकारले नै तपाईंहरूको घर दैलोमा आएर ढक्ढक्याउनु पर्छ। तपाईं कहाँ हुनु हुन्छ ? कसरी बाँच्नु भएको छ ? सोध खोज गर्ने, सम्मान र संरक्षण गर्ने परम्पराको थालनी गर्नु पर्छ।"

तर त्यस्तो नयाँ परम्पराको शुरूवात होला कि भन्ने आशा मात्र गर्न सकिन्छ। नेपाली कांग्रेसले कुनै बेला सशस्त्र संघर्षको घोषणा गरेको थियो। केशव कोइराला त्यसमा सक्रिय रूपले सहभागी भएका थिए। त्यही क्रममा ०३१ साल साउन ३० गते मटिहानीमा उनको हत्या भयो। उनको हत्याको स्मरण गर्दै उनकी पत्नी गुणकुमारी भन्दछिन् "वहाँको हत्या हुँदा म ओखलढुङ्गामै थिएँ। अन्य परिवारहरू जम्मा भएर दाहसंस्कार गरे। त्यसपछि ओखलढुङ्गामा दमन शुरू भयो।

# नेपाली राजनीतिमा महिला

- मंगलादेवी सिंह -

खम्बा जस्तोमा पाता फर्काएर बाँधी गोली हानेर मारिएका ती शहीदहरूलाई जो कसैले देख्दा पनि रगत उम्लेर आउनु स्वभाविकै थियो। राती मारेको लाश विहानी पख पनि त्यस्तै अवस्थामा थियो। गंगालाल दाईको लामो घुँगुरिएको कपाल थियो, टाउको निहुरिएको र लामो कपालले चेहराको माथिल्लो भाग छोपिएको थियो। विहानै विष्णुमतिमा जाने २/४ जना मानिसहरू मात्र त्यहाँ पुगेका थिए। शहीदहरूको छातीमा कागजमा लेखेर टाँसिएको थियो "गाथ गद्दी ताक्ने राजद्रोहीलाई यस्तै सजाय हुन्छ।"

त्यो दृश्य देखेपछि पुष्पलाल र मैले हात समातेर त्यहीं प्रण गर्‍यौं, "तपाईं हामी मिलेर यो राणाशाहीलाई बदला लिएर मात्रै छोडौं।"

विष्णुमतिको पुलबाट उहाँहरूको शव देख्ने बित्तिकै मेरा खुट्टाहरू थर्थर काँप्न थालेका थिए। हामीले एक थोपा रगत रहेसम्म राणाशाही विरूद्ध लड्ने प्रण गर्‍यौं र शवहरूको प्रदक्षीणा गरेर अन्तिम श्रद्धाञ्जिलि र दर्शन गरेर फर्कियौं।"

❑ ❑ ❑

त्यसताका मेरो अवस्था र रूपरंग क्रान्तिले पालिएकी, क्रान्तिमा बाँच्न सफल भएकी पहेंली, श्रीमानबाट बिछोडिएकी, सन्तानहीन, गहना र सौभाग्यविहिन एक्ली नारीको अवस्थामा थियो। सासुको इच्छा थियो - म कसैसंग पनि नबोलुँ, कतै नजाउँ, सासुको सेवा गरूँ, स्वस्थानीको किताब पढुँ, बत्ती कातुँ, खाना पकाउँ बसुँ। सासु यति संकीर्ण स्वभावको हुनुहुन्थ्यो कि कुनै परपुरूषसंग राजनीतिक कुरा गरेको देख्नासाथ उहाँमा कुधारणा आइहाल्थ्यो र उहाँ त्यो परपुरूषलाई मेरै नाठो पो हो कि भन्ने शंकाले हेर्नुहुन्थ्यो। यस्ता धेरै पटकका प्रसंगहरूपछि सासुको संकीर्ण धारणा र कुत्सित शंकालाई मैले ठम्याएँ। एकदिन यस्तै विवादमा मैले स्पष्ट शब्दमा सासुलाई जवाफ दिएँ - "मेरो त श्रीमान हुनुहुन्छ। राणाले मार्न चाहेर पनि मार्न नसकेको बीर। जेलबाट निस्केका दिन यो जगतले नै झुकेर अभिवादन गर्नेछ। म तपाईं जस्तो राँडी होइन। त्यसैले मेरो चरित्र र उद्देश्य माथि तपाईं जस्तो बुद्धिहीन मानिसले नाजायज शंका गर्ने अधिकार छैन, बुझ्नुभो ?"

क्रान्तिकै दौरानमा एकदिनपछि खिंलः (भेडासिंग) मा उत्तमलाल श्रेष्ठका पिता माधवलाल श्रेष्ठको घरमा सप्ताह (पुराण) लगाइएको थियो। साङ्केको दिनको भोजनमा मलाई पनि बोलाइएको थियो। स्वास्नी मानिसहरू लुकेर बस्नु पर्ने, लोग्ने मानिसहरूसंग बोल्न नपाइने त्यो बेलामा म भने लोग्ने मानिसहरू बसेका ठाउँमै गएर उनीहरूसंग राजनीतिक बहस गर्न थालें। मलाई देखेर राणाका १/२ जना भाटहरूले नेपाली कांग्रेसलाई गिल्ला गरेर भन्न थाले, "कांग्रेसले राणालाई फाल्ने रे। अनि कांग्रेसले नै शासन गर्ने रे। कांग्रेस त घाँसको मुठा बाँधेको डोरी जस्तो फितलो शक्ति हो। एउटा खिया लागेको चक्कुले छोइदिनासाथ खत्तम्"। मेरो त परिवार, सम्पत्ति, मेरो आर्जन सबै पार्टी ( नेपाली कांग्रेस) नै हो, त्यसैले यो मान्छेको जिब्रो समातेर मैले जवाफ दिनु पर्छ भन्ने अन्तरआत्माले मलाई अह्रायो। मैले भनें, "तपाईंको राणाशाही खिया लागेको संगीनको भरमा कति दिन टिकाउनु हुन्छ ? म पनि हेर्दै जाउँला। क्रान्तिले तपाईंहरूलाई कहाँ पुर्‍याउला, तपाईंहरूले पनि हेर्नु होला। हामी चारतारे झण्डा फर्फराएर छोड्छौं। त्यो बेला तपाईंहरूले निरीह प्रणी भएर यो सबै टुलुटुलु हेरिरहनु पर्ने छ। के फुटानी गर्नु हुन्छ ?" सप्ताहको भोजमा उपस्थित भएका मानिसहरू वाल्ल परे। मेरी सासुले यो सबै सुनिरहनु भएको थियो। उहाँले विरोध गर्दै भन्नुभयो - "बुहारी मानिसले लोग्ने मानिसहरूका बीच मुखमुखै लागेर बोल्न लाज लाग्दैन ?"

मैले भनें, "चाहिंदो कुरा बोल्न केको लाज ?"

मलाई त्यहाँ डर देखाएर "यस्ता कुरा नगर, अहिले पुलिस आएर तिंमीलाई घिसार्दै लैजाला।" भन्ने मानिसहरू पनि थिए।

मैले पनि ठाडो जवाफ दिएँ, "लगोस् न। मलाई लग्यो भने नलैजा भन्ने हिम्मत तपाईंहरूमा छैन क्यारे। मलाई लगेर उसको शासन टिक्छ भने लैजाओस्। लैजाला भनेर तपाईंहरू जस्तो थर्कमान भएर बस्ने म होइन, महिला भए पनि।"

म चाहन्थें सबै स्वास्नी मानिसहरूले आफूलाई परम्परागत दमनबाट मुक्त राख्नु पर्छ,

त्यसलाई पेवा पनि भन्ने चलन छ। यो अगाडि देखिकै कुरा हो। तर त्यो अरूबाट दिइएको हो, उनीहरूको आफ्नो कमाई होइन। साथै पैसा साधन हो जुन वस्तु साध्य बन्न सक्दैन। तर निरन्तर आउने श्रोत नभएपछि त्यो सीमित साधन अपर्याप्त हुन्छ र महिलाहरू आर्थिक साधनबाट बन्चित हुन्छन्।

यसरी महिलाहरू आर्थिक उत्पादनमा नलागेर घरका सम्पूर्ण जिम्मेवारीलाई वहन गर्छन्। तर उता पुरूषहरू घरका काम र समस्याबाट फूर्सद पाउँछन्। उनीहरूले चिन्तामुक्त भएर आर्थिक उत्पादनमा लाग्ने र आफूलाई समाजमा स्थापित गराउने अवसर पाउँछन्। यसबाट प्रष्ट हुन्छ कि, महिला मुक्ति र अधिकारका लागि महिलाहरू स्वय पनि आफ्नो योग्यता, क्षमता, परिवेश र आवश्यकतानुसार आर्थिक उत्पादनमा लाग्नु आवश्यक छ। किनकि परिवारमा समान निर्णय र समान उपभोगमा हिस्सेदार बन्ने यही मात्र पहिलो उपाय हो।

महिलाहरू कसरी आर्थिक उत्पादनमा जुट्न सक्छन् ? हाम्रो समाजमा देखिएका संस्कार र परम्परा अनुसार महिलाहरूले सानैदेखि घर भित्रका सम्पूर्ण जिम्मेवारीहरू सम्हाल्नु पर्छ। चुलो-चौकोदेखि कोठा र आँगन सम्मका जिम्मेवारीहरू महिलाहरूकै ठानिएका छन्। त्यसबाट समय निकालेर श्रृजनात्मक काम गर्न चाहँदा उचित सल्लाह, सुझाव, सहयोग र निर्देशनको अभाव देखिन्छ। तर कतिपय महिलाहरू त्यसमा पनि तालमेल मिलाउँदै ठोस निर्णयमा पुग्छन्। कोही उत्पादनमूलक काम गर्न योग्य बन्छन्। तर आफ्नो क्षमता र उद्देश्यमा लाग्दा सयौं व्यवधानहरू पनि आईपर्छन्।

त्यस्तो अवस्थामा महिलाहरूमा अन्तरद्वन्द उत्पन्न हुन्छ र प्रश्न चिन्ह खडा हुन्छ - प्राथमिकता केलाई दिने ? आफ्नो घर परिवार या आफ्नो पेंशा या व्यवसायलाई ? कुनै महिला जबसम्म अविवाहित हुन्छिन्, उनले थोरै मात्र औपचारिकतालाई हेर्दा पुग्छ। आफ्नो प्रगति र उन्नतिमा केन्द्रित बन्न र उद्देश्य तर्फ अघि बढ्न निकै सजिलो हुन्छ। तर जब उनी बैबाहिक सम्बन्धमा बाधिन्छिन् स्वभाविक रूपमा उनी केही समस्यामा पनि जेलिन्छिन्। आफ्ना हरेक सुख र दुःखलाई परिवारका दुःख सुखमा साझेदारी बनाउनु पर्छ। हरेक निर्णयलाई परिवारका आवश्यकतामा तालमेल मिलाउनु पर्छ। यदि परिवारलाई प्राथमिकता दिने हो भने व्यक्तिगत उन्नति, प्रगति र पेशालाई पनि तिलाञ्जली दिनु पर्ने समेत हुन जान्छ। त्यस्तै आफ्नो पेशा र व्यवसायलाई हेर्ने हो भने परिवारबाट अलग्गिनु पर्ने हुन्छ।

यी त भए सामान्य समस्या। जब, उनका बाल बच्चा हुन्छन् उनले पूर्ण रूपमा घर र छोरा-छोरीकी आमा र सफल गृह सारथी बन्नु पर्छ। यसरी एकातिर गृह सारथी बनेर अर्कातिर कुनै पेशा या व्यवसाय संगालेर कति सफल बन्ने कति असफल ? यस्तो परिस्थितिमा धेरै महिलाहरूले दोहोरो जिम्मेवारीलाई धान्न सक्दैनन्। आफूलाई चार पर्खालमै सीमित तुल्याउन बाध्य हुन्छन्।

एउटा घरकी महिला विहानै उठेर घरका अनेक कामहरू सम्हाल्दै, छोरा छोरीको खाना, स्कूल देखि सबै व्यवस्था मिलाएर आफ्नो पेशा या व्यवसायलाई समय निकाल्छिन्। दिनभरिको समय सदुपयोग गरेर वेलुकी आफ्ना सबै दायित्वलाई पूरा गर्छिन्। केही गल्ती कमजोरी हुन गएमा त्यसको जिम्मेवारी उनले नै वहन गर्नु पर्छ। सबै कुरा भ्याएर भोलीको तयारी सहित गर्दा एउटी महिलाले आफ्नो १८ घण्टा समय विताएको पत्तो हुदैन। विहान ४ बजे देखि वेलुकी १०

गएकोले यस कार्यक्रमबाट प्रेरणा लिदै हामीले फेरि-फेरि पनि यस किसिमको कार्यक्रमको आयोजना गर्नु पर्ने महशूस गऱ्यौं।

पंचायती शासकनकालमा राजनैतिक नेताहरूलाई हत्यारा, डाँका र अराष्ट्रिय भन्ने आरोप लगाई हत्या गर्ने गरिन्थ्यो। यस भन्दा अझ फरक किसिमले राजनैतिक स्वतन्त्रता चाहनेहरूलाई जेलसार गर्ने वेलामा भाग्न खोजेको भनी गोली ठोकी झूठो विवरण तयार गरी कायरता पूर्वक हत्या गरिएको थियो। उदाहरणको रूपमा पूर्वको सुखानीको जंगलमा र काठमाण्डौंको दक्षिणकालीको जंगलमा युवा क्रान्तिकारी कम्युनिष्टहरू र चार जना प्रजातन्त्रवादी यूवाको जेल सार्न लाग्दा भागेको निहूँमा हत्या गरेको तथ्य कसैबाट लुकेको छैन। वर्तमान परिवर्तित सन्दर्भमा विगतका अपमानजनक हत्या र झूठ प्रलेखहरूका फाइलहरू र नामाकरण यथावत रहनु सुहाउने कुरा होइन। यी तथाकथित हत्या र डाँका तथा अपराधीका नामाकरणलाई सच्याई वीर शहीद र लडाकू योद्धाहरू प्रति सम्मान जनाउनु पर्ने कुरा सम्माननीय प्रधान मंत्रीज्यूमा अनुरोध गर्दै जोडदार माग राख्दछौं।

तर आज सरकारमा परिवर्तन आयो नारीहरूलाई हेर्ने दृष्टिकोणमा पनि समाजमा केही परिवर्तन आयो। नेतृत्वमा फेरवदल आयो तर महिलाहरूको उपस्थिति हरेक क्षेत्रमा नगण्य नै छ। राजनैतिक क्षेत्रमा त झनै कम छ। आखिर किन यस्तो भै रहेछ ? त्यस्ता क्रान्तिकारी र दरिला महिलाहरू आज किन निष्कृय बन्न बाध्य छन्? महिलाहरू पछाडि पर्ने कारक तत्व के हो? साथै त्यस्ता धेरै महिलाहरू जसले आफ्नो परिवारलाई गुमाएर एक्लो भएर बाच्न परेको छ। त्यस्ता वीरंगना शहीद परिवारहरू कहाँ हुनुहुन्छ? कसरी बस्नु भएको छ? समाज, पार्टी र सरकारले वहाँहरूलाई कसरी चिन्छ? सम्पूर्ण विषयहरूलाई ध्यानमा राख्दै सरकारले राजनैतिक पीडितका नाममा उपलब्ध गराएको राहत नै वहाँहरूको योगदान र बलीदानीको सही मूल्यांकन हैन, वहाँहरू जस्ता विरंगनालाई राष्ट्रले चिन्नु पर्छ, चिनाउनुपर्छ र वहाँहरूलाई सम्मान दिनु र दिलाउनु पर्छ भन्ने उद्देश्यले हामीले यस्तो राजनीति पीडित महिला मेलाको आयोजना गर्न पुग्यौं।

यसैगरी ०५१ माघ १७ देखि १९ गतेसम्म दोश्री उत्पीडित महिला मेला धनकुटामा गर्न सफल भयौं। उक्त मेलामा शहीद परिवार र राजनैतिक पीडित महिलाहरू गरी जम्मा एकसय जनाले सक्रिय भाग लिए। यसरी तीन दिनको कार्यक्रममा सबै सहभागीहरूले आफूले भोगेका दुःख-दर्द र बिताएका कठीन क्षणहरूको कथा सुनाउनु भयो। एक अर्काको दुःख साटासाट गर्ने यो क्षणले सबैको अन्तस्करणलाई छुने र सहभागीहरूको हृदयलाई हलुको पार्ने अवसर पनि दियो। र महिलाहरूमा छाएको निराशा र एक्लोपनामा आशाको लहर र सामुहिक भावनाको विकास हुने कुरामा पनि हामी विश्वस्त भयौं।

यस तीन दिनको मेलामा विभिन्न विषयहरूमा छलफल र गोष्ठी पनि सम्पन्न गरियो। स्वयं राजनीति पीडित महिलाहरू र शहीद परिवारका महिलाहरू माझ भएको यो छलफलबाट सरकारले ध्यान दिनु पर्ने र तत्काल गर्नु पर्ने कार्यका रूपमा निम्न बूंदाहरू देखा परेका छन् -

१. शहदि परिवार र राजनीति पीडित परिवारमा गौरवको अनुभूति गराउन उनीहरूलाई जति सक्दो चाँडो सम्मान र संरक्षणको व्यवस्था गर्नु पर्ने,
२. ००७ साल पछिका शहीदहरूको तथ्यांक निकाल्नु पर्ने,
३. राजनीतिमा योगदान दिएर आएका सदस्यहरू र सक्षम व्यक्तित्वहरूलाई क्षमता अनुसार सकृय भएर अगाडि बढ्ने अवसर प्रदान गर्नु पर्ने,
४. तत्कालीन पंचायती शाषसकहरूले बलपूर्वक र राजनीतिक पूर्वाग्रहका कारण तयार गरेका झुट्ठा (किर्ते) कागज वर्तमान सरकारले खोजी गरेर दोषीलाई पहिल्याउने र ती कागजातहरूलाई किर्ते भएको घोषणा गरी संकलन तयार गर्ने,
५. शहीदको नाममा स्मारक, पुस्तकालय, सडक तथा पुरस्कार आदिको स्थापना गर्नु पर्ने,
६. शहीदका आश्रितहरूलाई शिक्षा र रोजगारीको व्यवस्था गराउनु पर्ने,
७. राजनीति पीडित र शहीदका आश्रितलाई बसोबासको व्यवस्था गराएर सामाजिक प्रतिष्ठा दिलाउनु पर्ने,
८. वास्तविक राजनीति पीडितहरूको खोजी गरी तथ्याकं संकलन गर्नु पर्ने,
९. महिलाहरूलाई राजनीतिमा सकृय गराउनु पर्ने,
१०. राजनीति पीडित महिलाहरूलाई राहतको व्यवस्था गराउनु पर्ने,
११. राजनीति पीडित महिलाहरूका बाल बच्चाले निःशुल्क अध्ययनको अवसर पाउनु पर्ने,
१२. महिला तथा बाल आयोगको गठन हुन पर्ने ।

बजेसम्म फूर्सद नपाई समय वित्दै जान्छ।

उता पुरूषहरूले घरको काम गर्नु समाजमा तिरस्कृत कुरो ठानिन्छ। यदि कसैले सहयोग गर्छ भने उसले जोइटिङ्ग्रेको उपमा पाउन पनि सक्छ। विहान ७ बजे उठेर मुख धुदा र साथी भाइ भेट्दा विहानको समय सकिन्छ। दिउँसो पुरूषहरू निर्धक्क भएर आफ्नो पेशामा लाग्छन्। अफ कतिपय लोग्ने मानिस त दिनभरी तास खेलेर र गाउँ डुलेर बिताउँछन्। व्यवसाय र पेशामा लाग्ने पतिहरू घर फर्कन्छन्। घरमा उनीहरूका महिलाहरूले सेवाको निम्ति हाजिर हुनु पर्छ। उनीहरू कुनै मिटिङमा जान्छन्, भेटघाटमा जान्छन्, पुस्तकालयमा जान्छन् या कुनै सामाजिक गतिविधिमा सहभागी बन्छन्। तर महिलाले त्यस्तो समय र अवसर पाउन पनि निकै कठिन छ।

कार्यालयमा, कारखाना र व्यवसायमा जाँदा पनि हतार र व्यस्तता। पुगेपछि पनि घरैतिरको मानसिक चिन्ता र समय नबित्दै फर्कन हतार। खोई मिटिङ् खोई भेटघाट, खोइ साथीभाइ र सामाजिक सम्पर्क, अध्ययन र चिन्तन मनन गर्ने समय खोई? यसरी महिलाहरू कम्प्युटर बनेर दोहोरो जिम्मेवारी वहन गर्नु पर्ने वाध्यता छ।

जब शारीरिक थकावट र मानसिक थकावट हुन्छ अनि महिलाहरू धेरै रोगी हुन्छन्, अयोग्य हुन्छन्, बौद्धिक विकासमा पछि पर्छन्। अनि भनिन्छ महिलाहरूमा प्रतिस्पर्धा गर्ने क्षमता हुँदैन। आइमाईहरू कमजोर हुन्छन्। आइमाईहरू रोगी हुन्छन्। आखिर रहर कसलाई हुन्छ आफू कमजोर बन्ने ? इच्छा कस्को हुन्छ आफू रोगी बन्ने ? कसलाई लाग्दैन र आफू पनि दक्ष जनशक्ति, क्षमतावान् व्यक्तित्व बन्ने इच्छा। तर अवसर खोई कहाँ माग्ने ? कसरी निकाल्ने ? के गर्ने ? राजनीतिमा माथिल्ला तहमा महिला खोई ? प्रशासनका माथिल्ला अंगमा महिला खोई ? सामाजसेवाका माथिल्ला ओहदा र समुदायमा महिला खोईं ? व्यापारी र उद्योगपति महिला खोई ? प्राविधिक क्षेत्रमा महिला खोई ? आखिर महिला मुक्ति आजको राजनैतिक नारा बनेको छ तर वास्तविकतामा गहिरिएर हेर्दा त्यसको निराकरण गर्ने वास्तविक प्रयत्न थाल्न पनि बाँकी छ। हरेक क्षेत्रबाट महिलाहरू फ्याँकिन्छन् - बच्चा जन्मदा, विमारी पर्दा, विवाह हुँदा हरेक विषयमा तर त्यसको जिम्मेवार के राष्ट्र, सरकार, समाज र परिवार कोही छैन ? केवल एउटी महिला मात्र त्यसको भागीदार बन्ने ? जब नागरिकता निकालिन्छ बाबुको नाम चाहिन्छ तर जब सानो बच्चा हुन्छ त्यसलाई महिलाको जिम्मेवारीमा छोडिन्छ।

प्राकृतिक कुरा हो नारीहरू जन्म दिन सक्छन् पुरूषहरू सक्दैनन्। तर त्यसलाई माया, प्रेम र हेरविचार गरेर लालन-पालन गर्न किन सक्दैनन् ?

महिलाहरूले घर परिवार हेर्दै व्यवसाय धान्दा दुई ढुङ्गामा राखेको दुईटा खुःट्टा जस्तै असफलतामा पुगेका छन्। एकातिर पारिवारिक असन्तुष्टि अर्कातिर पेशामा असफल। अनेक बाधा र व्यवधानका वावजुद महिलाहरू निस्केका छन्। उनीहरूको क्षमता र योग्यता पुरूषकोभन्दा कम छैन तर त्यो पाउँने अवसर खोई ? सदुपयोग गर्ने अवसर खोई।

जबसम्म महिलाहरूका विशेष अवस्था र दोहोरो जिम्मेवारीको सही मूल्यांकन हुँदैन महिलाहरू पछाडि नै रहने छन्। महिलाहरूलाई पनि घर भित्रबाट समय निकालेर वाहिर निस्कने अवसर चाहिन्छ।

आज महिला स्वतन्त्रता र मुक्तिका भाषण पखेटा काटेर पिंजडाबाट स्वतन्त्र छाडेका सुगाको नियति जस्ता लाग्छन्। पखेटा भए मात्र उड्न सकिन्छ। त्यस्तै अवसर पाए मात्र अगाडि बढ्न सकिन्छ।

यसका साथै हामीले तत्काल गर्नु पर्ने विषयहरू यसरी छनौट गरेका छौं।

१. झापा जिल्ला पृथ्वीनगर निवासी कृष्णराज योगंहाङ्गलाई राजनैतिक कारणले प्रहरीले भाला प्रहार गरी २०४४ सालमा हत्या गऱ्यो। तर उँहालाई शहीद पनि घोषणा नगरेको र कुनै आर्थिक राहत पनि प्रदान गरिएको छैन।
२. झापा किसान आन्दोलन सन्दर्भमा १७ वर्ष जेल पर्नु भएका अमर अधिकारीको जेलवाट छुटेको केही समयमा देहावसान भयो। वहाँकी वृद्ध आमा ओछ्यानमा लडेर रोग र शोकसंग संघर्ष गरिरहनु भएको छ। उपचारको अभाव छ। तर १७ वर्ष जेल परेको राजनीति पीडितले पाउनु पर्ने कुनै पनि राहत र सहयोग पाउनु भएको छैन। सँगै जेल पर्ने अन्य सहयात्रीहरू मन्त्री वनेर वस्दा पनि एउटी वृद्ध पार्टीकी आमाले यी दीनहीन व्येथाहरू संग लड्दै बाँच्नु परेको छ।
३. २०४९ मा जननेता मदन मण्डारीको नियोजीत हत्या पश्चात शुरू भएका विरोध र संघर्षमा भाग लिने क्रममा ०५० साउनको विरोध कार्यमा झापाको दमकमा तत्कालीन प्रशासनको गोली प्रहारबाट शहीद हुनु भएका परिवार प्रति पनि ध्यान दिनु आवश्यक छ। साथै ०४६ पछाडि पनि जनअधिकार प्राप्तिको लागि संघर्ष गर्दा वेला वेलामा गोली चलेर हत्या गरिएका सवै क्रान्तिकारी व्यक्तिहरूलाई शहीद घोषित गरिनु पर्छ । र वहाँहरूको परिवारले राजनैतिक सम्मान र आर्थिक सहयोग पाउनु पर्छ ।
४. मोरगंमा २०३० सालमा भएको मजदुर आन्दोलनमा सक्रिय भाग लिएर जेल राखिएका खगेन्द्र राईलाई जेलमा दिएको कठोर यातनाको कारणले जेल भित्रै मृत्यु भएको प्रमाण भएर पनि वहाँलाइ शहीदको सम्मान र आर्थिक राहत प्रदान गरिएको छैन।
५. संखुवासभामा २०४२ सालमा बम काण्डको सन्दर्भमा वेपत्ता पारिएका व्यक्ति मध्ये राम सिलवालको परिवारले रू. एक लाख राहत पाएको तर सोही ठाउँमा सोही घटनामा वेपत्ता हुनु भएका महेश्वर चौलागाईको परिवारलाई सो राहत हालसम्म पनि उपलब्ध नगराएको हुँदा तत्काल उपलब्ध गराउन आवश्यक छ। त्यसैगरी सप्तरीबाट वेपत्ता पारिएका साकेतचन्द्र मिश्रको परिवारले पनि सो राहत पाउनु भएको छैन।
६. संखुवासभामा शहीद हुनु भएका चन्द्र पुरीका दुई छोरीले पारिवारिक माया आर्थिक समस्या र शैक्षिक अवसरबाट समेत वंचित भएर बाँच्नु परेको छ। उनीहरूले शहीदले पाउने आर्थिक राहत तत्काल पाउन पर्छ । र उनीहरूको क्षमता र योग्यता विकाशको लागि कुनै पनि शीपमूलक तालीम दिलाई रोजगारको अवसर प्रदान गरिनु पर्छ। त्यसै गरी वम काण्डको सन्दर्भमा धनुषावाट वेपत्ता पारिएका पदम लामाका दुई छोरी पनि निरक्षर नै रहेको र सवै किसिमका अवसरवाट वञ्चित रहेका हुनाले उनीहरूलाई पनि सो अवसर प्रदान गर्न शीपमूलक र आयमूलक तालीम दिन आवश्यक छ।
७. २०३६ मा धनकुटाको छिन्ताङ्ग हत्या काण्डमा शहीद भएका शहीद परिवारको छानवीन गरी आर्थिक राहत दिलाउनु तत्काल आवश्यकता देखिन्छ। साथै शहीदका छोरा छोरीले निःशुल्क अध्ययनको अवसर पनि पाउनु पर्छ । त्यसकै सन्दर्भमा यातना पीडित भएका र अहिले पनि त्यसको असरमा परेकाहरूलाई तुरुन्त औषधि उपचारको व्यवस्था गराइनु पर्छ ।
८. सर्लाहीको हजारीयामा चलेको किसान आन्दोलनमा सहभागी भएर नेतृत्व दिनु हुने खड्ग कुमारी (मिट्ठु देवी) न्यौपानेलाई भाला प्रहारबाट परेको चोटको प्रभाव अझ पनि रहेकोले त्यसको उपचारको लागि तत्काल ध्यान दिनु पर्ने देखिन्छ।
९. २०४६ फाल्गुण ७ गते शुरू भएको जन आन्दोलन अन्त नभएको तर वहुदलीय व्यवस्थाको घोषणा भैसकेको थियो । फेरी पनि गोली चल्यो। यसरी चैत्र २८ गते र २०४७ बैसाख १० गते मारिनु भएका पुष्प नापित र प्रकाश रिजाललाई शहीद मान्ने कि नमान्ने भन्ने प्रश्न देखिन्छ। सन्दर्भ एउटै तर एक रातको सिमारेखाले गर्दा उँहाहरू आर्थिक सहयोग मात्र नभएर राजनैतिक सम्मानबाट पनि बञ्चित हुनु भएको छ। त्यसैले उँहाहरूको विषयलाई छानविन गर्दै शहीदको मान्यता दिएर उँहाहरूले पाउने आर्थिक सहयोगबाट पनि वञ्चित हुन नपरोस्। साथै शहीदका छोरा छोरीको शिक्षा दीक्षा, स्वास्थोपचार र रोजगारका निम्ती सरकारले ध्यान दिनु पर्ने देखिन्छ।

अन्तमा महिला हक, हीत र अधिकारका लागि सदैव लागि पर्ने दावी गर्दै आएको नेकपा एमालेको प्रधान मन्त्रीका हैसियतले देशका वीर लडाकूलाई बदनाम गरी हाम्रो लागि समेत गलत विशेषण र सम्बोधनले अपमानित हुने गरेको कुरालाई पुनःसम्झाउँदै कलंकित इतिहासलाई सुनौलो बनाउन समेत अनुरोध गर्दछौं।

# दुःख चाहिँ यसैकारण मान्नु पर्दछ




*मानवअधिकार वर्ष पुस्तक यस पटक पनि पचहत्तरै जिल्लाका विस्तृत विवरणकासाथ प्रकाशित भएको छा विदेशका नेपाल सम्बन्धी चाख राख्ने व्यक्ति एवं प्राज्ञिक व्यक्तित्वहरूका लागि पुस्तकमा संग्रहित विस्तृत घटना विवरण त्यति आवश्यक कुरो नलाग्ला। तर पुस्तकको यही पक्षले आधारभूत तहका जनतालाई पनि समेटेको छ। तुर्माखाँद सेती अंचल, अछाम जिल्लामा पर्ने एउटा सामान्य गाउँ हो। वर्ष पुस्तकमा त्यही गाउँको ८ नम्बर वडाका अर्जुन बुढालाई गएको वर्ष असार १९ गतेका दिन मारिएको कुरा पनि छापिएको छ। उनलाई कुन परिस्थितिमा कसरी मारियो भन्ने कुरा पनि त्यहीं उल्लेखित छ। जस अनुसार तुर्माखाँदका बासिन्दाले पनि वर्ष पुस्तकलाई आफ्नै प्रकाशनको रूपमा अनुभव गर्न सक्छन्।*

मावन अधिकार वर्ष पुस्तकको विशेषता यो मात्र होइन। विविध विषयमा वर्ष भरिका घटनाहरूलाई समेटेर प्रवृत्ति विश्लेषण समेत गरिएका परिच्छेदहरू पनि वर्ष पुस्तकका आकर्षण हुन्। त्यस्तै कतिपय विषयका ऐतिहासिक सन्दर्भलाई समेत समेटेर तयार गरिएका अनुसूचीहरूले पुस्तकको महत्व बढाएका छन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले तेस्रो वर्ष पनि अझ बढी परिष्कृत र परिमार्जित रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशित गरेको छ। मानव अधिकार वर्ष पुस्तक १९९४ ले आफ्नो बारेमा अझ प्रखर रूपमा बताएको छ "हाम्रो उद्देश्य मानव अधिकारहरूको हनन सम्बन्धी सूचनाहरूको संकलन गर्नु मात्र होइन। समाजमा मानव अधिकारको हनन कुन-कुन क्षेत्रबाट कसरी भइराखेको छ भन्ने अध्ययन गर्नु पनि हाम्रो उद्देश्य रहेको छ। मानव अधिकार उल्लंघनलाई कसरी कम गर्न वा रोक्न सकिन्छ भन्ने देखाउने कुरालाई पनि हामीले आफ्नो उद्देश्य ठानेका छौं।"

असमयमै नेपाली जनताले बेहोर्नु परेको संसद विघटन र मध्यावधि निर्वाचन यो वर्ष उल्लेख्य घटनाका रूपमा पुस्तकमा समावेश गरिएको छ। त्यसै गरी "नेपालमा भारतीय अतिक्रमण" लाई वर्षको प्रमुख घटनाका रूपमा उल्लेख गरिएको छ। सन् १९९४ भरी नेपाली भू-भागमा भारतीय प्रहरी अनधिकृत रूपमा प्रवेश गरेको र आतंकित पारेका थुप्रै समाचार प्रकाशित भए। पुस्तकमा इतिहास देखि वर्तमान सम्मका अतिक्रमणका घटनाहरूलाई व्यवस्थित ढंगले प्रस्तुत गरिएको छ। नेपालमा मानव अधिकार आन्दोलनको इतिहास प्रस्तुत गर्ने क्रममा ०१७ सालदेखि ०४८ साल सम्मका प्रमुख घटनाहरको विवरण समावेश गरिएको छ। त्यस अघिको इतिहास अघिल्लो वर्ष प्रस्तुत गरिएको थियो।

न्यायपालिका र मानवअधिकार, श्री ५ को सरकार र मानव अधिकार, संसद र मानव अधिकार, आमसंचार र मानव अधिकार जस्ता परिच्छेद मार्फत् १९९४ मा मुलुकको मानव अधिकार स्थितिमाथि प्रकाश पारिएको छ।

मानव अधिकारका दृष्टिकोणले यो वर्ष पनि भयावह रहेको कुरा वर्ष पुस्तकले देखाएको छ। वर्ष पुस्तक भित्र संकलित हुन पुगेका घटनाहरूतर्फ नजर लगाउँदा उपरोक्त कथनको पुष्टी हुन्छ। प्रत्येक जिल्लाका महत्वपूर्ण घटनाहरूलाई संलेषण गरेर सार संक्षेप प्रस्तुत गर्ने गरी एउटा परिच्छेद नै तयार गरिएको छ - "वर्ष पुस्तकभित्र यस्ता घटना पनि छन्।"

विभिन्न प्रकृति र प्रवृत्तिका घटनाहरूलाई तथ्यांकगत ढंगले यसरी हेर्न सकिन्छ। यो वर्ष यो मुलुकमा गिरफ्तारी र यातनका घटना ४ हजार ८ सय ४४ वटा भए। यो संख्यालाई क्षेत्रमा विभाजित गर्दा पूर्वाञ्चलमा १ सय ९, मध्यमांचलमा ४ हजार १ सय १३, पश्चिमांचलमा १ सय ३५, मध्यपश्चिमांचलमा ३ सय ५१ र सुदुर पश्चिमांचलमा ५६ वटा रहेका छन्। त्यस्तै यो वर्ष प्रहरीको गोलीले ७ जना नागरिकको मृत्यु भयो भने एक जना वनपालेको गोलीद्वारा मृत्यु

भयो। पारिवारिक झै-झगडा, रीसइविका कारण आपसी कुटपिटद्वारा पनि थुप्रै नागरिकले यो वर्ष आफ्नो ज्यान गुमाउनु पऱ्यो। त्यस्तै पतिबाट हत्या गरिएका पत्नीहरूको संख्या २८ रहेको छ भने पत्नीद्वारा ६ जना पतिको पनि हत्या गरिएको छ। अन्य प्रकारको हमलाबाट मृत्यु हुनेहरूको संख्या २ सय ७४ छ। हिरासतमा भएको यातनाको घटनाले ८५ जना पीडित भए। हिरासतमै एकजनाको मृत्यु भएको थियो।

नेपालमा बलात्कार एउटा अर्को सामाजिक अपराधको रूपमा देखा पर्दैछ। यो वर्ष पनि १ सय जना महिलाहरू बलात्कारको शिकार भए। बलात्कारको शिकार हुने ४६ जना बालिकाहरको संख्या अलग्गै छ। यो वर्ष ७ सय ३४ जना नागरिकले आत्महत्या गरे। यो संख्यामा केही प्रतिशत शंकास्पद मृत्यु पनि रहेको छ। कतिपय आत्महत्याको घटना आत्महत्याका रूपमा प्रकट भए पनि कसैले हत्या गरेको आशंका गर्न सकिने प्रकृतिका पनि रहेका छन्। आत्महत्याको संख्या क्षेत्रगत रूपले हेर्दा यस्तो देखिन्छ - पूर्वाञ्चल १ सय ९०, मध्यमाञ्चल ३ सय ४३, पश्चिमाञ्चल ७७, मध्यपश्चिमाञ्चल ६१ र सुदूर पश्चिमाञ्चल ६३।

वर्तमान सरकारले आस्थाका बन्दी छैनन् भनेर दावी गरे पनि हाल नेपालका विभिन्न जेलमा २१ जना राजनीतिक व्यक्तिहरू बन्दी अवस्थामा रहेको कुरा वर्ष पुस्तकमा उल्लेख गरिएको छ। जो निम्न बमोजिम छ - मोरङ १, भोजपुर - ८, संखुवासभा - १, काठमाडौं -८, पाल्पा - १, कपिलवस्तु - १ र गुल्मी -१।

### यो वर्षका केही विभत्स हत्याहरू

प्रहरीको गोलीद्वारा तथा पारिवारिक हिंसाद्वारा यो वर्ष पनि केही जघन्य हत्याहरू भए।

०५० पुस २७ गते झापाको दमकस्थित प्रहरी थानाका प्रहरीद्वारा विरोध कार्यक्रममाथि गोली प्रहार गर्दा मानबहादुर सार्कीको घटना स्थलमै मृत्यु भएको थियो।

धनुषा जिल्लाको बरमझिया गाविसका रामवृक्ष यादवको ०५१ भदौ २ गते गोली र सांघातिक हतियार प्रयोग गरी हत्या गरियो। यादव संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य र त्यस क्षेत्रका लोकप्रिय वामपन्थी नेता पनि थिए। उनको हत्या राजनीतिक प्रतिशोधका कारण

## विमोचन समारोह : गणेशमान सिंह सम्मानित

"सत्तामा गए पछि सबैले आफ्नो मीसन बिर्सन्छन्। विगतमा झैं अहिलेको सरकारले पनि सत्तामा पुगेपछि आफ्नो मिसन भुल्न खोज्दैछ। अहिले हामी कहाँ प्राप्त प्रजातन्त्रको पनि त्यही स्थिति छ। तर प्रजातन्त्र दिगो र स्थायित्व नभएसम मानव अधिकारका मूल्य र मान्यताहरू स्थापित हुन सक्तैन।"

वरिष्ठ राजनीतिज्ञ गणेशमान सिंहले "मानव अधिकार वर्ष पुस्तक १९९४" को विमोचनका अवसरमा बोल्दै उक्त कुरा बताउनु भयो। उक्त अवसरमा उहाँले भन्नुभयो- "देशको राजनैतिक स्थिति जुनसुकै रूपमा अगाडि बढेको भए पनि म सदैव प्रजातन्त्र र मानव अधिकारको पक्षमा उभिएको छु। र म नै एउटा त्यस्तो व्यक्ति हुँ जसले जिन्दावाद र कहिले मूर्दावादका नाराको सामना गर्नु परेको छ।" श्री सिंहले आफ्नो राजनैतिक जीवनका केही तीतामीठा पुराना स्मरणहरू सुनाउँदै भन्नु भयो- "राजनीतिमा जे जस्तो कलह र विवाद भएता पनि प्रजातन्त्र र मानव अधिकारप्रति हामी सदैव स्पष्ट छौं। तर प्रजातन्त्र नभए मानव अधिकार रहन्न भन्ने कुरा हामीले बिर्सनु हुँदैन।"

विमोचन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशिल प्याकुरेलले मानव अधिकार वर्ष पुस्तक प्रकाशनको उद्देश्य र त्यस्को महत्व र प्रभावकारिता सम्बन्धमा प्रकाश पार्नु भयो। उहाँले यस पुस्तकले जनतामा मानव अधिकारप्रति चेतना, विश्वास र प्रतिबद्धता जगाउन काम गर्न सके यस्को उद्देश्य र प्रजातन्त्रप्रति प्रतिबद्ध रहेको छ भन्नुभयो। जनताका हक अधिकारको सुरक्षा राज्यले गर्न नसक्ने अवस्थामा जनतालाई आफ्ना हक अधिकार प्रति निर्भिक भएर उभिनलाई प्रेरणा दिने संस्थाका रूपमा इन्सेकले काम गर्ने छ भन्दै नेपालीले अन्य तुलनामा धेरै शान्तिपूर्ण तरिकाले प्राप्त गरेको प्रजातन्त्र र मानव अधिकारलाई पनि शान्तिपूर्ण रूपले उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा उहाँले जोड दिनु भयो।

वर्ष पुस्तकमा यस्तो पनि घटनाहरू छन् भन्ने कुरालाई प्रस्तुत गर्नु हुँदै इन्सेकेका महासचिव डा. राजेश गौतमले विशेष गरी महिला माथिका अपराधका घटनाको चर्चा गर्नु भयो। हत्या, बलात्कार, गर्भपतन, पारिवारिक हिंसा, वेचविखन, देहव्यापार आदिको चर्चा गर्ने क्रममा डा. गौतमले राज्य पक्षबाट मानव अधिकार उल्लंघनका घटना भएको बताउनु भयो। उहाँले आस्थाका बन्दीहरूप्रति सरकारले वेवास्ता गरेको, जनआन्दोलनका शहीद, घाइते, राजनीति पीडित, वेपत्ता पारिएका र तिनका परिवारहरू पनि उपेक्षित रहन वाध्य भएका छन् भन्ने उदाहरणहरू पनि दिनु भएको थियो।

कार्यक्रममा वर्ष पुस्तक सम्पादकका तर्फबाट वर्ष पुस्तक सम्पादक नरनाथ लुईंटेलले पनि वर्ष पुस्तक प्रकाशनका तयारीका सम्बन्धमा घटेका, भोगेका विभिन्न अनुभवहरू प्रस्तुत गर्नु भयो। यसैक्रममा उहाँले वर्ष पुस्तक प्रकाशनका अनुभवहरू व्यक्त गर्दै भन्नुभयो- "मानव अधिकारको उल्लंघन सत्ता पक्षबाट हुँदो रहेछ।"

कार्यक्रमका अतिथि वक्ता इन्सेक कार्य समितिका सल्लाहाकार तथा पूर्व सभामुख दमननाथ ढुंगानाले मानव अधिकार राजनैतिक सीमाभन्दा माथि उठेर जनताको पक्षमा हुनु पर्छ भन्नुभयो। उहाँले मानव अधिकारको कुरा गर्दा विशेष गरी राज्य पक्ष नै त्यसको हनन कर्ता देखिने गरेको हाम्रो देशको सन्दर्भमा हाम्रा सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक लगायतका क्षेत्रमा पनि भएको हनन् र उपेक्षा हुने गरेको तथ्य नकार्न मिल्दैन भन्दै उहाँले जनताको जीवन स्तर उठाउन सक्नु र जनतालाई आफ्नो अधिकार र कर्तव्यप्रति चेतना दिन सके पनि मानव अधिकारको रक्षाका क्षेत्रमा धेरै काम भएको मान्नु पर्छ भन्नुभयो। उहाँले सम्पूर्ण नेपालीको मानव अधिकारको हनन गत मध्यावधि निर्वाचनमा राज्य पक्षले गरेको छ र अब त्यस्तो गरी एकै चोटी सम्पूर्ण नेपालीको मानव अधिकारको हनन हुन सक्ने मध्यावधि चुनावको खतराबाट सचेत रहन सबैलाई आग्रह पनि गर्नु भयो।

सोही समारोहमा प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई देशका ५ वटा मानवअधिकार संस्थाहरूले अभिनन्दन पनि गरेका थिए। समारोहमा सिविनका गौरी प्रधान, सिभिक्टका डा. भोगेन्द्र शर्मा र इन्हुरेडका गोपाल शिवाकोटी चिन्तनले पनि बोल्नु भएको थियो। इन्सेकका अध्यक्ष सुशील प्याकुरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा मासमका बद्रीप्रसाद खतिवडाले अभिनन्दन पत्र प्रस्तुत गर्नु भएको थियो। प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई विभिन्न उपहारहरू पनि मानवअधिकार संस्थाहरूका तर्फबाट प्रदान गरिएको थियो।

नेपालमा मानवअधिकारका क्षेत्रमा सर्वप्रथम स्थापित प्रकाश मानवअधिकार पुरस्कारको घोषणा पनि सोही दिन गरिएको थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) द्वारा स्थापित सो पुरस्कार यो वर्ष प्रतिष्ठित पत्रकार तथा लेखक विनयकुमार कसजुले प्राप्त गर्नु भयो। नगद २५ हजार तथा ताम्रपत्रसहितको उक्त पुरस्कार आगामी साउन १६ गते प्रकाश स्मृति दिवसका अवसरमा प्रदान गरिने छ।

मानवअधिकार वर्ष पुस्तक-१९९४ विमोचनका क्रममा वर्ष पुस्तकको सूचना प्रेषण गर्ने कार्यमा संलग्न जिल्ला प्रतिनिधिहरूमध्ये ६ जनालाई नगद तथा प्रमाणपत्र प्रदान गरी पुरस्कृत गरिएको थियो। जसमा नुवाकोटका मुकुन्द नेपाललाई सर्वोत्कृष्ट सूचना प्रेषक पुरस्कार प्रदान गरिएको थियो भने ताप्लेजुङका डिल्ली खरेल, पाल्पाका कर्ण बानियाँ, वर्दियाका लोकनारायण पोखरेल, कैलालीका जनक भण्डारी र सर्लाहीका नारायणी ढुङ्गानालाई उत्कृष्ट सूचना प्रेषक पुरस्कार प्रदान गरिएको थियो। पुरस्कार वितरण पूर्व सभामुख एवं इन्सेकका सल्लाहकार दमननाथ ढुङ्गाना र वीरेन्द्रकेशरी पोखरेलले संयुक्त रूपमा गर्नु भएको थियो।

भएको सर्वत्र चर्चा छ।

मकवानपुर जिल्ला हाँडी खोला गाविस -७ का ल्याम्बा मोक्तानलाई पर्सा जिल्लाको रामभूमि हात्तिडण्डाको जंगलमा शिकार खेल्न जाँदा पर्सा वन्य जन्तु आरक्षणका सिपाहीहरूले ०५१ वैशाख ६ गते गोली प्रहार गरे। गोलीबाट मुक्तानको मृत्यु भएको थियो।

भक्तपुर वोडे -७ का रामबहादुर खत्रीले आफ्नी पत्नी सीता खत्रीलाई ०५१ जेठ २७ गते कोदालोले हानेर मारी रगत र गिदी समेत खाएका थिए।

नवलपरासी जिल्ला रजहर गाविसकी १७ वर्षीया निरमाया आलेलाई ०५१ साउन २९ गते कृष्णप्रसाद पौड्यालले नृशंस तरिकाले हत्या गरेका थिए। कृष्णप्रसादले उनलाई सधैं भेट्ने गरेको ठाउँमा बोलाए र यौन आनन्द लिइसकेपछि घाँटी थिचेर बेहोस बनाए। त्यसपछि स्याउलामा लुकाएर राखेको खुँडाले प्रहार गरी हत्या गरे। उनको मृत शरीरबाट खुट्टा छुट्याए, स्तन काटे र नाक पनि काटे। त्यसपछि गुप्तांकमा हात हाली ३ महिनाको बच्चाको आकृति समेत झिकेर फाले। लासलाई कसैले नचिनोस् भनेर कपाल समेत खौरिएर छोडिएको थियो।

०५१ कार्तिक १७ गते साँझको दाङ विजौरीको गोलीकाण्ड निकै चर्चाको घटना बनेको थियो। आयुर्वेद अस्पत्तालको नजिकै नेकपा (एमाले) को जुलुस माथि कांग्रेसका कार्यकर्ता त नेताहरू समेतले अन्धाधुन्द चलाएको गोलीले दिढकपुरको नारायण चौधरीको तत्काल मृत्यु भयो। गोली लागि उपचारार्थ काठमाडौं पुऱ्याइएका पुष्प घिमिरे र कृष्ण चौधरीको वीर अस्पतालमा मृत्यु भयो। त्यस घटनामा २९ जना नागरिक गोली लागि घाइते भएका थिए।

दुःख चाहीं यसैकारण मान्नु पर्दछ - समाजका विकृति, विसंगति र अपराधहरूको ढाकछोप गर्न थालियो भने त्यस्तो प्रवृतिले झन प्रश्रय पाउन सक्छ। वर्ष पुस्तकले यो आजको प्रमाणित सत्य तर्फ आँखा उघार्न सम्बन्धित सबैलाई आग्रह गरेको छ।

वर्ष पुस्तकका निष्कर्ष र सुझाव पढ्ने, मनन गर्ने फुर्सद सम्बन्धितहरूले पाए भने ठूलो उपलब्धि हुने देखिन्छ। वर्ष पुस्तकको पहिलो अंक देखि अहिलेसम्मका सुझावहरू प्रायः उस्तै उस्तै छन्। पुस्तकमा उल्लेखित समस्याहरू उस्तै-उस्तै हुन्। यो कुरोले स्थितिमा परिवर्तन कत्तिको भएको रहेछ भन्ने तथ्य प्रष्ट छर्लङ्ग्याउँछ। दुःख चाहीं यसैकारण मान्नु पर्दछ।

## नेपालको प्रजातान्त्रिक आन्दोलनका सेनानी
## श्री गणेशमान सिंह
## मा
## हामी मानवअधिकार संस्थाहरू
## हार्दिक अभिनन्दन गर्दछौं



**आदरणीय सम्मानित व्यक्तित्व।**

मानव समाजमा तिनै व्यक्तिहरू सम्मानित रहन्छन्, जो आफ्नो व्यक्तिगत स्वार्थभन्दा टाढा रहेर सामाजिक न्याय र स्वतन्त्रताका लागि आफूलाई समर्पित गराउँछन्। नेपालमा नेपाली जनताको हक अधिकार र प्रजातन्त्र प्राप्तिको लागि शीर्ष र अग्रस्थानमा रहेर तपाईंले जुन योगदान पुऱ्याउनु भएको छ, त्यसले सम्पूर्ण नेपाली जनताका सामु तपाईंलाई आदरणीय सम्मानित व्यक्तित्वको रूपमा स्थापित गरेको महशूस हामीले गरेका छौं। हाम्रो ठहर छ - नेपाल र नेपाली जनताका खातिर तपाईंको त्याग र समर्पण सबैका लागि स्तुत्य छ।

**प्रजातन्त्रका निर्भिक सेनानी,**

नेपालको प्रजातान्त्रिक आन्दोलनमा तपाईले खेल्नु भएको भूमिका अत्यन्तै प्रशंसनीय छ। जहानियाँ निरंकुश राणा शासनको विरूद्धमा होस् या ०१७ सालपछिको निर्दलीय तानाशाही व्यवस्था, तपाईं सधैंभरि निरंकुशता र तानाशाहीका विरूद्ध निरन्तर जुध्दै आउनु भयो। राणा शासन र पंचायती शासनका अगाडि रत्तिभर नझुकी, दृढ साहस, कठोर संकल्प र उन्नत स्वाभिमानकासाथ तपाईंले प्रजातन्त्रका लागि अनवरत संघर्षको नेतृत्व गरी नै रहनु भयो। तपाईं जेलको कालकोठरी देखेर कहिल्यै तर्सिनु भएन र निरंकुश शासकहरूका बन्दुकबाट पनि डराउनु भएन। लामो समयसम्म जेल यातना सहनु पर्दा पनि तपाईंले प्रजातन्त्रका लागि आवाज उठाई नै रहनु भयो भने जेल बाहिर रहँदाको अवस्थामा तत्कालीन शासकहरूले तपाईंलाई यावत् दुःखकष्ट दिएर अपमानित गर्दा पनि तपाईं अविचलित ढंगले प्रजातन्त्र प्राप्तिको आफ्नो महायात्रामा गौरवकासाथ अगाडि बढिरहनु भयो। नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाद्वारा आव्हान गरिएको ०४६

## मानवअधिकार रेडियो कार्यक्रम

गएको वर्ष माघ ८ गतेदेखि नेपालमा पहिलो पटक रेडियोबाट मानवअधिकार शिक्षा कार्यक्रम संचालन भइरहेको छ। रेडियो नेपालबाट हरेक शनिवार विहान साढे सात बजे प्रशारण भइरहेको उक्त कार्यक्रमको शुरूवात अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरेको थियो। उक्त कार्यक्रमलाई नेपालका केही मानवअधिकार संस्थाहरूले पालैपालो संचालन गर्ने सहमति अनुरूप इन्सेकले १२ वटा श्रृंखला प्रस्तुत गऱ्यो। त्यस पछि कार्यक्रम सीभीक्टद्वारा संचालन भइरहेको छ।

इन्सेकद्वारा संचालित १२ वटा श्रृंखलाहरूमा मानवअधिकारको उत्पत्ति, इतिहासदेखि वर्तमानका अवधारणाहरूसम्मलाई समेटिएको थियो। कार्यक्रममा खास गरी मानवअधिकारहरूलाई ग्यारेण्टी गर्ने लीखतहरूको चर्चा गरिएको थियो। कार्यक्रमका बारेमा देशभित्र र बाहिरबाट पनि विविध प्रतिक्रिया र सुझावहरू प्राप्त भएका छन्।

## वर्ष पुस्तक प्रतिनिधिहरुलाई प्रशिक्षण

"मानवअधिकार वर्ष पुस्तक १९९५" को तयारीका सन्दर्भमा ०५१ चैत २८-२९ गते २ दिन जिल्ला प्रतिनिधिहरूको राष्ट्रिय प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। ललितपुर जिल्लाको जावलाखेल स्थिति कर्मचारी प्रशिक्षण केन्द्रमा सम्पन्न उक्त कार्यक्रममा ६८ जिल्लाका वर्ष पुस्तकका ८० जना प्रतिनिधिहरूले भाग लिएको थिए।

कार्यक्रमको प्रारम्भमा विभिन्न मानवअधिकारवादी व्यक्तित्वहरूले मानवअधिकारका विविध पक्ष तथा मानवअधिकार वर्ष पुस्तकका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। त्यसै क्रममा इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले मानवअधिकार संरक्षणको क्षेत्रमा प्रगति गर्न राज्यस्तरबाट प्रहरी, प्रशासन र न्याय प्रणालीमा सुधार गर्नु पर्छ भन्नु भयो। "मानवअधिकार वर्ष पुस्तक मानवअधिकारको त्यस्तो प्रलेख हो जसले गर्दा अब यहाँ यस सम्बन्धी सत्यताभन्दा बाहिर गएर कसैले कसैलाई ढाँट्न सक्दैन।" वहाँले बताउनु भयो।

कार्यक्रममा सीभीक्टका डा. भोगेन्द्र शर्माले "यातना र यातनाका शैलीहरू" का सम्बन्धमा प्रकाश पार्नु भएको थियो। मानवअधिकार वर्ष पुस्तकले हाम्रो वर्तमान समाज, कानून व्यवस्था र मानवअधिकारको अवस्थाको संकेत गर्छ भन्नु भयो। मानवअधिकारको हनन र रक्षाप्रति सरकार जवाफदेही हुनु पर्ने र त्यसप्रति जनमत एक हुनु पर्ने कुरा पनि वहाँले बताउनु भएको थियो।

मानवअधिकारका अन्तर्राष्ट्रिय अनुबन्धहरू र त्यसमा नेपालको संलग्नताका सम्बन्धमा काशिराज दाहालले एक विस्तृत कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यस्तै घटना संकलनमा ध्यान दिनु पर्ने कुराहरूका बारेमा पत्रकार रघु मैनालीले जानकारी गराउनु भएको थियो। कृष्ण उपाध्यायले अभिलेख तथा तथ्यांकको महत्वमाथि प्रकाश पार्नु भएको थियो।

घटनालाई हेर्ने मानवअधिकार सम्बन्धी दृष्टिकोणका सम्बन्धमा देविका तिमिल्सनाले प्रतिनिधिहरूलाई अवगत गराउनु भएको थियो। त्यस्तै जनसम्पर्कका सम्बन्धमा ध्रुवहरी अधिकारी र सूचना संकलन गर्दा लिनु पर्ने नेतृत्वका सम्बन्धमा दिनेश त्रिपाठीले प्रकाश पार्नु भएको थियो।

प्रशिक्षण कार्यक्रमको दोश्रो दिन पनि सहभागीहरूलाई मानवअधिकारका विविध क्षेत्रका सम्बन्धमा जानकारी, वर्ष पुस्तकको महत्व र प्रभावकारिता, यस क्षेत्रमा काम गर्दा अपनाउनु पर्ने होशियारी जस्ता विषयहरूमा अवगत गराइएको थियो।

सालको संयुक्त जनआन्दोलनमा शारीरिक असक्तताका बाबजुद तपाईंले प्रदर्शन गर्नु भएको नेतृत्व नेपालको इतिहासमा एउटा विशिष्ट कालखण्ड कै रूपमा अंकित हुन पुगेको छ। तपाईंको सिङ्गो जीवन यात्रालाई हेर्ने हो भने पनि तपाईं नेपालको प्रजातान्त्रिक आन्दोलनका असंख्य योद्धाहरूमध्येमा एक शीर्षस्थ सेनानी हुनुहुन्छ भन्ने धारणा हामीले लिएका छौं।

**मानवअधिकारप्रति सचेत राजनेता,**

तपाईंले जुनसुकै समयमा पनि मानवअधिकारलाई प्रमुख विषयका रूपमा उठाउँदै आउनु भयो। फलतः तपाईं संयुक्त राष्ट्र संघीय मानवअधिकार पुरस्कारबाट समेत सम्मानित बन्नु भयो। आधा शताब्दीभन्दा बढी समय सक्रिय राजनीतिमा बिताई सक्नु हुने तपाईं जस्तो शीर्ष राजनेता मानवअधिकारप्रति पनि सचेत र गम्भीर रूपमा देखा पर्नु हाम्रा लागि गौरवको कुरा बनेको छ।

**प्रजातन्त्रका विशिष्ट पहरेदार,**

जीवनभर प्रजातन्त्रका लागि लड्दै आउनु हुने तपाईंले ०४६ सालको जन आन्दोलन सफल भएपछिको समयमा पनि जसरी प्रजातन्त्रको पक्षमा दृढतापूर्वक आफूलाई उभ्याउनु भयो र प्रजातान्त्रिक व्यवस्थामा भएका प्रजातन्त्र विरोधी गतिविधिसंग जसरी जुध्नु भयो, त्यसले नेपालको नवस्थापित प्रजातन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। यतिबेला तपाईंले सत्ता स्वार्थ र पार्टी राजनीति समेत त्यागेर प्रजातन्त्रको "गार्जियन एन्जेल्स" को रूपमा रहने जुन निर्णय गर्नु भएको छ, त्यो निर्णय पश्चात सम्पूर्ण नेपाली जनताको तपाईंप्रतिको आस्था, विश्वास र सद्भाव अझै प्रगाढ बन्न पुगेको छ। प्रजातन्त्रको स्थायित्वका लागि तपाईं जति चिन्तनशील र सम्वेदनशील भएर अहिले लागिरहनु भएको छ - त्यसले तपाईंलाई प्रजातन्त्रको विशिष्ट पहरेदारको रूपमा सम्मानित गरेको अनुभव हामी मानवअधिकारवादीहरूको रहेको छ।

**मार्गदर्शक व्यक्तित्वका प्रतीक,**

तपाईंले आफ्नो सम्पूर्ण जीवनलाई प्रजातन्त्र प्राप्तिको संघर्षमा बिताउनु भयो। तर तपाईंले आफ्नो जीवनको त्यागलाई कहिल्यै पनि सत्ता स्वार्थ वा व्यक्तिगत हितमा अनुवाद गर्नु भएन। युवावस्थादेखि यति वृद्ध अवस्थासम्म तपाईं लगातार संघर्षमा जुटिरहनु भयो र अहिले पनि प्रजातन्त्रमा देखा पर्न सक्ने खतराहरू विरूद्ध जुधिरहनु भएको छ। देश र जनताका लागि तपाईंले धेरै कुराहरू दिनु भएको छ। त्यसैले तपाईंको जीवन गाथा सबैका लागि मार्गदर्शक व्यक्तित्व बन्न पुगेको महशूस हामीले गरेका छौं।

अन्त्यमा, आजको दिन तपाईं जस्तो व्यक्तित्वलाई अभिनन्दन गर्न पाउँदा हामी मानवअधिकारवादीहरू अत्यन्त हर्षित छौं। नेपाल र नेपालीका लागि तपाईंले दिनु भएको योगदान, तपाईंले गर्नु भएको त्याग र तपाईंले गराउनु भएको मार्गदर्शन इतिहासमा स्वर्णाक्षरले लेखिने छ भन्ने विश्वासका साथ तपाईंको जीवनमा उच्चतम सफलताको कामना गर्दै हृदयदेखि नै तपाईंलाई अभिनन्दन गर्दछौं।

०५१ चैत २७ गते

*मानवअधिकार संस्थाहरू*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**मानवअधिकार संरक्षण मञ्च (मासम)**
**यातना पीडित सरोकार केन्द्र (सीभीक्ट)**
**बाल मजदूर सरोकार केन्द्र (सीवीन)**
**इन्हुरेड इन्टरन्याशनल (इन्हुरेड)**

# गरीबी-रेखा

- मधुकर सिंह -

(गाउँको बीच कुनै मैदान अथवा गल्लीको चोक पनि हुन सक्छ । यदि कुनै कार्यालय खण्ड रहेको मैदान छ भने त्यो पनि नाटकको लागि कुनै फरक पर्दैन । केही गाउँले आएर त्यहाँ बस्छन् ।)

गाउँले-१: (आउँदा आउँदै टक्क अड्छ) के कुरा हो दाज्यू ! यहाँ भीड किन ? कुनै पञ्चायत संचायत बस्दै छ कि कसो ?

गाउँले-२: (ऊ सँग बस्दै) लः तिमीलाई थाहा छैन ?

गाउँले-१: कसरी थाहा हुनु ?

गाउँले-२: कुरा के हो भने सरकारले हामीलाई गरीबी-रेखाभन्दा माथि उठाउने भएको छ।

गाउँले-१: अनि के हुन्छ?

गाउँले-२: त्यसैको लागि सरकार यहाँ आउने भएको छ।

गाउँले-१: (हाँस्छ) धत् सिल्लड ! सरकार पनि कतै हिँडडुल गर्छ ? ऊ त अचल हुन्छ। सरकारको न मान्छेको जस्तो ढुकढुक गर्ने मुटु हुन्छ, न हातखुट्टा। सरकार हिँडडुल गर्छ भन्ने कुरा एकदम झूठ हो। भोक आउन सक्छ, बाढी आउन सक्छ, पुलिस र बन्दुक आउन सक्छ। तर सरकार कसरी आउन सक्छ ?

गाउँले-२: (हास्छ) हेर भाइ ! सरकार मान्छे हैन, मन्त्री हो मन्त्री ! यहाँ मन्त्रीजी आउँदै हुनुहुन्छ।

गाउँले-१: के को लागि ?

गाउँले-२: (अति हर्षित भएर) तिमी-हामीलाई गरीबी-रेखाबाट माथि उठाउनको लागि।

गाउँले-१: माथि उठाउँदा हामी मर्न त मर्दैनौं ?

गाउँले-२: हामीलाई ऋण मिल्छ। खेत-मालिक र जमिन्दारहरूको डसाईबाट मुक्ति मिल्छ। मालपोत र बाली असुलीको नाउँमा हामीलाई पुलिस र जमिन्दारले सताउन सक्दैनन्।

गाउँले-१: त्यसो भए हाम्रो लागि यो ज्यादै राम्रो दिन हो, दाजु !

(टाढाबाट पत्रिका बेच्नेको आवाज आउँछ। विस्तार-विस्तार ऊ गाउँदै-कराउँदै उनीहरूको अगाडि आइपुग्छ। च्यातिएको मैलो धोती लगाएका, नाङ्गो शरीर भएका गाउँलेहरू आश्चर्य मानेर हेर्न थाल्छन्।)



पत्रिका बेच्नेः लौ आयो ताजा खबर
आजको ताजा खबर
सपना को संसार बोकी
लौ आयो आजको खबर।

देशवासी हो ! नयाँ चुनाउ
मन्त्रीजीको घुमफिरको दाउ
कही छ चोरी कहीं डकैती
कम्युनिस्ट लीगको भैसक्यो मिल्ती।

कहीं छ सुख्खा, कहीं अकाल
साहू-महाजन मालामाल
हत्या, लूट, बलात्कारको राज
मन्त्रीजीको दौडाहा छ आज।

मुख्य मन्त्रीको छापियो बयान
झूटा छन् सबै खबर
लिनुहोस् किन्नुहोस खबर आयो
लौ लिनुहोस् आजको अखबार।

**(केही गाउँले पछाडि आएर उभिन्छन् अनि उसैसँग मिलेर गाउन थाल्छन् ।)**

पुलिस दमनको छापियो कहानी
सुकेर गैगो कुवाको पानी
अकलू रामलाई लाग्यो गोली
नक्सली डाँकूको थ्यो टोली।

बाखीले जन्मायो बच्चो शेर
झुपडी सल्कन कत्रो बेर
झगडा, ईर्ष्या, दंगा, बिरामी
जनता सब छन् भोकका भकारी।

त्यै पनि सब कुरा हुँदैं जान्छ
कराउनु बेकार !

आजको खबर आयो
लौ आयो आजको खबर।

**(केही सुकिला-मुकिला मान्छेहरूको अगिअगि लागेर मन्त्रीजी आउँछन् । पछिपछि मैलाधैला अर्धनग्न गरीबहरू पनि छन् । पत्रिका बेच्ने मान्छे मन्त्रीलाई हेर्दै दाह्रा ङिच्याएर दुई हात जोड्छ। तर मन्त्री उप्रति कुनै ध्यान दिदैनन् । गाउँको मुखिया चनाखो भएर हडबडाउँदै दुई हात जोडेर मन्त्रीजीको अगाडि-पछाडि गर्छ र फोटोग्राफर फोटो खिच्छ ।)**

नाराः मन्त्रीजी-जिन्दावाद !
मन्त्रीजी-जिन्दावाद !!
गरीबीरेखा-अमर रहोस्, अमर रहोस् !
भारत माताको-जय !
राजीब गान्धीको-जय !
महात्मा गान्धीको-जय !

**(अचानक भीडको बीचबाट बिपत कुर्लन्छ ।)**

बिपतः सारकार जी ! मेरो कुरा सुन्नुहोस् ! यो मुखिया चोर हो, डाकू हो।

मुखियाः हजुर ! हामी कांग्रेसीहरूको सरकारले जनता पार्टीको सरकारको कानूनलाई हटाएर राम्रो गरेन।

मन्त्रीः कस्तो कानून ?

मुखियाः भट्टी रोक्का कानून ! भट्टी फुकुवा छ, गाउँलेहरू दिनभर ठर्रा धोकेर बस्छन् र रातमा धनीमानी र बाबुसाहेबको सम्पत्ति लुट्छन्।

मन्त्रीः हो ? यो त खराब कुरो हो। तर तपाईहरू यो ताडी-दारू (रक्सी) को कुरा बुझ्नु हुन्न। यो सबै राजस्वको मामला हो, बुझ्नु भएन के ?

मुखियाः तर यसले यही त साँचो गराएको छ हजूर ! बिपते थारूलाई मैले गरीबी रेखाबाट माथि उठाउने प्रयास गरे, नत्र साले भोकभोकै मर्दैथ्यो। उसलाई गरीबी रेखाबाट माथि उठाउनको लागि कृषि बैंकबाट ऋण दिलाई कुखुराहरू मिलाई दिएँ। तर भलाई गर्नेमाथि नै यस्तो बदला ! ऋण दिलाउ बेग्लै, त्यसमाथि भनाइ खाऊ बेग्लै। यो गरीबी-रेखा भन्ने वस्तु कस्तो मुखाले !

विपतः एकदम झूट सरकारजी ! एकदमै झूट ! यसले दुइ हजार रूपियाँमा दस्तखत गराएर एक हजार रूपियाँका कुखुराहरू दिलायो। मन्त्रीजी गरीबी-रेखाको दर्शन गर्न चाहनुहुन्छ भनेर मेरो घरबाट बलजफ्ती गरी दसवटा कुखुरा पनि उसैले लग्यो।

मन्त्रीः यस बारेमा सरकारले विचार गर्नेछ।

(मन्त्रीजी मुखियातिर हेर्दै अगाडि बढ्छन्।)

विपतः (फेरि कराउँछ) यो मुखियाले गरीबी के हटाउला हजूर, यसले त घूसमा मेरा झुप्रो भएको जमीन पनि बन्धकीमा पारेको छ।

(मन्त्रीजी सुनेर पनि नसुने झैं गरिरहन्छन् र आफ्ना मतियारकासाथ मुस्कुराउँदै गाउँलेहरूको आँखाबाट ओझेल पर्छन्।)

गाउँले-१ः मन्त्रीजी कहाँ जानु भो ?

गाउँले-२ः मुखियाको घरतिर, तिमीले देखेनौ ? बी.डी.ओ. साहेब पनि साथमा थिए। उनीहरू हामीलाई गरीबी रेखाबाट माथि उकाल्नको लागि आपसमा कुराकानी गर्नेछन्।

गाउँले-३ः अनि ?

गाउँले-४ः अनि के ? मुखियाको घरमा जाँड-रक्सीको रमझम पार्टी चल्छ। त्यसपछि मन्त्रीजी राजधानी जान्छन्। मुखियाले बिपतलाई गरीबी रेखाबाट माथि उठाई दिएकोले बिपतले मन्त्रीजीको स्वागतको लागि दस वटा कुखुरा दियो भन्ने कुरा तिमीले सुनेका छैनौ ?



बिपतः (कराउँदै) झूठो कुरा, एकदमै झूटो कुरा। यसरी झूटो कुरा नगर भाइ ! मन्त्रीजी मलाई गरीबी रेखाबाट माथि उठाउन चाहन्छन् भनेर मुखियाले जबरजस्ती मेरा दसवटा कुखुरा लुटेर लग्यो। सबैतिर यस्तै भइरहेछ। यस्तै किसिमले गरीबी-रेखाबाट हामी उठी रहेछौ। राम्दास मुसहरलाई पनि मेरै जस्तो गरी भैंसी दिलाएको थियो।

गाउँले-१ः अनि रामदासको ऋण कसले तिऱ्यो त ?

विपतः (खित्का छाड्दै) विचरा रामदास जेलमा छ। उसकी जहानकहाँ घरधन्दा गर्छे। वकीलले आफ्नो लोग्नेलाई छुटाइदिन्छन् कि भन्ने भरोसामा छे, बिचरी !

गाउँले-३ः हामी बि.डी.ओ.लाई घेरौं।

गाउँले-४ः घेरेर पनि कहीं केही भएको छ र ?

गाउँले-५ः तब ?

गाउँले-६ः पुलिस आउँछ। लाठी बर्साउँछ। गोली चलाउँछ र नक्सली भनेर पिट्दै जेल लैजान्छ।

(पुलिस आएर बिपतलाई पक्डिन्छ। बिपत पुलिसको पक्डाइबाट छुट्ने कोशिस गर्छ। पुलिस उसलाई वेस्करी पिट्न थाल्छ।)

पुलिसः स-साले ! गधा !! सरकार र मन्त्रीजीलाई खुब गाली गर्ने भएको हैनस् ? (पिट्छ)

बिपतः मुखिया चोर हो। उसले मेरो कुखुरा लुट्यो। ऊ डाकू हो, बेइमान हो, उसले मेरो जग्गा-जमिन बन्धकमा पारेको छ।

पुलिसः (घिच्याउँदै) तँ मन्त्रीजीलाई के बताउँछस्, पहिले म तँलाई बताउँछु। (घिच्याँदै लैजान्छ)

**(अगाडितिरबाट मन्त्रीजी दाँत कोट्याउँदै निक्लन्छन् । पछिपछि मुखिया र उसका सुकिला मतियारा त्रस्त गाउँले अझै पनि ऊतिर हेर्दैछन् । तर यस पटक उनीहरूको अनुहारमा बलिरहेको आक्रोश छ। मन्त्रीजी आफ्ना धुपौरेहरूकासाथ अगाडिबाट निक्लेर जान्छन् ।)**

पत्रिका बेच्नेः (भीडबाट निक्लदै)
कतैको रोडा, कतैका पत्थर
देशका दुश्मन जनता मच्छड
फट्टिकका आँखा लगाई
मन्त्री र चोर हुन्, दाजुभाइ !

जो यहाँ भन्छ महंगी भो
त्यो दुश्मन हो देशको
नाच, गाऊ, देऊ ताल
घर घरमा हेर जनता बेहाल।

दुःख दरिद्र हटाउँछु भन्दै
नारा फलाक्छ यो सरकार
लौ आयो खबर आजको
हेर्नुहोस् आजको ताजा खबर

**(सबै उसको अनुहार हेरिरहन्छन्)**

***अनुवादः शार्दूल भट्टराई***

# ऐन र कानून आफैं बोल्छन् - मृत्यु दण्डको अवस्था के छ ?

**श्री सर्वोच्च अदालतमा चढाएको**
**निवेदन-पत्र**

विषयः संविधानको धारा ८८(१) वमोजिम संविधानसंग वाभिएको कानून अमान्य र वदर घोषित गरिपाउँ ।

काठमाण्डौ जिल्ला का.न.पा. वडा नं. १० वानेश्वर वस्ने मानवअधिकार संरक्षण मञ्चका सचिव वर्ष ___ को कृष्ण प्रसाद सिवाकोटी ______ निवदेनक

विरूद्ध

श्री ५ को सरकार मन्त्री परिषद सचिवालय सिंहदरवार _____१

श्री प्रतिनिधि सभा सिंहदरवार ____________________१ विपक्षी

श्री राष्ट्रिय सभा सिंहदरवार ____________________ १

सर्वोच्च अदालत नियमावली ०४९ को नियम ४० वमोजिम दर्ता गर्न लाग्ने दस्तुर रू. ५००।- यसै साथ संलग्न गरिएको छ ।

१. नेपाली जनताको आहुति र वलिदानबाट नेपाल अधिराज्यको संविधान २०४७ प्राप्त भएको हो। नेपाली जनताले आफ्नो सार्वभौम अधिकार र हक प्राप्तीका लागी एक लामो लडाई लडी आएका छन र आन्दोलनको सिलसिलामा कयौंले मृत्यु दण्ड वरणं गर्नु पऱ्यो भने कयौले गोलिको शिकार हुनु पऱ्यो। जेलनेल यातना सर्वश्व हरण, परिवारको वर्वादिको कुनै लेखाजोखा नै छैन। नेपाली जनताको विरतापुर्ण र वलिदानपुर्ण योगदानको प्रतिफलनै नेपाल अधिराज्यको संविधान २०४७ हो। नेपालको इतिहासमा यो ज्यादै महत्वपूर्ण उपलब्धी हो र नेपालको इतिहासमा सर्वप्रथम नेपाली जनतालाई सार्वभौम बनाएको छ।



२. संविधानको भाग ३ ले मौलिक हकको सुरक्षा गरेको छ। धारा १२ को (१) मा मृत्यु दण्डको सजाय हुने गरि कुनै कानून बनाइने छैन भनि प्रतिवद्धता जाहेर गरेको छ। संविधानको धारा १ मा "यो संविधान नेपालको मुल कानून हो र यस संविधान संग वाभिने कानून वाभिएको हदसम्म अमान्य हुनेछ" भनि उल्लेख भएको छ। नेपाल अधिराज्यको संविधान २०४७ मिति ०४७।७।२३ गते शुक्रवार देखि प्रारम्भ हुनेछ भनि धारा १३३(२) मा उल्लेख छ। संविधानको धारा १३९ मा यो संविधान प्रारम्भ हुदाका वखत लागु रहेका सवै कानून खारेज वा संसोधन नभएसम्म लागु रहने छन तर यस संविधानसंग वाभिएको कानून यो संविधान प्रारम्भ भएको १ वर्ष पछि वाभिएको हदसम्म स्वतः निस्कृय हुनेछ भन्ने पनि उल्लेख भएको छ। संविधान लागु भएको ३ वर्ष विति सक्दा पनि अझ पनि केही कानूनहरूमा मृत्यु दण्डको प्रावधान रही रहनु प्रजातान्त्रीक निकायहरूको ध्यान आकर्षण गरि मृत्यु दण्डको शव्दलाई कानूनबाट हटाउन अनुरोध गऱ्यो र यस

शब्दले सरकारको मनसायमा शंका उठाईरहको छ र अन्तर्राष्ट्रिय जगतले खासगरी एमनेष्टि इन्टरनेशनलले पनि वारम्वार ध्यानाकर्षण गरी आएको छ। पंचायतकालका कतिपय निरंकुश कानूनहरूमा संसोधन र सुधार आइ सक्दा पनि मृत्यु दण्डको शब्दलाई हटाउन किन कठिन परि रहेको छ बुझ्न गाह्रो भएको छ। आजसम्म पाचौं संसदको वैठक समाप्त भै सकेको स्थिति छ र प्रत्येक वैठकको ध्यान मासमले आकर्षण गर्दै आएको पनि हो।

३. निम्न कानूनमा आजसम्म पनि मृत्यु दण्डको शव्दहरू रही रहेका छन्।

(क) सैनिक ऐन २०१६ को दफा १५२ मा ज्यान सजायको प्रावधान छ जसमा सैनिक अदालतले ज्यान सजाय दिनु पर्दा तजविज अनुसार कसुरदारलाई झुण्डाई वा गोलि हानि मारि दिनु भनि निर्देशन दिने छ भन्ने अद्यापि कायम नै छ।

दफा २७ मा ज्यान सजाय हुने सत्रु सम्बन्धि कसुरहरू भन्ने पनि उल्लेख छ। यसरि ठाउँ ठाउँमा ज्याद शव्दका प्रयोगहरू पनि भएका छन्।

(ख) राजगद्दि उत्तराधिकार सम्वन्धि ऐन ०४४ को दफा १३ को अपराध तथा सजाय को अन्तिम वाक्यांशमा मृत्यु दण्ड हुनेछ भन्ने शव्द अद्यापि कायम नै छ।

(ग) राज्य विरूद्धको अपराध र सजाय ऐन ०४६ को दफा २ को अन्तिम हरफमा पनि मृत्यु दण्डाको सजायको व्यवस्था कायम नै छ।

उपरोक्त ऐनहरूमा वाहेक पनि अन्यत्र मृत्युदण्डको शव्दहरूको सम्बन्धमा मात्र उल्लेख गरेको छु। उपरोक्त ऐनहरूमा उल्लेख भएका वाहेक पनि कुनै मृत्यु दण्ड सम्वन्धि बव्दहरू छन भने ति शव्दहरू पनि हट्नु पर्दछ भनि माग गर्दछु।

४. मृत्यु दण्ड उन्मुलन गर्ने मुलुकको पंक्तिमा नेपालले आफूलाई प्रस्तुत गरेकोमा नेपालको प्रजातन्त्र र मानवअधिकार प्रतिको प्रतिवद्धता जग जाहेर हुन गई विश्व समुदाय समक्ष नेपालको प्रतिष्ठा बढ्न गएको छ। देशको मुल कानून संविधान्ले मृत्यु दण्डको उन्मुलन गरि सकेपछि पनि क्रियाशिल जिवित ऐनहरूमा मृत्यु दण्डको सजायको शव्द यथावत कायम रही रहनुबाट प्रजातान्त्रिक व्यवस्था र सरकारको लागी एक लाजमर्दो कुरा हुन गएको छ।

गराई रहन पर्दैन भन्ने केहि कानून वेत्ताहरूको वौद्धिक व्यायामको जवाफ पनि पाइएको छ। वौद्धिक विलासी कानून वेत्ताहरूको सिमित समुदायमा उपरोक्त तर्कहरूले मान्यता पाए पनि आम जनताको लागि मृत्यु दण्डको प्रावधान रही रहनुबाट भय, त्रास रही रहेको छ। निरंकुशताको सिकार भएका

*नेपालको वर्तमान संविधानले मृत्युदण्डलाई पूर्णतः निशेध गरेको छ। तर देशमा विद्यमान कतिपय ऐन-कानूनमा आज पनि मृत्युदण्ड सम्बन्धी प्रावधान रहेको छ। मानवअधिकारवादीहरूको चिन्ताको विषय यही छ। मानवअधिकार संरक्षण मञ्चका सचवि कृष्णप्रसाद शिवाकोटीले यस्तै चिन्ता जाहेर गर्दै ०५० मंसीर २४ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गर्नु भएको थियो।*

नेपाली जनताले अभय अनुभव गर्न सकेका छैनन। अभय प्राप्ती पनि प्रजातन्त्रको एक मुल आधार हो। पाचौं संसदिय सत्र समाप्त भै सकेको छ ता पनि उपरोक्त कानूनहरूमा विद्यमान मृत्यु दण्डको शव्दहरूलाई हटाउन वारम्वार सम्वन्धित निकायहरू अर्थात विपक्षीहरूलाई अनुरोध निवेदन गरि आउदा पनि मृत्युदण्डको शव्द हटाईदैन भने विपक्षीहरूको संविधान प्रतिको प्रतिवद्धताको वारेमा आम जनताविच संका उठ्न गएको छ।

६. संयुक्त राष्ट्र संघद्वारा घोषणा गरिएको ४५ औं मानवअधिकार दिवसको उपलक्षमा सैनिक ऐन २०१८ राजगद्दि उत्तराधिकार सम्वन्धि ऐन ०४४ र राज्य विरूद्धको अपराध र सजाय ऐन २०४६ मा विद्यमान मृत्युदण्ड सम्वन्धि शव्दहरूको प्रयोग र प्रावधान संविधानसंग बाझिएको कानून भएको हुदा वदर र अमान्य घोषित गरि पाउन संविधानको धारा ८८(१) अन्तर्गत सम्मानित अदालत समक्ष असाधारण अधिकार क्षेत्रको गुहार माग्न आएको छु। धारा ८८ (१) ले कुनै कानून यो संविधानसंग वाझिएको हुदासम्म कानून वा त्यसको कुनै भाग वदर घोषित गरि पाउँ भनि कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन पाउने हकदेयाको सुरक्षा गरेको हुदा प्रस्तुत सिट निवेदन दायर गर्न पाउने एक नेपाली नागरिक तथा मानवअधिकारमा कार्यरत व्यक्ति भएको हुदा हकदैया भएको पनि सम्मानित अदालतलाई सविनय अनुरोध गर्दछु।

७. संविधानको धारा ८८(१) अन्तर्गत सम्मानित सर्वोच्च अदालतबाट विभिन्न आदेशहरू जारि भै सम्मानित सर्वोच्च अदालतले आफ्नो गरिमा अभिवृद्धि गरि न्याय प्रति जनआस्था वृद्धि हुनै गएको व्यहोरा पनि स्मरण गराउदछु।

८. अतः उपरोक्त कारणहरूबाट संविधानको धारा ८८(१) अन्तर्गत विपक्षीहरूको नाउमा आदेश जारि गरी उपरोक्त ऐनहरू तथा निवेदकले निवेदनमा उल्लेख गरेको ऐनहरूमा वाहेक पनि यदि मृत्यु दण्ड शव्दको प्रयोग र व्यवस्था छ भने त्यस्तो शव्द र व्यवस्थालाई अविलम्व हटाउन र अमान्य र वदर घोषित गरी पाउन सादर अनुरोध गर्दछु।

प्रकाशित ऐनहरू भएको हुंदा न्यायीक जानकारिमा आउनु पर्ने नै हुदा प्रमाणको रूपमा पेश गर्न आवश्यक ठान्दीन।

यसमा लेखेको व्यहोरा ठिक छ फरक परे कानून वमोजिम सहुला वुझाउला।

*निवेदक*
*निज कृष्ण प्रसाद शिवाकोटी*
*सचिव मासम*

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति २०५१ को प्रारम्भिक प्रतिवेदन

वर्तमान मध्यावधि महानिर्वाचन निष्पक्ष, धाँधली रहित र शान्तिपूर्ण रूपमा संचालन होस भन्ने उद्देश्य राखेर गठित भएको यो राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिले झण्डै २ हजार पर्यवेक्षकहरूको ७४ जिल्लाबाट प्राप्त प्रतिवेदनको आधारमा निम्न लिखित प्रारम्भिक निष्कर्ष निकालेको छ।

१. यस पटकको चुनाव मोटामोटी रूपमा शान्तिपूर्ण भएको अनुभव यस समितिले गर्दछ। तर पनि केही क्षेत्रमा चुनावपूर्व, चुनावी समय र चुनावपछि पनि भएका पार्टीहरू बिचका गम्भिर आपसी भैं-झगडा, सुरक्षा कार्य लगायत अनधिकृत व्यक्तिहरूबाट गोली हानिएको र केही क्षेत्रमा चुनावी घटना भएको लगायत अन्य घटना चुनावलाई आशा गरे अनुरूपमा शान्तिपूर्ण नभएको मात्र होइन वर्तमान चुनावलाई पूर्ण रूपमा निष्पक्ष र धाँधली रहित भन्न नसकिने यस समितिको निष्कर्ष रहेको छ।

२. समितिले प्राप्त गरेका जानकारी अनुसार कतिपय मतदान केन्द्र कब्जा हुँदा सुरक्षाकर्मी स्वयम पनि तमासे भएर बसेको र सत्ता पक्षले आफ्नो शक्तिको दुरूपयोग गरेर धाँधलीपूर्ण रूपमा मतको दुरूपयोग गर्न लगाएको जस्तो देखियो। मतदान अधिकृतलाई खुकुरी देखाएर वा कोठामा थुनेर बन्दुकको भरमा अनधिकृत रूपमा मतको प्रयोग भएको पनि जानकारीमा आएको छ।

३. केही सीमित स्रोतमा भएपनि मतपेटिकालाई गणना गर्ने स्थानमा पुऱ्याउन आवश्यक सहयोग सुरक्षाकर्मीबाट प्राप्त नभएकोले मतपेटिकालाई लुटेर वा खोसेर खोलामा फालेको वा गणना स्थलसम्म ल्याइपुऱ्याउन आवश्यक भन्दा धेरै बढी समय लागेको जस्ता केही त्रुटिहरू भएको पनि जानकारीमा आएको छ।

४. ममतदाताहरूको नामावलिमा अत्यन्तै त्रुटीहरू भएको देखियो। प्रशस्त मतदाताहरूको नामावली दोहोरिएको र कैयौं गलत व्यक्तिहरूको नाम समाविष्ट भएको पाइयो। मतदाता नामावलि तोकिएको समय भित्र अध्यावधिक नतुल्याइएको दावी विरोधलाई प्रयाप्त समय नहुनु र निर्वाचन सम्बन्धी ऐन नियम र निर्देशिकामा सुधारको लागि हुनुपर्ने गम्भिर प्रयासको कमी लगायत यस विषयमा विशेष ध्यान दिनु पर्ने देखिन्छ।

५. मतपत्रको अधकट्टीमा मतदाताको औंलाको छाप लगाउने र कहिंकहिं सहि गर्न सक्ने व्यक्तिलाई पनि ल्याप्चे नै लगाउन लगाउने तथा मतपत्र दिएपछि लगाइने गरिएको तथा मसीको गुणस्तर संतोषपूर्ण नभएको, कहिकहि स्वस्तिकको गुणस्तर पनि संतोषजनक नभएको र मसी लगाउने तरीकामा पनि एकरूपता नभएको देखियो जसले पटक पटक मतदान गर्न अवसर प्रदान गऱ्यो।

मिति ०५१।८।१

## नेपालमा निर्वाचन पर्यवेक्षण

पहिलो संसदीय आम निर्वाचन भएको झण्डै तीन वर्ष पुग्दा नपुग्दै नेपालको राष्ट्रिय राजनीतिले नयाँ मोड लियो। पाँच वर्षको निम्ति गठित प्रतिनिधि सभा असमयमै विघटन भएपछि राष्ट्र मध्यावधि निर्वाचनमा ओर्लियो। निर्वाचनको दिन जति नजिकिंदै आयो त्यति त्यति नै निर्वाचनको निश्पक्षता माथि चासो र चास्व पनि बढ्दै जानु स्वभाविक थियो।

उपरोक्त परिस्थितिमा राष्ट्रव्यापी रूपमै निर्वाचन पर्यवेक्षण गर्ने उद्देश्य अनुरूप राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिले संगठित भएर कार्य प्रारम्भ गऱ्यो। मानवअधिकारको क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरू इन्सेक, इन्हुरेड, मासम, सिवीन, र सिभिक्टका प्रतिनिधिहरू र केही स्वतन्त्र व्यक्तित्वहरूको सहभागितामा २७ सेप्टेम्बरका दिन पुनर्गठित भयो। यसरी संगठित ढंगले निर्वाचन पर्यवेक्षणको कार्य अथक मानवअधिकारवादी स्व. प्रकाश काफ्लेको सकृयतामा ०४८ को आम निर्वाचनदेखि थालनी भएको थियो।

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिले पटक पटक वैठक र छलफल गरी पर्यवेक्षणको कार्य प्रणाली निश्चित गऱ्यो। उल्लेखनीय संख्यामा अन्तराष्ट्रिय पर्यवेक्षकहरूलाई समेत आमन्त्रण गरी सम्पन्न गर्ने पर्यवेक्षण कार्यलाई मूलतः तीन चरणमा विभाजन गरियो।

**निर्वाचन कार्यक्रम घोषणा भएपछि मतदान हुनु पहिले सम्म**

यस चरणमा स्वच्छ र स्वतन्त्र निर्वाचन सम्बन्धी प्रचार, जिल्ला जिल्लामा निर्वाचन पर्यवेक्षण समितिहरूको गठन, निर्वाचन कार्यमा सम्लग्न सरकारी निकाय, राजनीतिक दलका प्रतिनिधि तथा गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूको सहभागितामा गोष्ठी र छलफल जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको थियो। त्यसैगरी अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई पर्यवेक्षणको निम्ति आमन्त्रण गर्न आवश्यक छनौट र औपचारिक आमन्त्रणको व्यवस्था गरियो।

निर्वाचन आयोग र श्री ५ को सरकारसंग समन्वय कायम राख्न यसै चरणमा विशेष पहल गरियो। निर्वाचनको दिन नजिक नजिक आउँदै गएपछि मुलुकका विभिन्न ठाउँमा हिंसा र हत्याका घटनाहरू घट्न थाले। दाङ जिल्लाको विजौरीमा कार्तिक १६ गते घटेको घटना यस्तै एउटा गम्भीर उदाहरण थियो। उक्त घटनामा ३ जना नागरिकको हत्या भयो। दाङ विजौरीको घटना छानविन गर्न निर्वाचन पर्यवेक्षण समितिले एक टोली त्यहाँ पठाएको थियो र आवश्यक जाँचबुझ पछि प्रतिवेदन तयार गरी सार्वजनिक पनि गरेको थियो।

निर्वाचन कार्यक्रम शुरू भैसकेपछि विभिन्न राजनीतिक दलहरूबाट हुने निर्वाचन प्रचारको पर्यवेक्षण गर्ने र निष्पक्ष निर्वाचनको प्रतिकूल हुने खालका कुनै गतिविधि देखिएमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने, धाँधली हुन सक्ने निर्वाचन क्षेत्र र धाँधली हुन सक्ने निर्वाचन क्षेत्र र धाँधलीको प्रकृति पहिचान गरी त्यसको जानकारी निकायलाई दिने तथा त्यस्ता क्षेत्रहरूमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू पुऱ्याउन आवश्यक व्यवस्था गर्ने जस्ता कार्यहरू यस चरणमा गरिएका थिए।

**मतदानको समयमा**

राष्ट्रिय पर्यवेक्षण समितिले आफ्नो घोषित लक्ष र योजना अनुरूप मतदानको दिन जिल्ला जिल्लामा संगठित जिल्ला समितिसंग समन्वय गरेर ७४ जिल्लामा पर्यवेक्षण कार्य सम्पन्न गऱ्यो। पर्यवेक्षणको क्रममा दुई हजार राष्ट्रिय पर्यवेक्षक र सय जनाभन्दा बढी अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू संलग्न थिए। तोकिएको निर्वाचन क्षेत्र तथा मतदान केन्द्रमा पुग्ने हरेक पर्यवेक्षकले त्यहाँको स्थिति अवस्था बारे प्रष्ट हुने गरी प्रतिवेदन फर्म भर्नु पर्ने व्यवस्था गरिएको थियो।

निर्वाचन आयोगसंग सम्पर्क राखि पर्यवेक्षण टोलीमा संलग्न सबै पर्यवेक्षकहरूलाई आवश्यक सामाग्री तथा परिचय पत्र उपलब्ध गराइएको थियो। टोलीका सदस्यहरूको निम्ति यातायात तथा बसोवासको व्यवस्था पनि गरिएको थियो।

निर्वाचन आयोगसंग सम्पर्क राखि पर्यवेक्षण टोलीमा संलग्न सबै पर्यवेक्षकलाई आवश्यक सामाग्री तथा परिचय पत्र उपलब्ध गराइएको थियो। टोलीका सदस्यहरूको निम्ति यातायात तथा बसोवासको व्यवस्था पनि गरिएको थियो।

**मतदान समाप्त भएपछि**

०५१ कार्तिक २९ गते मतदान कार्य सम्पन्न भएपछि अधिकांश स्थानमा मतगणनाको पनि पर्यवेक्षण गरिएको थियो। पर्यवेक्षण कार्यमा जुटेका विभिन्न टोलीहरूसंग सम्पर्क राखि पर्यवेक्षण समितिले निर्वाचनको भोलिपल्टै एक प्रारम्भिक प्रतिवेदन प्रस्तुत गऱ्यो। सबै जिल्लाबाट लिखित प्रतिवेदन प्राप्त भएपछि निर्वाचन पर्यवेक्षण सम्बन्धी विस्तृत प्रतिवेदन प्रकाशन गरिने भएको छ।

# नेपालमा मानवअधिकारको स्थिति र मानवअधिकार आयोगको आवश्यकता

- काशीराज दाहाल-

**मानवअधिकारको संवैधानिक र कानूनी प्रत्याभूति**

मानवोचित ढंगले जीवनयापन गर्न आवश्यक पर्ने मानव समुदायबाट महशुस गरिएका न्यूनतम आधारभूत अधिकारहरू नै मानवअधिकार हुन्। मानव मात्रको विकासको लागि मानवअधिकार आधारभूत र अपरिहार्य भएको शास्वत सत्यलाई अनुभूति गर्दै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनका क्षेत्रमा मानवअधिकारको संस्थागत संरक्षण गर्ने प्रयास मूलतः एकाईसौं शताब्दीदेखि तीब्र भएको छ। यद्यपि मानवअधिकारको विषयलाई सन् १२१५ को बेलायती महाअधिकारपत्र, सन् १६८९ को बेलायती नागरिक अधिकारपत्र, सन् १७७६ को अमेरिकी स्वतन्त्रताको घोषणा, सन् १७८९ को मानवअधिकार सम्बन्धी फ्रेन्च घोषणापत्र जस्ता राष्ट्रिय दस्तावेजहरूद्वारा संरक्षित गर्ने प्रयास भएको देखिन्छ। यसैगरी सन् १६४८ को वेष्ट फालिया सन्धि,, सन् १८१४ को पेरीस सन्धि, सन् १८१५ को भियना सम्मेलन, सन् १८९० को ब्रुसेल्स सम्मेलन तथा सन् १८९९ र १९०७ का हेग शान्ति सम्मेलनहरू जस्ता अन्तर्राष्ट्रिय सन्धि र सम्मेलनहरूले अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकारको संस्थागत संरक्षण र विकास तर्फ महत्वपूर्ण कदमहरूको प्रारम्भ गरेको देखिन्छ। मानवअधिकारको संरक्षण गर्ने प्रयासहरूमा राष्ट्रसंघको वडापत्र, सन् १९२६ को दासत्व महासन्धि, संयुक्त राष्ट्रसंघको वडापत्र सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्र, सबै प्रकारका जातीय भेदभावको उन्मूलन सम्बन्धी १९६५ को अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६। सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार विषयका अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार विषयको इच्छाधिन उपलेख, १९६६ जस्ता अनुबन्धहरूले विशेष महत्व राख्दछन्। यसैगरी मानवअधिकारका विविध पक्षमा संयुक्त राष्ट्रसंघको सक्रियतामा विभिन्न महासन्धि, प्रस्ताव र घोषणाहरू पारित भएका छन्। मानवअधिकारको संरक्षण र मानवअधिकार प्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतामा संयुक्त राष्ट्र संघको स्थापना पश्चात संयुक्त राष्ट्र संघको विशेष पहलले उल्लेख्य प्रगति भएको छ १।

नेपालमा वि.सं. २००४ सालको वैधानिक कानूनबाट मानवअधिकारको कानूनी रूपमा संरक्षण गर्ने परम्पराको शुरूवात भएको भए पनि वि.सं. २००७ सालको प्रजातन्त्रको वहालीको घट्ना पछिका दिनमा मात्र यस क्षेत्रमा दरिलो

> *जनइच्छा बमाजिम २०४७ सालको "नेपाल अधिराज्यको संविधान" प्रारम्भ भएपछि मानवअधिकारको क्षेत्रमा तुलनात्मक रूपमा केही प्रगति भएको भए पनि सन्तोषप्रद रूपमा यस क्षेत्रमा अझसम्म पनि कार्य हुन सकिरहेको छैन।*

कानूनी र संवैधानिक संरक्षणका प्रयासहरू गरिन थालिए पनि वि.सं. २०१७ साल पश्चात दलविहिन व्यवस्थालाई संस्थागत गर्ने तत्कालिन राजनैतिक उद्देश्यले गर्दा मानवअधिकार सम्बन्धमा रहेका आधारभूत मान्यताहरू व्यवहारमा निष्प्रभावी रहे। जनइच्छा बमाजिम २०४७ सालको "नेपाल अधिराज्यको संविधान" प्रारम्भ भएपछि मानवअधिकारको क्षेत्रमा तुलनात्मक रूपमा केही प्रगति भएको भए पनि सन्तोषप्रद रूपमा यस क्षेत्रमा अझसम्म पनि कार्य हुन सकिरहेको छैन। जनताको चाहना बमोजिम आएको नेपाल अधिराज्यको संविधान, २०४७ मानवअधिकारको संरक्षणमा दरिलो स्तम्भको रूपमा रहेको छ। यस संविधानले भाग ३ अन्तर्गत धारा ११ देखि धारा २३ सम्म समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरूद्धको हक, सम्पत्तिको हक, शिक्षा तथा संस्कृति सम्बन्धि हक, धर्म सम्बन्धी हक, शोषण विरूद्धको हक, देश निकाला विरूद्धको हक, गोपनीयताको हक र संवैधानिक उपचारको हकको प्रत्याभूति गरेको छ। यस भागमा प्रत्याभूत गरिउका अधिकारको संरक्षणको लागि सर्वोच्च अदालतले उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गर्न सक्ने व्यवस्था गरेको छ २। त्यसैगरी मौलिक हकमा प्रतिवन्ध लगाउने किसिमका कुनै कानून अवैध घोषित गराउन पनि सर्वोच्च अदालतमा रिट निवेदन निद सक्ने अधिकारको प्रत्याभूति रहेको छ ३। यस संविधानले मानवअधिार सम्बन्धमा संसदको प्रतिनिधि सभामा मानवअधिकार समिति समेत गठन गर्न सक्ने४, राजनीतिक दलले संविधान तथा कानून अन्तर्गत रही गरेको कुनै काममा प्रतिबन्ध वा रोक लगाउन नसक्ने५ व्यवस्था समेत गरेको छ। यी सबै अधिकारहरूको संरक्षणको लागि संविधानले स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको छ भने संविधानले प्रस्तावनामा आत्मसात गरेका आधारभूत मानवअधिकारको संरक्षण, स्वतन्त्र एवं सक्षम न्याय प्रणाली, कानूनी राज्यको अवधारणा जस्ता मान्यताका विपरित हुने गरी संविधानको संशोधन हुन नसक्ने६ गरी मानवअधिकारको अपरिहार्यतालाई आत्मसात गरिएको छ।

**मानवअधिकार संरक्षणमा कानून कार्यान्वयन गर्ने निकायको भूमिका**

मानवअधिकारको विश्वव्यापी अवधारणा हो। मानवअधिकारको उपभोग र संरक्षण प्रभावकारी रूपमा गर्न मूलतः आम जनताहरू नै सचेत र जागरूक बन्नु अपरिहार्य भए पनि वर्तमान राज्य लोक

कल्याणकारी राज्यको अवधारणा अन्तर्गत कार्य गर्ने एक कल्याणकारी राज्यको रूपमा गहन जिम्मेवारी र दायित्व निर्वाह गर्नुपर्ने भएकोले मानवअधिकारको प्रभावकारी संरक्षण र सम्बर्द्धनमा सरकारको विशेष महत्वपूर्ण भूमिका रहेको हुन्छ। मानवअधिकारको संरक्षणमा राज्य शक्तिको प्रयोग गर्नै तीनवटै निकायको वहन जिम्मेवारी हुन्छ। तर आफ्नो बृहत कार्यक्षेत्रको कारण आम नागरिकको जीवनलाई प्रभाव पार्ने किसिमका कार्यहरू कानून कार्यान्वियनको क्रममा कार्यपालिकीय निकाय अन्तर्गत पर्ने हुंदा मानवअधिकारको प्रश्न यहाँ बढी महत्वपूर्ण बन्ने भएकोले मानवअधिकारको संरक्षणमा कानून कार्यान्वियन गर्ने निकायले विशेष संवेदनशील भई कार्य गर्नु पर्दछ। नेपाल कानूनले जन्म कैद सम्मको सजाय गर्न पाउने अधिकार प्रशासकलाई दिएको र शान्ति सुरक्षा कायम अनुरूप कार्य गर्नु त्यतिकै आवश्यक छ। तसर्थ कानुन कार्यान्वयन गर्ने अधिकारी र निकायहरूले सर्वप्रथम त आफ्नो कार्य गर्दा समाज, राष्ट्र र आम जनताप्रति उत्तरदायी भई राष्ट्र र समग्र व्यक्तिको मानवअधिकारको सम्मान गर्नु पर्दछ। कानूनको अक्षरशः पालना र अनुसरणं कानून कार्यान्वियन गर्नेको प्राथमिक दायित्व हो। मानवअधिकारको प्रभावकारी संरक्षणमा कानून कार्यान्वियन गर्ने निकायको सर्वाधिक अहं भूमिका रहेको हुन्छ। कानून कार्यान्वियन गर्ने अधिकारीले आफूलाई अनुचित दवावबाट मुक्त राख्ने, गैर कानूनी कार्यलाई प्रोत्साहन नदिने जस्ता न्यूनतम आधारभूत शर्तहरू पूर्ण पालना गर्न सक्नु पर्दछ। स्व अनुशासन, नैतिकताको पालना, कानून र राष्ट्र प्रति उत्तरदायि, कर्तव्य निष्ठा, मानवअधिकार प्रति आदर र सम्मानको भावना राखी अत्यावश्यक र अपरिहार्य परेमा बाहेक बल प्रयोग गर्नु नहुने, काम कारबाहीको विश्वसनियता तथा गोपनीयता, यातना दिन नहुने, वा कठोर अमानवीय सजायको लागि अरू प्रति दायित्व थोपरी अन्य कारण देखाई त्यस्ता कार्यको प्रोत्साहन वा समर्थन दिने कार्य गर्न नहुने, थुनामा बसेका व्यक्तिको स्वास्थको पूरा संरक्षण गर्ने जस्ता आचार संहिताका न्यूनताम मापदण्डहरू पूरा गर्नू पर्दछ ७। मानव, मानवता र मानवअधिकार प्रतिको सम्मान, निष्ठा र त्यस प्रतिको प्रतिबद्धता कानून कार्यान्वियन गर्ने निकायको अत्यावश्यक पूर्वाधार हो।

**नेपालको मानवअधिकार प्रतिको प्रतिवद्धता र यथार्थता**

नेपालमा सैद्धान्तिक तथा कानूनी रूपमा मानवअधिकारको प्रत्याभूति गर्ने काम निकै समय अगाडिदेखि प्रारम्भ भए तापनि व्यवहारमा प्रभावकारी कार्यान्वियनको अभावमा त्यसता संवैधानिक एवं कानूनी अधिकार यथार्थमा परिणत हुन सकेन्। नेपाल अधिराज्यको संविधान, २०४७ को प्रार्दुभाव संगै मानवअधिकार प्रतिको नेपालको प्रतिबद्धताको विकासको प्रारम्भ भएको छ। नेपालले मानवअधिकारसंग सम्बन्धित दासता महासन्धि १९२६, दासत्व, दास व्यापार र दासत्वरूपि संस्था तथा व्यवहार उन्मूलनको सन् १९५६ को पूरक महासन्धि, नरहत्या अपराधको रोकथाम तथा सजाय सम्बन्धी सन् १९४८ को महासन्धि, सवै प्रकारका जातीय भेदभावको उन्मूलन सम्बन्धी संन् १९६५ को अन्तराष्ट्रिय महासन्धि, रंगभेद अपराधको दमन तथा रोकथाम सम्बन्धी सन् १९७३ को अन्तर्राष्ट्रिय महासन्धि, खेलकुदमा रंगभेद विरूद्धको सन् १९८५ को अन्तराष्ट्रिय महासन्धि, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी सन् १९६६ को अन्तर्राष्ट्रिय अनुवन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी सन् १९६६ को अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी सन् १९६६ को अनुबन्धको इच्छाधिन उपलेख, महिलाको राजनीतिक अधिकार सम्बन्धी सन् १९५४ को महासन्धि, महिला विरूद्ध सवैप्रकारको भेदभावको उन्मूलन सम्बन्धी सन् १९७६ को महासन्धि, यायना तथा अन्य निर्मम, अमानविय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी सन् १९८४ को महासन्धि, बाल अधिकार सम्बन्धी सन् १९८९ को महासन्धिलाई अनुमोदन गरी सकेको छ। उक्त महासन्धिहरूले व्यवस्था गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी कानूनी मान्यतालाई राष्ट्रिय स्तरमा प्रचलन तथा कार्यान्वयन गर्न राष्ट्रिय कानूनमा स्थानान्तरण गर्नु त्यत्तिकै आवश्यक छ। तर पनि नेपालले अनुमोदित सन्धिहरूको वैधता राष्ट्रिय कानून सरह भई सन्धिसंग राष्ट्रिय कानून बाझिएमा सन्धि नै मान्य हुने व्यवस्थालाई स्वीकारेरको छ। यथार्थतामा मानवअधिकारको मूल्यांकन गर्दा विना अनुसन्धान तहकीकात राजनीतिक वन्दीलाई थुनामा राखिएका, राजनीतिक तथा फौजदारी थुनुवाहरूमाथि यातना दिइएको, गैर कानूनी रूपमा प्रहरीद्वारा केही व्यक्ति मारिएका वा वेपत्ता पारिएका, जवर्जस्ती इच्छा विरूद्धको बयानमा सहि गर्न बाध्य बनाइएको ८ भन्ने जस्ता प्रतिवेदनहरू विभिन्न मानवअधिकारवादी संघ संगठनहरूबाट प्रस्तुत गरिदै आएको यस अवस्थामा मानवअधिकारको संरक्षण प्रति व्यावहारिक रूपमा सम्मान गर्ने प्रतिबद्धता र निष्ठाको जरूरत परेको छ। संविधान तथा कानूनमा मानवअधिकारलाई स्वीकार गरी सम्मान देखाइएको भए पनि गरीवी, भोकमरी, रोग र अशिक्षाका कारण बहुसंख्याक नेपालीहरू मौलिक हक उपभोग गर्न सक्षम भई रहेका छैनन ९। संविधानसम्मत रूपमा मानवअधिकार संरक्षण गर्ने कानून अद्यापि बन्न सकेको छैन। समग्रमा मानवअधिकार प्रतिको महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई जनआन्दोलन पछाडि स्थापित सरकारले स्वीकार गरेको भए पनि

*संविधानसम्मत रूपमा मानवअधिकार संरक्षण गर्ने कानून अद्यापि बन्न सकेको छैन। समग्रमा मानवअधिकार प्रतिकौं महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई जनआन्दोलन पछाडि स्थापित सरकारले स्वीकार गरेको भए पनि सो प्रतिबद्धता अनुरूपका दायित्व र कार्यहरू व्यवहारमा हुन सकिरहेका छैनन।*

सो प्रतिबद्धता अनुरूपका दायित्व र कार्यहरू व्यवहारमा हुन सकिरहेका छैनन।

**मानवअधिकार संरक्षणका प्रयास र संयन्त्र**

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रारम्भ पश्चात मानवअधिकार प्रति जनचेतना बढाउने, सरकारलाई सुझाव र मार्गदर्शन प्रदान गर्ने, मानवअधिकार स्थितिको सम्बन्धमा सर्वसाधरणलाई जानकारी गराउने उद्देश्यले गैर सरकारी क्षेत्रमा विभिन्न मानवअधिकारवादी संगठनहरू सक्रिय रूपमा कार्यरत छन् भने सरकारले पनि विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि संझौतालाई अनुमोदन गरेको छ। मानवअधिकार संरक्षण र सम्वर्द्धनको लागि प्रनिनिधि सभामा मानवअधिकार समिति गठनको व्यवस्था छ। मानवअधिकारको संरक्षण गर्न मानवअधिकार आयोग गठन गर्ने कुरालाई केही राजनीतिक दलले आफ्नो घोषणापत्रमा समावेश गरेका छन् १०। मौलिक हकमा बन्देज लगाएको वा अन्य कुनै कारणले संविधान विरूद्ध भएको कुनै कानून शून्य घोषित गर्न सक्ने ११ न्यायिक पुनरावलोकनका अधिकार अन्तर्गत सर्वोच्च अदालतले सैनिक ऐन २०१६ को दफा ३ (घ),१२ मुलुकी ऐन अदलको महललको दफा १० नं. को स्पष्टिकरण खण्ड १३ तथा श्रम ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशलाई १४ संविधान प्रतिकूल ठहर गरी खारेज गरि सकेको छ भने सार्वजनिक हक सरोकार निहित अधिवक्ता राधेश्याम अधिकारीको मुद्दा १५, अम्वर बहादुर गुरूङ्गको वन्दी प्रत्यक्षीकरण सम्बन्धी मुद्दा१६, राजनैतिक संगठन सम्बन्धी प्रशान्त महर्जन र प्रभुनारायण चौधरी समेतको मुद्दा१७, सूचनाको हक सम्बन्धमा डा. राजेश गौतम समेतको अरूण तेस्रो सम्बन्धी मुद्दा १८ मा सर्वोच्च अदालतले मौलिक हक र मानअधिकार प्रति आफ्नो स्पष्ट दृष्टिकोण प्रस्तुत गरिसकेको छ। संविधानद्वारा प्रत्याभूत गरिएका मानवअधिकारको संरक्षण गर्न सर्वोच्च अदालत आधारस्तम्भको रूपमा रहेको छ।

मानवअधिकारको संरक्षणमा सरकारका तीनै अंगहरूको समान भूमिका रहेको हुन्छ। अन्तर्राष्ट्रिय सन्धि संझौतालाई राष्ट्रिय कानूनमा स्थानान्तरण गर्ने, संविधान सम्मत कानूनको निर्माण गर्ने कार्य व्यवस्थापिकाको हो भने त्यसको उद्देश्य प्राप्तिका लागि प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकाको रहेको हुन्छ र कानूनको व्याख्या गरी मानवअधिकारको उल्लंघन भएमा त्यसको प्रत्याभूति गराउने तथा मानवअधिकार कानूनको अनुसरण र पालना गर्न लगाउने दायित्व स्वतन्त्र न्यायपालिकाकाले रहेको हुन्छ। त्यसैगरी राज्यकवो शान्तिसुरक्षा गर्ने दायित्व लिएको प्रहरीले पनि मानवअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निभाउनु पर्ने हुन्छ। कानून कार्यान्वयन गर्ने अन्य निकाय तथा

> *नेपाल जस्तो विपन्न देशमा आम नागरिकको मौलिक अधिकारको तत्काल र प्रभावकारी संरक्षणमा मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहन सक्ने देखिन्छ। यस्तो आयोग गठन हुन सकेमा एकातर्फ आम नागरिकले लामो अदालती कार्यविधिमा नअल्मलीई तत्काल र प्रभाकारी रूपमा मानवअधिकार उल्लंघनको उपचार प्राप्त गर्न सक्षम हुन सक्ने हुन्छ भने अर्कोतर्फ वर्तमान अदालतको कार्यबोझमा पनि कमी आउन सक्ने देखिन्छ*

अधिकारी, गैरसरकारी संगठनहरू, प्रेस तथा पत्रकारिता क्षेत्र सबैले आ-आफ्नो तर्फबाट मानवअधिकार प्रति सचेत र सजग रही जनचेतना जगाउने, मानवअधिकार उल्लंघनको विरूद्ध आवाज उठाई सम्बन्धित आधिकारिक निकाय समक्ष पुर्‍याउने , पेशागत मर्यादाको सम्मान गर्दै आफ्नो भूमिका निर्वाह गर्न सक्नु पर्दछ। कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरूलाई मानवअधिकारका मान्यताका सम्बन्धमा निरन्तर रूपमा प्रभावकारी रूपमा प्रशिक्षण दिनु पर्दछ।

**मानवअधिकार आयोगको आवश्यकता**

बहुसंख्यक नागरिकहरू आर्थिक विपन्नताको स्थितिमा जीवन विताईरहेको र अशिक्षा, भोकमरी र रोग नै प्रमुख समस्याको रूपमा रहेको हाम्रो देशमा संविधान तथा कानून प्रदत्त हकको उपभोग गर्न आम नागरिकहरू असक्षम भइरहेको तथा जुनसुकै परिस्थितिमा पनि मानवअधिकारको उल्लंघनमा उपचारको लागि अदालत समक्ष जानुपर्ने स्थितिको विद्यमानताले मानवअधिकारको उल्लंघनका घट्नाहरूलाई तत्काल अवलोकन र पर्यवेक्षण गरी शिघ्र उपचार प्रदान गर्न एउटा अधिकार सम्पन्न आयोगको आवश्यकता केही समय अगाडि देखि नै महसूस गरिएको भए पनि यो आयोग गठन गर्ने सम्बन्धी प्रस्ताव संसदबाट अनुमोदन हुन सकेन। नेपाल जस्तो विपन्न देशमा आम नागरिकको मौलिक अधिकारको तत्काल र प्रभावकारी संरक्षणमा मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहन सक्ने देखिन्छ। यस्तो आयोग गठन हुन सकेमा एकातर्फ आम नागरिकले लामो अदालती कार्यविधिमा नअल्मलीई तत्काल र प्रभाकारी रूपमा मानवअधिकार उल्लंघनको उपचार प्राप्त गर्न सक्षम हुन सक्ने हुन्छ भने अर्कोतर्फ वर्तमान अदालतको कार्यबोझमा पनि कमी आउन सक्ने देखिन्छ। मानवअधिकार अयोगको आवश्यकता र महत्वलाई अनुभव गर्दै केही राजनीतिक दलले१९ आफ्नो चुनावी घोषणापत्रमा समेत मानवअधिकार आयोग गठन गर्ने कुरा उल्लेख गरेका छन्। नयाँ संविधानको भावना अनुरूप आम जनतालाई मानवअधिकारको उपभोग गर्न सजिलो हुने उपचारात्मक व्यवस्थाको रूपमा एक निष्पक्ष, सक्षम र प्रभावकारी कानूनी अधिकार सम्पन्न आयोगको सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था गरी मानवअधिकार प्रतिको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न मानवअधिकार आयोग आवश्यक भएको तथ्यलाई सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको दोस्रो सम्मेलन २०५१ ले स्वीकारेको छ२०। आयोगको कार्यक्षेत्रको रूपमा थुनामा परेका व्यक्तिको थुनाको बैधता, यातना, थुनुवा बन्दीको अवस्था बाल शोषण, बँधुवा मजदूरको हक हित, महिला विरूद्ध हुने शोषण, तथा मानवअधिकारसंग सम्बन्धित अनय यस्तै विषयलाई राखि यस्ता कार्यक्षेत्रका विषय अन्तर्गत प्राप्त हुन आएका जानकारी वा

उजुरीका विषयमा आवश्यकता अनुसार स्थलगत निरीक्षण, अवलोकन आदि गरी सम्बन्धित अधिकारीलाई उचित र आवश्यक निर्देशन दिने, त्यस्तो कार्य नगर्न सचेत गराउने, श्री ५ को सरकार तथा मानवअधिकार सम्बन्धमा गोष्ठी, सभा, सेमिनार आयोजना गर्ने, स्वदेशी एवं विदेशी संघ संगठनसंग सम्पर्क र सम्बन्ध राख्ने आदि अधिकार दिनु पर्ने र त्यस्तो आयोग सर्वोच्च अदालतको अवकाश प्राप्त पूर्व प्रधान न्यायधीश वा न्यायाधीशको अध्यक्षतामा नेपाल वार एशोसिएशन, पत्रकार संघ, मानवअधिकार सम्बन्धी गैर सरकारी संगठन समेतको प्रतिनिधित्व हुने गरी गठन गर्नु पर्ने कुरालाई आजको सन्दर्भमा औंल्याईएको छ। केही स्केण्डिनेभियन देशहरूमा अख्तियार दूरूपयोग निवारण आयोगले समेत मानवअधिकारको उल्लंघन सम्बन्धी घट्नाको अनुसन्धान गरी सचेत गराउने प्रचलन रहे भएको हुनाले २१ त्यसबाट समेत मानवअधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुग्न गएको भएपनि नेपालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई त्यस्तो अधिकार नरहेकाले छुट्टै मानवअधिकार आयोगको आवश्यकता अझ महशूस गरिएको छ। तसर्थ नेपालको सन्दर्भमा वर्तमान परिप्रेक्षमा एक अधिकार सम्पन्न मानवअधिकार आयोगको स्थापना हुनु अपरिहार्य देखिन्छ।

### निष्कर्ष

कुनै पनि सैद्धान्तिक पक्षको सार्थकता र औचित्यता तव मात्र सिद्ध हुन सक्दछ जव त्यसले पूर्ण रूपमा व्यवहारमा गतिशीलता प्राप्त गर्न सक्दछ। मानवअधिकारको सर्वाधिक महत्वपूर्ण पक्ष मानवअधिकार सम्बन्धी कानूनी व्यवस्थाको व्यवहारिक कार्यान्वयन हो। संविधान, ऐन, कानून तथा अन्तर्राष्ट्रिय सन्धि संझौताहरूमा उल्लेखित मानअधिकारका विषयलाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम हुन सकिएमा नै संवैधानिक एवं कानूनी अधिकारको औचित्य रहन्छ। प्रहरी तथा प्रशासकमा मानअधिकार प्रतिको निष्ठा र सम्मानको भावनालाई पदोन्नतिको आधार बनाईनुं, प्रहरीद्वारा हुने ज्यादतिका विरूद्ध उजुरी सुन्ने सक्षम निकायको व्यवस्था गरिनु, राजनीतिक दलहरूले जनताको मौलिक मानवअधिकारको सम्मान गर्दै उनीहरूको सार्वभौम अधिकारलाई संरक्षण गर्ने प्रतिबद्धता साथ स्वस्थ र स्वच्छ राजनीतिक संस्कार, आचरण र प्रजातान्त्रिक अभ्यासको विकास गर्नु, मौलिक हकको उपभोग गर्न आवश्यक उपयुक्त वातावरण सिर्जना गर्न, मानवअधिकारको संरक्षणको लागि सरकार, सरकारी एवं गैर सरकारी, संगठन वा निकाय, प्रशासन, प्रेस जगत तथा शिक्षित वर्ग सबैको आ–आफ्ना क्षेत्रबाट सतत् प्रयास गरिएमा मात्र मानवअधिकार सम्बन्धी वर्तमान स्थितिबाट सुधार तर्फ अग्रसर हुंन सकिन्छ। मानवअधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अनुवन्ध र महासन्धिहरूलाई नेपालले अनुमोदन गरी जो पक्षधर भएको छ ती महासन्धिहरूको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न नेपाल सक्षम हुनु परेको छ। भने सन्धिको पक्षधर बनी दायित्व निर्वाह गर्न आवश्यक पूर्वाधार पूरा भइसकेको वर्तमान सन्दर्भमा देहायका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूलाई नेपालले अनुमोदन गर्नु आवश्यक र उपयुक्त देखिन्छ।

*केही स्केण्डिनेभियन देशहरूमा अख्तियार दूरूपयोग निवारण आयोगले समेत मानवअधिकारको उल्लंघन सम्बन्धी घट्नाको अनुसन्धान गरी सचेत गराउने प्रचलन रहे भएको हुनाले २१ त्यसबाट समेत मानवअधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुग्न गएको भएपनि नेपालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई त्यस्तो अधिकार नरहेकाले छुट्टै मानवअधिकार आयोगको आवश्यकता अझ महशूस गरिएको छ। तसर्थ नेपालको सन्दर्भमा वर्तमान परिप्रेक्षमा एक अधिकार सम्पन्न मानवअधिकार आयोगको स्थापना हुनु अपरिहार्य देखिन्छ।*

क. जीउ मास्ने बेच्नेको तथा अरूको वेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्था भएको सन् १९४९ को महासन्धि,

ख. वलात् श्रम विषयक सन् १९३० को महासन्धि,

ग. वलात श्रम उन्मूलन गर्ने सम्बन्धी सन् १९५७ को महासन्धि,

घ. संगठनको स्वतन्त्रता तथा संगठित हुने अधिकारको संरक्षण सम्बन्धी सन् १९४८ को महासन्धि,

ङ. शिक्षामा भेदभाव विरूद्धको सन् १९६० को युनेस्को महासन्धि,

च. विवाहको लागि सहमति, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी सन् १९६२ को महासन्धि,

छ. मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको सन् १९४९ को दोस्रो ऐच्छिक उपलेख।

नेपाल अधिराज्यको संविधान, २०४७ ले आत्मसात गरेका मौलिक हकलाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्न यातना दिइएको अवस्थामा क्षतिपूर्ति दिनुपर्ने कानूनको निर्माण देखि सूचनाको हक र गोपनियताको हकलाई क्रियाशील गराउन उपयुक्त कानूनको तर्जुमा गर्नु त्यत्तिकै जरूरी छ। यसैगरी पीडित पक्षलाई राहत दिन उपयुक्त कानूनको व्यवस्था गर्नु पनि उत्तिकै आवश्यक छ। मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका मान्यता अनुरूप प्रशासकीय कानूनहरूमा संशोधन गरिनु त्यतिकै जरूरत छ भने मानवअधिकारको संरक्षण र प्रवर्द्धनका निमित्त मानवअधिकार आयोगको गठन आजको आवश्यकता हो।

*नेपाल कानून समाजद्वारा ०५१ मंसीर १४ गते राजधानीमा आयोजित छलफल कार्यक्रममा प्रस्तुत कार्यपत्र*

# अन्तर्राष्ट्रिय फौजदारी अदालत बारे एम्नेष्टी

एमनेष्टी इन्टरनेशनल यथाशीघ्र अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना हुनुपर्ने कुरालाई समर्थन गर्दछ। त्यस्तो अदालतले मात्र मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड तथा निष्पक्षतालाई आदर गर्दै दण्डरहित प्रचलनलाई समाप्त गर्ने दिशामा प्रयत्न गर्न सक्दछ। व्यापकरूपमा मानवअधिकार उल्लंघन गर्नेहरूलाई सम्बन्धित देशले कारवाही गर्न सकेन भने यस्तो अदालतको प्रयोग प्रभावकारी ठहर्दछ।

८ अगष्ट १९४५ मा अन्तर्राष्ट्रिय सैन्य अदालतलाई व्यवहारमा ल्याइए यता संयुक्त राष्ट्र संघको साधारण सभाले स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी प्रस्ताव अघि सारेको थियो। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले अर्को वर्ष यो सन्धिलाई ग्रहण गर्न सक्नेछन् जसले गर्दा उक्त अदालतले संयुक्त राष्ट्र संघको स्थापनाको ५० औं वर्षमा कार्य प्रारम्भ गर्न सक्नेछ। अन्तर्राष्ट्रिय स्तरमा एक स्थायी फौजदारी अदालतको आवश्यकता यस अर्थमा पनि महशुश गरिंदै आएको छ कि दोस्रो विश्व युद्ध पछि बुरूण्डी लगायत विश्वका कैयौं भागमा भएका आमहत्याका अपराधीहरू आफ्नो देशका अदालतका अनिच्छा वा असक्षमताका कारणले दण्डित हुन सकेका छैनन्।

एम्नेष्टी इन्टरनेशनल अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाबाट गैरकानूनी हत्या, वेपत्ता पारिने घटना, यातना तथा अन्य मानवअधिकार उल्लंघनका घटनाहरूका अपराधीहरूको दण्डबाट मुक्तिको स्थितिमा परिवर्तन हुने ठानेको छ। त्यस्तो अदालतले मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड तथा निष्पक्षताको पालना गर्नु पर्दछ। तर पनि हरेक देशले मानवअधिकार उल्लंघनका अभियुक्तहरूलाई सवैभन्दा पहिले आफ्नो देशको अदालतबाटै न्याय दिने कोशिश गर्नु पर्दछ। त्यसो हुन नसके मात्र अन्तर्राष्ट्रिय अदालतमा जाने परम्परा अवलम्वन गरिनु पर्दछ।

अन्तर्राष्ट्रिय ~~स्थायी~~ फौजदारी अदालत स्थापनाको सन्दर्भमा एम्नेष्टीको दृष्टिकोण

- संयुक्त राष्ट्र संघको ४९ औं साधारण सभामा अन्तर्राष्ट्रिय फौजदारी अदालत न्यायिक निष्पक्ष तथा प्रभावशाली गराइने कुराका निम्ति आवश्यक निर्णय लिइनु पर्छ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानमा सशस्त्र संघर्षका वेला निषेधित गरिएका अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रावधानहरूलाई संलग्न गरिनु पर्दछ।
- उक्त विधानलाई स्वीकृत गर्ने हरेक देशको आफ्नो कानूनी कार्यक्षेत्र भएतापनि अन्तर्राष्ट्रिय अदालतले अन्तर्राष्ट्रिय कानून अन्तर्गत नै अभियुक्तहरूको सुनुवाइ गरिनुपर्नेछ।
- उक्त विधानमा यो कुरा पनि उल्लेख गर्नु पर्दछ कि यसले मानवअधिकारका तथा निष्पक्ष सुनुवाइका अन्तर्राष्ट्रिय मापदण्डहरूलाई पालना गर्दै अभियुक्तहरूमाथि उचित व्यवहार गर्नेछ।
- उक्त विधानमा प्रतिवादीहरूको अधिकार सुरक्षित भए नभएको तथा सजाय भोगिरहेका वन्दीहरूको अवस्थाका बारेमा प्रभावशाली अन्तर्राष्ट्रिय निरीक्षण गर्न सकिने प्रावधान राखिनु पर्दछ।

## वुरूण्डीको आमहत्या



*वुरूण्डी हाम्रो नेपाल जस्तै भूपरिवेष्ठित देश हो। त्यहाँ लामो समयदेखि अल्पसंख्यक तुत्सीहरूद्वारा बहुसंख्यक हुतु सम्प्रदायका मानिसहरूउपर अत्याचार हुँदै आएको छ। वुरुण्डी त्यसैका निम्ति आफ्नै किसिमले चर्चित छ। सन् १९६२ मा स्वतन्त्र भएको वुरूण्डीका ८५ प्रतिशत नागरिक हुतु जातिका छन्। तर देशमा १४ प्रतिशत तुत्सीहरूको निरंकुशता चलिआएको छ। विश्वका मानवअधिकारवादीहरूका सामु वुरुण्डीको ज्यादती दोश्रो विश्व युद्धपछिका आमहत्याका रूपमा चिन्ताको विषय बन्दै आएको छ। सन् १९७२ मा एक लाख हुतुहरू अल्पसंख्यक तुत्सीहरूको नरसंहारको शिकार भएका थिए। सन् १९८८ मा पनि ३० हजार हुतुहरू मारिएका थिए। हुतुहरूमाथिको ज्यादति अहिले पनि जारी छ। अझै पनि हुतुहरू मातृभूमि होइन वाध्य छन्। शरणार्थी शिवीरहरूमा जीवन बिताउन वाध्य छन्।*

- विधानमा अदालतको दायित्व बढ्न जांदा यसको आकार पनि बढाउन सक्ने प्रावधान राखिनु पर्दछ।

**अन्तर्राष्ट्रिय फौजदारी अदालतका आधारभूत सिद्धान्तहरू**

एम्नेष्टी इन्टरनेशनलको अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाको क्रममा निम्न सिद्धान्तहरू पालना गरिनु पर्दछ भन्ने धारणा छ।

- अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानमा अदालती स्वतन्त्रताको पक्ष र सक्षम तथा अनुभव न्यायाधीशहरूको छनौट गर्ने कुरा स्पष्ट रूपले उल्लेख गरिएको हुनुपर्दछ।
- अन्तर्राष्ट्रिय अदालतको न्यायाधिकार क्षेत्रभित्र अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनहरूको व्यापक उल्लंघन गर्नेहरू सबैमाथि कारवाही गर्न सकिने व्यवस्था गरिनु पर्दछ।
- उक्त विधानले निष्पक्ष र स्वतन्त्र निकायबाट सुनुवाई अन्तराष्ट्रिय मानवअधिकार मापदण्ड अनुसार हुने कुरा प्रत्याभूत गरेको हुनु पर्दछ।
- उक्त विधानमा यो कुरा पनि उल्लेख हुनुपर्दछ कि हरेक प्रतिवादीलाई स्वतन्त्र तथा निष्पक्ष अदालतमा उभ्याइनेछ र उसको गिरफ्तारीदेखि फैसलासम्मको कारवाही मानवअधिकारको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हुनु पर्छ।
- उक्त विधानमा मृत्युदण्डको व्यवस्थालाई खारेज गरिनु पर्दछ।
- माथिल्लो कानूनी निकायमा अपील तथा फैसलाको पुनरावलोकनको निम्ति अनुरोध गर्न सक्ने व्यवस्था हुनुपर्दछ।
- आधारभूत बचाउको अन्तर्राष्ट्रिय स्तर अभियुक्तमाथि लागू गरिने कुरा उल्लेख गरिनुपर्छ।
- उक्त विधानमा माफी एवं सजाय कम गर्न सक्ने व्यवस्था हुनुपर्दछ।
- विधानमा मानवअधिकार उल्लंघनमा परेकाहरू, तिनीहरूका आफन्तहरू र साक्षीहरूलाई घटनाक्रमको कारवाहीका क्रममा हुन सक्ने आक्रमणबाट जोगाउने कुरा उल्लेख गरिनु पर्दछ।
- मानवअधिकार उल्लंघनमा पर्नेहरू तथा तिनका आफन्तहरूको सुरक्षा, क्षतिपूर्ति तथा अन्य बन्दोवस्त अन्तर्राष्ट्रिय अदालत वा अन्य निकायबाट हुनेछ भन्ने कुराको ग्यारेण्टी गरिनु पर्छ।
- उक्त अदालतलाई निष्पक्ष सुनुवाई निकाय लगायत अन्य आवश्यक श्रोतहरू प्रशस्त मात्रामा उपलब्ध गराइनु पर्दछ।

# मानवअधिकार आयोगका सम्बन्धमा एम्नेष्टी इन्टरनेशनलको सुझाव

मानवअधिकारको संरक्षणको दिशामा राष्ट्रिय मानवअधिकार आयोगको निर्माण महत्वपूर्ण हुनसक्छ। तर यस्तो आयोगले निष्पक्ष, स्वतन्त्र र अख्तियार सम्पन्न सक्षम न्यायालयले कायम गरेको व्यापक एवं प्रभावकारी कानूनी संरचनाहरूलाई विस्थापित गर्नु हुँदैन। विद्यमान कानूनी तथा अन्य निकायहरूको पर्याप्त रेखदेख गर्न र मानवअधिकारको संरक्षण गर्न आयोगले कानूनी संरचनाहरूलाई अझ बढी प्रभावकारी बनाउनु पर्दछ। स्वतन्त्र, निष्पक्ष र अधिकारसम्पन्न न्यायालयसंग हातमा हात मिलाएर मानवअधिकार आयोग अघि बढ्नु पर्छ। मानवअधिकार उल्लंघन गर्नेलाई दण्ड दिने कुराको ग्यारेण्टी गर्ने गरी र उल्लंघनकर्ताहरू पूर्णरूपले जिम्मेवार हुने गरी, यी कदमहरू सरकारी नीतिद्वारा निश्चित र निर्धारित गरिनु पर्छ।

सन् १९९२ मा राष्ट्रसंघीय मानवअधिकार आयोगले राष्ट्रिय स्तरका मानवअधिकार निकायको लागि आवश्यक सिद्धान्हरू स्वीकृत गऱ्यो। अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएका ती सिद्धान्तहरूले मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्न राष्ट्रिय निकायको स्थापनाका लागि मूलभूत न्यूनतम् मार्गदर्शकका रूपमा काम गर्नु पर्छ।

एम्नेष्टी इन्टरनेशनलले मानवअधिकार आयोगको गठनका सम्बन्धमा केही सुझावहरू प्रदान गरेको छ। आयोग सरकारबाट स्वतन्त्र हुनुपर्छ र यो कुरा आयोगको घोषणा-पत्रमा प्रतिविम्बित हुनुपर्छ। आयोगको स्थापना यथासम्भव संवैधानिक प्रक्रियाबाट गरिनु पर्छ र कानूनसम्मत हुनुपर्छ।

*मानवअधिकार संरक्षण सम्बन्धी विद्यमान कानून एवम् प्रशासनिक प्रावधानहरूको प्रभावकारिताको पुनरावलोकन गर्ने रत्यस्ता कानून, प्रावधानहरूका संशोधन र आवश्यकता अनुसार नयाँ कानून वा प्रावधानद्वारा प्रतिस्थापन गर्न सिफारिस तथा अनुगमन गर्न सक्ने गरी आयोग अधिकारसम्पन्न हुनु पर्छ।*

तथ्यहरू र कानूनका आधारमा विना कुनै पूर्वाग्रह, कसैको कुनै पनि अनुचित दबाव, प्रभाव, प्रलोभन, धम्की वा हस्तक्षेपबाट प्रभावित नभई स्वतन्त्र र निष्पक्ष न्याय गर्न सक्षम तथा ख्यातिप्राप्त पुरूष र महिला आयोगमा रहनुपर्छ। आयोगका सदस्यहरूको छनौट सरकारबाट स्वतन्त्र, आफ्नो विषयका विशेषज्ञ, मानवअधिकारको प्रवर्द्धन र संरक्षणको क्षेत्रमा दक्ष र सम्बन्धित व्यवसायिक समूहका साथसाथै गैरसरकारी क्षेत्रको विविध पृष्ठभूमिट गरिनु पर्छ।

सदस्यहरूको छनौट प्रक्रिया स्वच्छ, पारदर्शी, स्वतन्त्र एवम् व्यापक प्रतिनिधित्वका आवश्यक सबै पूर्वाधार पूरा गर्न सक्ने हुनु पर्छ। सदस्यहरू वैयक्तिक क्षमताले सेवा दिनसक्ने र आयोगलाई प्रभावकारी सेवा उपलब्ध गराउन सक्ने हुनुपर्छ। उनीहरूको नियुक्ति, अधिकार क्षेत्र र अवकाशका शर्तहरू प्रष्ट किटान गरिएको हुनु पर्दछ। आयोगको घोषणा-पत्रमा यसका सदस्यहरूको दक्षता, निष्पक्षता एवम् स्वायत्तताको यथासक्य बलियो प्रत्याभूति हुनुपर्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारहरूको अर्न्तराष्ट्रिय अनुवन्ध, यातनाविरूद्धको राष्ट्रसंघीय घोषणापत्र र अभिसन्धि, कानून कार्यान्वयन गर्ने पदाधिकारीहरूका लागि राष्ट्रसंघीय आचार-संहिता, थुना वा कैदमा रहेका सबै बन्दीहरूको संरक्षणका लागि राष्ट्रसंघीय सिद्धान्त र गैरकानूनी, जथाभावी वा संक्षिप्त कारवाहीद्वारा हुने हत्याबाट प्रभावकारी सुरक्षा तथा तहकिकात सम्बन्धी राष्ट्रसंघीय सिद्धान्त लगायत सम्बन्धित मानवअधिकारका

अन्तर्राष्ट्रिय मापदण्डहरूको सम्मति र प्रचलनका लागि प्रतिवेदन र निगरानी गर्न आयोग अधिकार सम्पन्न हुनुपर्छ।

मानवअधिकार संरक्षण सम्बन्धी विद्यमान कानून एवम् प्रशासनिक प्रावधानहरूको प्रभावकारिताको पुनरावलोकन गर्ने रत्यस्ता कानून, प्रावधानहरूका संशोधन र आवश्यकता अनुसार नयाँ कानून वा प्रावधानद्वारा प्रतिस्थापन गर्न सिफारिस तथा अनुगमन गर्न सक्ने गरी आयोग अधिकारसम्पन्न हुनु पर्छ। सरकार वा संसदले ल्याएका नयाँ विधेयक वा प्रस्तावहरू मानवअधिकारको अन्तर्राष्ट्रिय स्तरसंग दाँज्ने मापदण्ड निर्धारण गर्ने, त्यस्ता प्रस्ताव, विधेयकहरूको जाँचबुझ गर्ने र माथिका अन्तर्राष्ट्रिय दस्तावेजहरूप्रति राज्यको सम्मति निश्चित गर्ने कार्य आयोगले गर्नु पर्छ।

आयोगको सरोकार-क्षेत्र शैद्धान्तिक तवरले स्पष्टताका साथ राज्यको दायित्वको रूपमा मानवअधिकारको अन्तर्राष्ट्रिय कानून अन्तरगत परिभाषित हुनुपर्छ। सामान्य फौजदारी न्यायव्यवस्था वा राज्यका अन्य निकाय अन्तरगत हेरिने मामिलाहरू आयोगलाई हेर्न लगाएर आयोगको समय र स्रोतहरूको अपचलन गर्न हुँदैन।

मानवअधिकारको उल्लंघन भएको प्रतिवेदन पाएका मामिलाहरूको आफ्नै पहलमा छानविन गर्न र प्राप्त प्रतिवेदनको गम्भीरता विचार गरी प्रष्ट प्राथमिकता निर्धारण गर्न आयोगले अधिकार पाउनु पर्छ। साथै बाँच्ने, वैयक्तिक सुरक्षा र यातनाबाट सुरक्षित रहन पाउने एवं जथाभावी गिरफ्तार गरी थुनामा राखिन नहुने जस्तो कहिल्यै बन्देज लगाउन नहुने अधिकारहरूको उल्लंघनका आरोपहरूलाई आयोगले प्राथमिकता दिनु पर्छ।

आयोग गैरसरकारी संघ-संगठनहरूसित प्रभावकारी सम्बन्ध स्थापना गरी मानवअधिकार उल्लंघनका प्रारम्भिक सूचनाहरू उनीहरूबाट पाउनसक्ने दिशामा निर्देशित हुनुपर्छ।

राष्ट्रका आधारभूत महत्वका मानवअधिकार सम्बन्धी सवालहरूमा व्यापक र राष्ट्रिय स्तरमा छानवीन कार्यहरू गर्न आयोग अधिकारसम्पन्न हुनुपर्छ।

देशको सुरक्षा निकाय र कानूनी संरचनाहरूको कारण मानवअधिकारको उल्लंघन गर्ने अवस्थाहरूको विश्लेषण, मानवअधिकारको उल्लंघन गराई राख्न मद्दत गर्ने तत्वहरूको विवेचनायुक्त विश्लेषण तथा कुनै संस्थाहरूको असफलताले भैरहेका उल्लंघनहरूको छानवीन गरी मानवअधिकारको संरक्षण गर्ने उपायहरू सिफारिस गर्न आयोग सक्षम हुनुपर्छ। विश्लेषणबाट प्राप्त नतिजाहरूको आधारमा उल्लंघन रोक्न कानूनी र संरचनागत सुधारका लागि आयोले आवश्यक सिफारिसहरू गर्न सक्ने हुनु पर्दछ।

देशभित्र सुरक्षा शक्तिको आचार-व्यवहार उपर अनुसन्धान गर्न आयोग अख्तियारप्राप्त हुनु पर्छ। प्रभावकारी रूपले यसो गर्न सुरक्षा शक्तिबाट स्वतन्त्र रही पूरा अनुसन्धान कार्य संचालन गर्न र कारवाही अगाडि बढाउन आयोगलाई पर्याप्त सरसुविधा हुनुपर्छ।

देशभरका उल्लंघनका आरोपहरूको पूर्ण, प्रभावकारी र छिटोछरितो रूपमा छानवीन गर्न, तथ्यहरू तथा घटनासित सम्बन्धित सम्पूर्ण वस्तुको जाँचबुझ गर्न आवश्यक पर्ने सबै मानव तथा भौतिक स्रोत सुविधा आयोगलाई हुनुपर्छ।

*आयोगले विशेषीकृत एवं सामान्य रूपमा निकालेका तथ्यहरू, निष्कर्षहरू सिफारिसहरूप्रति सरकारले उपयुक्त समयावधिभित्र जिम्मेवारीको दायित्व लिनुपर्छ। यसरी स्वीकार गरेको जिम्मेवारी सार्वजनिक गरिनुपर्छ।*

उल्लंघनका आरोपहरू छानवीन गर्न आवश्यक आफ्नै अनुसन्धान सयन्त्र र विशेषज्ञको सहयोग लिनेसम्मको अधिकार आयोगलाई हुनुपर्छ। कुनै व्यक्ति थुनिए वा थुनिएको आशंकामा त्यस्तो जुनसुकै ठाउँमा पनि तुरुन्त र निर्वाधरूपमा आयोगले छानवीन गर्न सक्ने ग्यारेण्टी हुनुपर्छ। आयोगको छानवीन कार्यमा सहयोग पुऱ्याउनु सरकारी अधिकारीहरूको वाध्यात्मक दायित्व हुनुपर्छ।

आयोगलाई आफ्नै पहलमा अनुसन्धानको कदम चाल्ने अधिकार प्राप्त हुनुपर्छ। उजुर गर्नेबाट मात्र नभई, सूचना गर्न वञ्चित भएको अवस्थामा उसको वकिल, नातेदार वा उसको पक्षमा गैरसरकारी समूह लगायत सबैले आयोगलाई सूचना गर्न र उजूर गर्न पाउने व्यवस्था हुनुपर्छ। जाँचबुझका लागि साक्षीहरूलाई बयान दिन प्रोत्साहित गर्नलाई आयोगले घटनाहरूको छानवीन गर्दा विशेषगरी क्षेत्रीय र स्थानीय स्तरमा छानवीनको व्यापक प्रचार गरिनु पर्छ।

दस्तावेज निर्माण र अभिलेखका लागि साक्षीहरूलाई उपस्थित हुन वाध्य गराउन सक्ने पूर्ण र प्रभावकारी अधिकार हुनुपर्छ। पीडित र उसका नातेदारहरूलाई अनुसन्धानसित सम्बन्धित जानकारीहरू र कागजातहरू हेर्न दिइनु पर्छ र प्रमाण उपलब्ध गराउन हिंड्दा र बस्दा उनीहरूलाई लागेको खर्च आयोगले उपलब्ध गराउनु पर्छ।

आयोगले खुल्ला रूपमा काम गर्नु पर्छ। सुनवाई सामान्यता सर्वसाधारण जनताका लागि खुला हुनुपर्छ। गोप्य सुनुवाइ अपवाद स्वरूप अवलम्बन गरिने उपाय मात्र हुन्छ। पूर्वनिर्धारित विशेष परिस्थितिमा मात्र गोपनियताको सहयोग लिनुपर्छ। आयोगको कार्यपद्धति, अनुसन्धानको नतिजा, पोष्टमार्टम लगायत अन्य विशेषज्ञका रिपोर्टहरू, प्रहरी तथा अदालती अभिलेखहरू समेत हरेक मामिलाका औपचारिक प्रतिवेदनहरू पूर्ण र सजिलै पाइने गरी व्यापक रूपले सार्वजनिक हुनुपर्छ र सकेसम्म प्रकाशित गरिनु पर्छ।

आयोगमा परेका उजुरी, तत्सम्बन्धी भए गरेका कामहरूको छुट्टाछुट्टै अभिलेख बनाइनु पर्छ। मानवअधिकारको प्रवर्द्धन र संरक्षणका लागि आयोगले गरेका सबै गतिविधिहरूका अभिलेखहरूको प्रतिवेदनहरू आयोगले आवधिक रूपले तयार गर्नु पर्छ। आयोगका प्रतिवेदनहरू आवधिक रूपमा जनप्रतिनिधिहरूको राष्ट्रिय तथा क्षेत्रीय तहमा नियमित रूपले प्रस्तुत गरिनु पर्छ।

आयोगको अनुसन्धानबाट प्राप्त नतिजालाई अविलम्ब उपयुक्त न्यायिक निकाय समक्ष पठाउनु पर्छ। मानवअधिकार उल्लंघन गरेको वा गर्न उक्साएको, आदेश दिएको वा त्यसका लागि अनुमति दिन जिम्मेवार ठहराइएको र अभियोग लागेको हरेक व्यक्तिलाई अनिवार्यरूपले अदालतसामु उभ्याउनु पर्छ। मानवअधिकार उल्लंघन सम्बन्धी कारवाही सुरक्षाशक्ति र अन्य कार्यहरूभन्दा स्वतन्त्र निकायबाट भएको हो

भन्ने कुरा सरकारले सुनिश्चित गर्नुपर्छ र यस्ता अपराधहरूमाथिको अभियोजन वा कारवाहीलाई गम्भीरतापूर्वक लिनुपर्छ।

उच्चपदस्थ अधिकारीहरू आफ्नो निकाय अन्तरगत गरेका काम कुराका लागि जिम्मेदार हुन्छन् र त्यस्तो कामकुराको परिणामस्वरूप हुने कानूनी कारवाही मान्न बेहोर्न र आयोगका नियमहरू मान्न उनीहरूलाई वाध्य गराउने पक्का अधिकार आयोगलाई हुनुपर्छ।

व्यक्तिको जीवन सुरक्षा गर्ने र आवश्यकता अनुसार निःशुल्क औषधोपचार उपलब्ध गराउने अन्तरिम उपाय लगायत पूर्ण र शीघ्र क्षतिपूर्ति दिने र हरेक मामिलाहरूमा अन्य उद्धार र पुनर्स्थापनाका प्रभावकारी उपायहरू अपनाउनसक्ने सुनिश्चितता गर्न आयोगलाई अधिकार हुनुपर्छ।

आयोगले विशेषीकृत एवं सामान्य रूपमा निकालेका तथ्यहरू, निष्कर्षहरू सिफारिसहरूप्रति सरकारले उपयुक्त समयावधिभित्र जिम्मेवारीको दायित्व लिनुपर्छ। यसरी स्वीकार गरेको जिम्मेवारी सार्वजनिक गरिनुपर्छ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा ३ मार्च १९९२ का दिन मानवअधिकार सम्बन्धी राष्ट्रिय निकाय बारेको सहमति तय गरिएको थियो। यहाँ उक्त सहमतिलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ। नेपालमा पनि राष्ट्रिय मानवअधिकार आयोगको निर्माण हुन लागेको परिप्रेक्ष्यमा राष्ट्र संघका यी सुझावहरू सान्दर्भिक ठहरिएका छन्।

राष्ट्रिय स्तरको संस्थाको हैसियतसम्बन्धी सिद्धान्तहरू

**सामर्थ्य र जिम्मेवारीहरू**

१.राष्ट्रिय संस्था मानवअधिकारको प्रवर्द्धक र संरक्षणका लागि दक्षतासाथ दत्तचित्त हुनेछ।

२.राष्ट्रिय संस्थालाई यथासम्भव वृहत्तर दायरामा संवैधानिक वा विधायिकी प्रक्रियामा प्रष्ट उल्लेख गरी यसको वनौट र सामर्थ्यको क्षेत्र तोकिएको हुनेछ।

३. राष्ट्रिय संस्थाहरूलाई अन्य कुराहरू बाहेक देहाय बमोजिमका जिम्मेवारीहरू हुनेछन्।

(क) मानवअधिकारको प्रवर्द्धन र संरक्षणसित सम्बन्धित विषयवस्तुहरूमा, त्यस्तो विषयवस्तुको सुनवाईका लागि सम्बन्धित उच्चस्तरका अधिकारीहरूको अनुरोधमा सल्लाह दिन वा अधिकारको प्रयोग गरी विचारहरू, सिफारिसहरू, प्रस्ताव र प्रतिवेदनहरू सरकार, संसद वा अन्य कुनै सक्षम निकायमा पेश गर्न, त्यस्ता विचार, सिफारिस, प्रस्ताव वा प्रतिवेदनहरू प्रकाशित गर्ने निर्णय गर्न साथै देहायको दायरासम्म सम्बन्धित विशेषाधिकार –

- मानवअधिकारको सुरक्षा तथा संरक्षणको

*मानवअधिकारको सुरक्षा तथा संरक्षणको विस्तार गर्न, यससित सम्बन्धित विधायिकी, प्रशासनिक साथसाथै न्यायपालिकाका प्रावधानहरू र प्रचलित यस्ता प्रावधानहरूको जाँच गर्ने एवं विधेयक र प्रस्तावहरू जाँच गर्ने, मानवअधिकारको मूलभूत सिद्धान्तहरू अनुरूप भए ती प्रावधानहरू सिफारिस गर्ने र आवश्य देखिएमा नयाँ कानून लागू गराउन या प्रचलित कानून संशोधन गर्न र प्रशासनिक उपायहरू लागू वा संशोधन गर्न सिफारिस गर्ने।*

विस्तार गर्न, यससित सम्बन्धित विधायिकी, प्रशासनिक साथसाथै न्यायपालिकाका प्रावधानहरू र प्रचलित यस्ता प्रावधानहरूको जाँच गर्ने एवं विधेयक र प्रस्तावहरू जाँच गर्ने, मानवअधिकारको मूलभूत सिद्धान्तहरू अनुरूप भए ती प्रावधानहरू सिफारिस गर्ने र आवश्य देखिएमा नयाँ कानून लागू गराउन या प्रचलित कानून संशोधन गर्न र प्रशासनिक उपायहरू लागू वा संशोधन गर्न सिफारिस गर्ने।

- जुनसुकै अवस्थामा मानवअधिकार उल्लंघनको जुनसुकै विषयलाई यसले आफै उठाउने र निर्णय गर्ने।
- सामान्य तथा विशेष रूपमा मानवअधिकारका सन्दर्भमा राष्ट्रिय अवस्थामाथि प्रतिवेदनहरू तयार गर्ने।
- मानवअधिकारको उल्लंघन भएको अवस्थातर्फ सरकारको ध्यानाकर्षण गराई त्यस्तो अवस्थाको अन्त्य गर्नका लागि आवश्यक पाइला चाल्न प्रस्ताव गर्ने र आवश्यकता अनुरूप सरकारको स्थिति र प्रतिक्रियाहरू उपर विचार व्यक्त गर्ने।

(ख) मुलुक राज्यपक्ष रहेका मानवअधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरू र राष्ट्रिय कानून, नियम र प्रचलनहरू बीच एकरूपता कायम गर्ने, बढाउने र त्यसको प्रभावकारी कार्यान्वयनलाई प्रवर्द्धन र सुनिश्चित गर्ने।

(ग) उल्लेखित दस्तावेजहरू वा उपकरणहरूको सम्मिलन, अनुमोदन गर्न वा गराउनको लागि प्रेरित गर्ने र तिनको प्रचलन गराउने तर्फ निश्चितता दिने।

(घ) राष्ट्र संघीय निकाय र सम्बन्धित समितिहरूमा, क्षेत्रीय संस्थाहरूमा पेश गरिनु पर्ने अवस्था भएका प्रतिवेदनहरूको सम्झौता अनुरूपको दायित्वमा योगदान गर्नु र आवश्यक परे यस्ता संस्थाहरूको स्वतन्त्रताका लागि सो विषयमा आफ्नो विचार व्यक्त गर्ने।

(ङ) मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा समर्थ संयुक्त राष्ट्र संघ र यस व्यवस्थाका अन्य संगठनहरू, क्षेत्रीय संस्थाहरू र देशभित्रका राष्ट्रिय संस्थाहरूसित सहयोगको आदान प्रदान गर्ने।

(च) मानवअधिकारको शिक्षा तथा खोज अनुसन्धानको तर्जुमा गर्न सहयोग गर्नु र तिनीहरूलाई विद्यालय, विश्वविद्यालय र व्यवसायिक क्षेत्रमा कार्यान्वयन गर्ने कार्यमा सहभागी हुने।

(छ) मानवअधिकार र सबै खालका भेदभावहरू, विशेष गरी जातीय भेदभाव विरूद्ध लड्ने प्रयत्नहरूलाई अभिवृद्धि गर्न विशेषत सूचना र शिक्षाको माध्यमबाट जनजागरण बढाउने तथा प्रेस जगतको उपयोग गरी प्रचार-प्रसार गर्ने।

**संस्थाको गठन एवं स्वतन्त्रता र बहुदलवादको प्रत्याभूति**

१.राष्ट्रिय संस्थाको गठन र यसका सदस्यहरूको निर्वाचन वा अरू नै तरिकाबाट

हुने नियुक्त, समाजका शक्तिहरूको बहुलवादी प्रतिनिधित्वलाई निश्चित गर्ने आवश्यक सम्पूर्ण प्रयत्न गर्ने कार्यविधि अनुसार स्थापित हुनेछ। समाजका शक्तिहरू (नागरिक जीवनका), जो मानवअधिकारको अभिवृद्धि र संरक्षणका लागि सहभागी हुन्छन्, सित विशेष गरी अधिकारवालाहरूले प्रभावकारी सरसहयोग स्थापना गर्न संस्थालाई सवल तुल्याउनु पर्छ। अथवा,

(क) मानवअधिकारप्रति जिम्मेवार गैरसरकारी संस्थाहरू र जातीय भेदभावसित लडिरहेका, ट्रेड युनियन, सम्बन्धित पेशागत र सामाजिक संस्थाहरू जस्तै वकीलहरू, डाक्टरहरू र ख्यातिप्राप्त वैज्ञानिकहरूका संगठनहरू,

(ख) दार्शनिक तथा आर्थिक विचारका प्रवृत्तिहरू,

(ग) विश्वविद्यालय र योग्य विशेषज्ञहरू,

(घ) संसद्,

(ङ) सरकारी विभागहरू (यिनीहरू समावेश भएमा यी प्रतिनिधिहरूले सल्लाहकारको हैसियतमा मात्र सहभागी हुनुपर्नेछ) का प्रतिनिधिहरूको उपस्थिति मार्फत।

२.राष्ट्रिय संस्थाहरूको ढाँचा आफ्ना गतिविधिहरू छिटो-छरितो रूपमा निश्चित र जायज कोषबाट संचालन गर्नसक्ने हुनु पर्नेछ। कोषको उद्देश्य कर्मचारी र संस्थाका प्रतिज्ञाहरूलाई सरकारबाट स्वतन्त्र राख्न र यसको स्वतन्त्रतालाई असर पुग्ने आर्थिक नियन्त्रणको शिकार हुनबाट जोगाउन सक्षम हुन पर्नेछ।

३. संस्थाका सदस्यहरूको स्थायित्व र कार्यक्षेत्र निश्चित तुल्याउन उनीहरूको नियुक्ति आधिकारिक कानूनबाट खास अवधिको लागि गरिनु पर्नेछ। स्थायित्व र निश्चित कार्यक्षेत्रको अभावमा वास्तविक स्वतन्त्रताको अस्तित्व रहन सक्दैन। यस्तो हक-दायरा संस्थाको बहुलवादी सदस्यतालाई सुनिश्चितता दिनका लागि नवीकरण गर्न सकिनेछ।

### संचालन विधि

#### राष्ट्रिय संस्था संचालनको ढाँचामा

(क) सरकारले पेश गरेका वा उच्च निकायलाई नसोधिकन उठाइएका, यसका सदस्यहरूद्वारा प्रस्तावित वा अरू कुनै निवेदकका जुनसुकै सवालमा निर्वाध विचार गर्न,

(ख) जुनसुकै व्यक्तिको सुनवाइ गर्न र आफ्नो कार्यक्षेत्र भित्र पर्ने कुनै दस्तावेज र अन्य कुनै सूचना प्राप्त गर्न,

(ग) विशेषतः यसका विचार वा सिफारिसहरू प्रचार-प्रसार गर्नका लागि प्रत्यक्ष वा प्रेस मार्फत विचार सार्वजनिक गर्न,

(घ) नियमित रूपमा र आवश्यकता अनुसार यसका सबै सदस्यहरू भेला गरी सभा/बैठक गर्न,

(ङ) आवश्यकता अनुसार सदस्यहरूमध्येबाट कार्य समूह स्थापना गर्न र सहयोगका लागि कार्य विभाजन गरी स्थानीय तथा क्षेत्रीय शाखाहरू स्थापना गर्न,

(च) क्षेत्राधिकारले वा अन्य रूपले मानवअधिकारको अभिवृद्धि र संरक्षणका लागि विशेष रूपमा न्यायाधिकरण, माध्यम र त्यस्तै खालका संस्थाहरू जस्ता निकायहरू बीच सरसल्लाह पुऱ्याउन,

(छ) आधारभूत भूमिका खेल्ने गैर-सरकारी संस्थाका दृष्टिले राष्ट्रिय संस्थाका कार्यहरू विस्तार गर्ने गरी मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने कार्य विकास गर्न, सामाजिक र आर्थिक विकासका लागि जातिभेद विरूद्ध लड्न, पृथकीकृत समूह - वालक, विस्थापित श्रमिक, शरणार्थी, शारीरिक र मानसिकरूपले असक्षम व्यक्तिहरूको संरक्षण वा विशेषीकृत क्षेत्रसित सम्बन्ध विस्तार गर्न, हुनेछ।

*आधारभूत भूमिका खेल्ने गैर-सरकारी संस्थाका दृष्टिले राष्ट्रिय संस्थाका कार्यहरू विस्तार गर्ने गरी मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने कार्य विकास गर्न, सामाजिक र आर्थिक विकासका लागि जातिभेद विरूद्ध लड्न, पृथकीकृत समूह - वालक, विस्थापित श्रमिक, शरणार्थी, शारीरिक र मानसिकरूपले असक्षम व्यक्तिहरूको संरक्षण वा विशेषीकृत क्षेत्रसित सम्बन्ध विस्तार गर्ने आयोगको संचालन विधि हुनेछ।*

### अर्ध-न्यायिक आयोगको हैसियतसित सरोकार राख्ने थप सिद्धान्तहरू -

राष्ट्रिय संस्था व्यक्तिगत अवस्थासित सरोकार राख्ने निवेदन र उजुरीहरूमाथि विचार गर्न र सुनवाइ गर्न पनि अधिकारप्राप्त हुनसक्छ। यस समक्ष व्यक्तिहरू, उनीहरूका प्रतिनिधिहरू, तेस्रो पक्ष, गैरसरकारी संगठनहरू, ट्रेड युनियनका संघहरू वा अन्य कुनै प्रतिनिधि संस्थाहरूले मामिलाहरू ल्याउन सक्छन्। यस्तो परिस्थितिमा माथि उल्लेखित सिद्धान्तहरूसित विनापूर्वाग्रह अन्य आयोगहरूको अधिकारलाई समेत विचार गरी तिनीहरूलाई कामहरू सुम्पदा निम्न सिद्धान्तहरूमा आधारित हुन सकिनेछ।

(क) पहल गरेर वा कानूनले तोकेको सीमामा रही निर्णय गर्ने वा आवश्यकता अनुसार गोपनीयताको आधारमा सौहार्दपूर्ण समाधान खोजी गर्ने।

(ख) निवेदनकर्ता पक्षलाई उसका अधिकारहरूको बारेमा खास गरी उसलाई प्राप्त उपचारहरूको बारेमा र तिनीहरूतर्फ उसको पहुँच बढाउने कुरामा जानकारी गराउने।

(ग) जुनसुकै उजुरी वा निवेदन सुन्ने र तिनीहरूलाई सक्षम निकायमा कानूनमा तोकिए बमोजिम गरी हस्तान्तरण गर्ने।

(घ) सक्षम निकायमा, विशेष गरी कानून, नियम, प्रशासनिक व्यवहारको संशोधन वा सुधार गर्नका लागि सिफारिस गर्ने। खास गरी जसले समस्या खडा नगरी निवेदक वा उजुरवालाहरूको हक किटान गर्न अप्ठ्यारो पारेका छन्। तिनीहरूको व्यवहारमा सुधार गर्न सिफारिश गर्ने।

# भयानक गाईजात्रा

- कुन्दन अर्याल -

गाईजात्रा भयानक हुँदैन थियो। गाईजात्राको शुरूवात नै रमाइलोका लागि भएको थियो। तर भाँडभैलो र जथाभाविलाई रमाइलो मानियो। र त्यस्तै त्यस्तै हरेक काम-कारवाही अनि प्रवृत्तिलाई गाईजात्रा भन्न थालियो।

अहिले भयानक गाईजात्राको सूत्रपात भएको छ। पद्मरत्न तुलाधरले के भने ? शब्दमा उनले के भने एकथरी त्यसैतिर दौडिएका छन्। उनको आशय के थियो ? उनको संकेत के थियो ? त्यसलाई लुकाउन एउटा जात्राको शुरूवात गरिएको छ।

न पद्मरत्नले सारा गाई जगतको नाश गर्ने परशुराम-संकल्प गरेका थिए, न गाईको रक्षा गर्न पद्मरत्नको टाउको काट्ने हुँकार गर्नु पर्थ्यो। पद्मरतनले जुन सवाल उठाएका छन् - त्यसलाई आजको भयानक गाईजात्राले टुंगो लगाउन सक्दैन। छयालीसको निर्णायक पञ्चायत विरोधी आन्दोलनमा हिन्दू, गैर हिन्दू सबैको सहभागिता, सक्रिय सहभागिता रहेको थियो। र आन्दोलनमा रगत बगाउँदै कांग्रेस-कम्युनिष्ट सबैले भनेका थिए - बहुदलीय व्यवस्था त कुनै धर्म सापेक्ष हुँदैन। त्यसबेला भनिएको थियो - भारतमा पनि अस्सी प्रतिशत हिन्दू छन्, तर प्रजातन्त्र कुनै धर्मसंग टाँस्सिएको छैन। तर जब संविधान बन्यो - प्रजातन्त्र र मौलिक अधिकारका क्षेत्रमा धेरै कुरो राम्रोसंग स्थापित भए पनि नेपाललाई फेरी धर्मसापेक्ष बनाइयो। धोका त्यहीं भयो, पञ्चायतकालीन संविधानको जलाउन ठीक पारिएको प्रावधान फेरी स्थापित गरी धोकाधडी त्यहीं गरियो।

अनि आज "हिन्दू अधिराज्य" का मठाधीशहरूले प्रजातन्त्र र मानवअधिकारको खुलेआम मजाक उडाउने छूट पाएका छन्। पद्मरत्नले धर्म निरपेक्षताको दिशामा सोच्नसम्म एउटा अति नम्र र प्रष्ट भन्ने हो भन्ने अति त्रसित मनस्थितिमा निवेदन गरेका थिए। तर विचारमाथि मन्थन गर्ने हिम्मत मठाधीशहरूको भएन। पद्मरत्नलाई खतम गरिदिने शंखघोष भयो।

आखिर पद्मरत्नले भने - मैले कसैको चित्त दुखाएको रहेछु भने माफी पाउँ। तर उनले त माफी पनि नपाउने भए। दावीका साथ भन्न सकिन्छ उनले आफ्नो नम्र प्रस्तावलाई कडाभन्दा कडा रूपमा उठाउँदै जाने हो भने पनि - एकथरी जमात मजैले उनका पछि लाग्ने छन्। नेपाल बन्दको आव्हान तिनीहरूले पनि गर्न सक्नेछन्। नेपाल सबै अर्थमा बहुलवादी देश हो भन्ने तिनीहरूले बुझ्नु पर्छ। तर तुलाधरले सहिष्णुता देखाएर माफी मागे।

जबकी तुलाधरको माफी र भयानक गाईजात्रा यथार्थबाट टाउको लुकाउने सुतुरमुर्गी चाल मात्र हो। पद्मरत्नले बोल्न चाडो गरे होलान् यो कुरो मान्न सकिन्छ। तर एउटा प्रजातान्त्रिक मुलुकमा कसैले कुनै नौलो कुरामा, ध्यान नपुर्‍याइएको सवालमा सबैको ध्यानाकर्षण गराउन खोज्दा के अपराध ठहर्छ ? यस्तो विचारको उपयुक्त वैचारिक खण्डन भएको भए ठीक थियो। तर आजको युगमा कसैले केही बोल्दैमा यत्रो वितण्डा मच्याउनु पृथ्वी गोलो छ भन्दा मृत्युदण्ड दिनुभन्दा फरक छैन।

सलमान रूस्दीले सटानिक भर्सेज लेखे - कट्टरपन्थीहरूले हडकम्प मच्याए। उनले भने - मैले कसैको चित्त दुखाएको भए माफी चाहन्छु। तर रूस्दीको विनय सुनिएन। उनका वरिपरी मृत्युका चक्रहरू छोडिए।

तसलीमा नसरिनले लज्जा मार्फत एउटा सत्यको उद्घाटन गरिन। उनलाई पनि मृत्युको सन्देश सुनाइयो। उनले पनि भनिन् कसैको चित्त दुःखेको भए माफी चाहन्छु। तर उनको कुरो सुनिएन। र उनले मातृभूमिबाट पलायन हुनुपर्‍यो।

रूस्दी र नसरीनका पक्षमा हामीले नेपालमा पनि आवाज घन्कायौं - कट्टरपन्थीहरू पछाडि हट। कति निरीह छौं आज हामी पद्मरत्नका पछाडि स्वदेशमै कट्टरताको सुदर्शन चक्र छोडिंदा पनि केही बोल्न सकि रहेका छैनौं ?



गाईको रक्षा गर्नु र पद्मरत्नलाई लखेट्नु फरक कुरा हुन्। गाईको रक्षा गर्न तम्सिनेहरूले नयाँ नयाँ गौशालाहरू धमाधम खोल्ने योजना बनाउनु सुहाउला। तर गाईको रक्षाका लागि जुलुस् ? मानौं नेपालमा एकातिरबाट गाई काट्न खुँडाधारीहरूको जुलुस आइरहेको छ। यी सबबाट प्रष्ट हुन्छ, हामी गाई बचाउने नियत देखिरहेका छैनौं। हामी त कट्टरतावादको नाङ्गो नाच देखिरहेका छौं। पद्मरत्नले त विनम्र ढंगले सोधेका मात्र थिए - एउटा जनावरको मासुका बारेमा। कट्टरतावादले केही सोध्दैन - ठाडै मान्छेको मासु खान्छ। धार्मिक कट्टरतावादको दाह्रा सिन्काले कोट्याएर हेर्ने हिम्मत हामीमा छैन ? अहिलेको भयानक गाईजात्राको नेपथ्यमा कट्टरतावादको कति लामो दाह्रा छ ? के हाम्रो नियति त्यही दाह्राको दर्शन पर्खेर बस्नु मात्र हो।

का.जि.का.द.नं. २१/४९/५०

# कमैया प्रथाः प्रजातान्त्रिक नेपालको लाजमर्दो यथार्थ हो।



1MAY'95

# हाम्रो कामको अवधि र ज्याला निश्चित गरियोस्।

**THE KAMAIYA SYSTEM IS ONE KIND OF BONDED LABOUR SYSTEM, AND BONDED LABOUR SYSTEM IS A TYPE OF SLAVERY.**

**LET US END SLAVERY OF ANY TYPE !**

**WE WANT OUR FIXED WAGE AND WORKING HOURS!**

१ मई १९९५
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलकी, काठमाडौं।

INFORMAL SECTOR SERVICE CENTRE
(INSEC)